साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३२ ✪ अङ्क ४५ ✪ ९ मङ्सिर २०८२, मङ्गलबार ✪ 25 November, 2025, Tuesday ✪ मूल्य रू. १०।-

# विस्तृत शान्ति सम्झौताको १९ वर्ष : माओवादीको अवसान !

तत्कालीन शान्तिपूर्ण आन्दोलनरत सात राजनैतिक दलहरू नेका, एमाले, नेका (प्र), नेमकिपा, जनमोर्चा नेपाल, बाम मोर्चा र नेसपा (आनन्ददेवी) को समर्थनमा बनेको सरकार र सशस्त्र सङ्घर्षरत माओवादीबिच विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष पूरा भयो । २०६३ साल मङ्सिर ५ गते सरकारको तर्फबाट तत्कालीन सरकार प्रमुख गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डले उक्त सम्झौतामा हस्ताक्षर गरेका थिए । सम्झौतामा राजनैतिक, आर्थिक, सामाजिक रूपान्तरण र द्वन्द्वको व्यवस्थापन, सेना र हातहतियारको व्यवस्थापन, माओवादी र नेपाली सेनासम्बन्धी, युद्धको अन्त्य र पीडितहरूको परिपूरणको विषय उल्लेख थियो ।

माओवादी शान्ति प्रक्रियामा आइसकेको दुई दशक भयो । यस अवधिमा माओवादी नेतृत्वमा पटक पटक सरकार पनि बने । प्रचण्डले धेरै पटक सरकारको नेतृत्व गरिसके भने बाबुराम भट्टराई पनि एकपटक प्रधानमन्त्री बने । तर अहिलेसम्म माओवादी र सरकारबिच भएको सशस्त्र द्वन्द्वका पीडितहरूको समस्या सम्बोधन हुन सकेको छैन । द्वन्द्वमा हत्या, बलात्कार, अङ्गभङ्ग र बेपत्ता भएकाहरूको सम्बन्धमा छानबिन गर्न पटक पटक आयोगहरू बने । ती आयोगहरूले समय समयमा सूचना प्रकाशित गरी पीडितहरूको विवरण सङ्कलन पनि गरे तर पीडितहरूलाई रोजगारी, क्षतिपूर्ति दिने तथा पीडकहरूलाई कानुनबमोजिम सजाय दिने प्रक्रिया अगाडि बढाउन सकेको छैन ।

२०६३ सालपछि सबभन्दा बढी सरकारमा पुगेका कुनै दल छ भने त्यो माओवादी नै हो । माओवादी पटक पटक सरकारमा गएर पनि पीडितहरूको समस्याबारे ध्यान नदिएको कारण अहिले कतिपय पीडितहरूले न्याय पाउने आशा पनि मारिसकेका छन् । द्वन्द्वमा घाइते भएका कयौं माओवादी लडाकूहरू अपाङ्ग शरीर लिएर कष्टकर जीवन बिताइरहेका छन् भने कति उपचारको अभावमा तड्पिरहेका छन् । कयौं लडाकुहरू खाडीको ५० डिग्रीभन्दा बढी तापक्रममा गएर पसिना बगाइरहेका छन् । कयौंले 'देशको निम्ति रगत बगाउन तयार

बाँकी पृष्ठ ११ मा

# सरकारहरू धेरै बने पनि कसैले देश र जनताको हितमा काम नगरेको दाबी




भक्तपुर । "जनताको भावना या अभिमत बुझ्न पनि निर्वाचन आवश्यक छ । जनताले निर्वाचनमा भाग लिनुपर्दछ । यसअगाडि धेरै सरकार बने तर कसैले पनि राम्रो काम गरेन । संसद् पुनःस्थापना भएर उस्तै सरकार बने पनि काम हुन्छ भनी कसरी विश्वास गर्ने ?"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) ले नेपालभाषा साहित्य तःमुंज्याद्वारा मङ्सिर ६ गते आयोजित पुरस्कार तथा मायाको चिनो वितरण कार्यक्रममा राख्नुभएको हो ।

राजनीतिक कार्यकर्ताहरू जिल्ला जिल्लामा गएर विभिन्न जाति र भाषा जनताको सेवा गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पैसा र सामान बाँडेर, लोभ देखाएर होइन दलको सिद्धान्त र विचार जनतामाझ पुऱ्याएर जनताको भोट प्राप्त गर्नुपर्ने बताउनुभयो ।

पैसा र सामान बाँडेर जितेका सांसद या जनप्रतिनिधिहरूले जनताको भावनाअनुसार सेवा नगर्ने उल्टो निर्वाचनमा भएको खर्च उठाउन अनेक भ्रष्टाचार र अनियमितता गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "राजनीति एक क्षण, एक समयको निम्ति होइन लामो समयसम्म गर्ने प्रतिबद्धता जरुरी छ । महिलालाई राजनीतिक रूपमा प्रशिक्षित गर्न सके मात्र सन्तानहरू पनि प्रशिक्षित हुनेछन् ।"

देशमै अध्ययन र रोजगारीको बन्दोबस्त गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले विदेशमा पढ्न गए पनि आफ्नो ज्ञान, अनुभव र सीप स्वदेशमै उपयोग गर्न फिर्ता हुनुपर्ने आवश्यकता छ ।

नेमकिपाका सचिव प्रेम सुवालले सरकारमा पुगेकाहरू को को लेण्डुप दोर्जे हुने हुन् भनी नेमकिपाले सडक र संसद्मा प्रश्न उठाउँदै आएको औंल्याउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्ती र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि खारेजीको विषय र अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता नेपालको हितविपरीत भएको विषय पनि नेमकिपाले उठाउँदै आएको हो ।"

"सरकारमा गएका दलहरूको आर्थिक विषय सार्वजनिक संस्थान निजीकरणको नाममा विदेशीलाई बिक्री गर्ने भयो । सरकारहरूले ३०-३५ वर्षयता ३१ वटा बढी सार्वजनिक संस्थान निजीकरणको नाममा बिक्री गरे । वर्तमान सरकारले पनि ११ ओटा

बाँकी पृष्ठ १२ मा

# युवाहरू पुरानो पुँजीवादी विचार त्यागेर नयाँ समाजवादी विचारमा लाग्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर ट्रक व्यवसायी सङ्घको २६ औं वार्षिक साधारणसभा एक विशेष समारोहबिच मङ्सिर ५ गते समुद्घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले भक्तपुर ट्रक व्यवसायी सङ्घले आफ्नो व्यावसायिक हितबाहेक देश र जनताको थप सेवा गर्ने विश्वास व्यक्त गर्दै उहाँले देशको समुन्नत विकास गर्न राजनीतिक नेतृत्व आ-आफ्नो क्षेत्रमा जनतासँगै बस्नु जरुरी हुने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारहरूले विदेशी गाडी आयातमा भन्सार कर उठाउने र मदिरा तथा सुर्तीजन्य वस्तु उत्पादनमा अन्त शुल्क लगाउने नै आम्दानीको मुख्य स्रोत बनाएको गलत हो । २० वर्षभन्दा पुरानो गाडीलाई चलाउन नपाउने व्यवस्था गर्नुभन्दा पार्टपुर्जा फेरेर पुनः सञ्चालन गर्न दिनु उपयुक्त हुने र यसले देशको बजेट बिदेसिन रोक्नेछ ।"

असल मानिस दैनिक गुजाराको अतिरिक्त सामाजिक कल्याणको कामहरू विद्यालय, कलेज, पुस्तकालय आदि स्थापनामा लाग्नु जरुरी भएको उहाँले बताउनुभयो ।

"वर्गीय समाजमा बन्द हडताल रोक्न सकिँदैन । परम्परागत विचारलाई त्यागेर नयाँ विचार लिने भन्नुको अर्थ उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी विचार अँगाल्नु हो", उहाँले थप्नुभयो ।

"भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नु जरुरी छ । ठुलठुला भ्रष्टाचारी, महिला बलात्कारपछि हत्या गर्नेलगायत मानव अधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई मृत्युदण्डको सजाय हुने कानुनी व्यवस्था जरुरी छ", उहाँले भन्नुभयो ।

सडक दुर्घटना न्यूनीकरण गर्न देशको सन्तुलित विकास गर्नु आवश्यक भएको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "सन् १९१७ मा सोभियत रुसमा अक्टोबर क्रान्ति भएपछि रुसको नेतृत्वले १८-२० वर्षमै देशलाई संसारको दोस्रो अर्थतन्त्रमा पुऱ्यायो । नेपालमा प्रजातन्त्र, बहुदल हुँदै गणतन्त्र आएको ७० वर्ष नाघ्यो । तर, सरकारहरूले सियो पनि बनाउन सकेनन् ।"

नेपाल मजदुर किसान पार्टीले पदभन्दा पनि देश र जनताको निःस्वार्थ सेवालाई जोड दिँदै आएको छ; वि.सं २०१९-२० सालदेखि नै पार्टीले भ्रष्टाचारको विरोध गर्दै आएको हो । तर, सरकारमा गएकाहरूले भ्रष्टाचार, पक्षपात, नातावादलाई चालु राखे, उहाँले थप्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले देशको प्राकृतिक स्रोत र साधनको सही उपयोग भए विकास हुने विश्वास व्यक्त गर्दै भक्तपुरलाई सभ्य, सफा र सम्पदा संरक्षित नगरपालिका बनाउन जुटिरहेको बताउनुभयो ।

भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन आवश्यक पूर्वाधार तयार गरिरहेको उल्लेख गर्दै उहाँले विभिन्न विषयका विशेषज्ञ तयार गर्न भूगोल, इतिहास, संस्कृति विषयमा नगरपालिकाले विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्दै आएको जानकारी दिनुभयो ।

बाँकी पृष्ठ १२ मा

# "जनतालाई धोका दिनेले एकदिन जनतासँग माफी माग्नुपर्नेछ"




दैलेख । नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिको तेस्रो नगर सम्मेलन मङ्सिर ७ गते सम्पन्न भयो । कार्यक्रममा नेमकिपाका केन्द्रीय सचिवालय सदस्य नन्दबहादुर शाहीले राजनीतिक कार्यकर्ताहरूले हरेक विषयमा जानकारी राख्नुपर्ने बताउनुभयो ।

नेमकिपाले पदमा पुग्न, सेवा सुविधा लिन राजनीति गरेको नभई सम्पूर्ण जनताको जीवनस्तर उठाउन राजनीति गरेको हो, उहाँले भन्नुभयो ।

बाँकी पृष्ठ ११ मा

# जुम्लामा नेमकिपाको भेटघाट अभियान चालु

जुम्ला । तिला गाउँपालिका वडा नं. ९ स्थित ढेपु गाउँमा मङ्सिर ८ गते जनतासँग भेटघाट कार्यक्रम भयो ।

उक्त भेटघाट कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले शिक्षा र स्वास्थ्य सेवा निःशुल्क हुनुपर्नेमा जोड दिनुभयो ।

समाजमा परिवर्तनको निम्ति बहुमत जनता सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले नेमकिपा समाजवादी प्रचार अभियानमा रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपा देश र जनताप्रति समर्पित छ । नेमकिपा सिद्धान्त र विचारको राजनीति गर्छ । नेमकिपा कहिले पनि पैसा बाँडेर, झूटा आश्वासन दिएर राजनीति गर्दैन ।"

भेटघाटमा नेमकिपा जुम्लाका जिल्ला अध्यक्ष पूर्णलाल खत्री, नरबहादुर बुढा, पूर्णबहादुर राउतले नेमकिपाको इतिहासबारे जानकारी दिँदै विदेशी हस्तक्षेप स्वीकार्य नहुने बताउनुभयो । स्थानीय जनताले नेमकिपाले सिद्धान्त र विचारको प्रशंसा गर्दै नेमकिपाको झन्डामुनि रहेर राजनीति गर्ने आश्वस्त पारेका थिए ।

त्यस्तै जुम्लाकोट गाउँपालिकाको वडा नं. ८ र ६ वडाका जनतासँग आइतबार नेमकिपाका नेता तथा कार्यकर्ताहरूको भेटघाट कार्यक्रम भयो ।

उक्त भेटघाटमा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले देशमा समाजवाद स्थापना नभएसम्म कामदारवर्गका जनताले सुख नपाउने विचार व्यक्त गर्नुभयो ।

पुँजीपतिवर्गको सरकारले कहिले पनि श्रमजीवी जनताको सेवा नगर्ने हुँदा नेमकिपा समाजवादी गणतन्त्र स्थापनाको निम्ति सङ्घर्षरत रहेको विचार व्यक्त गर्नुभयो ।

पुँजीवादी दलका नेताहरूले जनता जनता जुधाएर फाइदा लिइरहेको चर्चा गर्दै उहाँले नेमकिपाले पुँजीवाद र समाजवादको भेदबारे जनतामाझ स्पष्ट पार्दै आएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा जुम्ला जिल्ला समितिका अध्यक्ष पूर्णलाल खत्रीले बहुमत जनताको हितको निम्ति नेमकिपाले इमानदारीपूर्वक काम गरिरहेको प्रकाश पार्नुभयो ।

यसैबिच सोही दिन देउराली माविका शिक्षक र विद्यार्थीहरूबिच अन्तरक्रियात्मक कार्यक्रम भयो ।

सो अवसरमा केन्द्रीय सदस्य काफ्लेले सरकारी विद्यालय जनताको विद्यालय हो; विद्यार्थीहरूको भविष्य जीवन सुनिश्चित गर्न गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "हरेक शिक्षकले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । 'सरकारको काम कहिले जाला घाम' मा अल्झेर शिक्षकहरू लाग्नु हुँदैन ।"

जुम्लामा 'नेमकिपासँग जनताको भेटघाट' अभियान चालु छ । शनिबार पनि तिला गाउँपालिकाको वडा नं. ८ स्थित पुरू गाउँमा जनतासँग भेटघाट कार्यक्रम भयो । उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद

बाँकी पृष्ठ ११ मा



तिनीहरू भन्छन् कि पारोहहरू (प्राचीन मिश्रका राजाहरू) ले पिरामिड बनाए । तपाईँलाई लाग्छ कि कुनै पारोहले एउटा पनि ढुङ्गा राखे होलान् ? हामी कामदारवर्गका जनताले पारोहहरूका लागि पिरामिड बनाउँछौँ र आजपर्यन्त बनाइरहेका छौँ ।

**अन्ना लुइस स्ट्रङ** (क्रान्तिकारी पत्रकार)

## सम्पादकीय

# नयाँ विचारको विकल्प ‘नयाँ पुस्ता’ होइन

पूर्वी युरोपेली समाजवादी देशहरू (पूर्वी जर्मनी, पोल्यान्ड, चेकोस्लोभिया, हंगेरी, रोमानिया, योगोस्लाविया, बुल्गेरिया र अल्बानिया) लाई ‘नयाँ विचार’ को नाममा दोस्रो विश्वयुद्धपछि ती समाजवादी देशहरूका सत्ताबाट फालिएका सामन्तवादी (जातिवादी) र पुँजीवादी तत्त्वहरूलाई संयुक्त राज्य अमेरिका र नाटोका युरोपेली साम्राज्यवादी शक्तिहरूले उचालेर सोभियत समर्थक सत्ताहरूलाई एकएक गरेर ती देशहरूमा पुँजीवादको पुनः स्थापना गरे । त्यसबेलाका सोभियत सङ्घको पार्टीको महासचिव निकिता ख्रुश्चेभ गुटको संशोधनवादी नेताहरूले अमेरिकी साम्राज्यवादको आणविक युद्धको धम्कीबाट तर्सेर ती देशका संशोधनवादी नेतृत्वले आत्मसमर्पण गऱ्यो । (संशोधनवादको अर्थ - मुखमा ‘कम्युनिस्ट’ र समाजवादी आन्दोलनमा घुसेका पुँजीवादी विचारका नेतृत्व हुन् ।) यसरी त्यसबेलाको ख्रुश्चेभी संशोधनवादी नेतृत्वले अमेरिकी साम्राज्यवादको आणविक धम्कीको अगाडि आत्मसमर्पण गरेको थियो ।

ख्रुश्चेभपछि पनि ‘गोर्भाचोभ’ सम्मको सोभियत नेतृत्व संशोधनवादी वा पुँजीवादी विचार के भयो, त्यही कुरालाई बुझेरै नाटो शक्तिले सोभियत सङ्घको पश्चिमका समाजवादी गणतन्त्रहरू (इस्टोनिया, लिथुआनिया, बेलारुस, युक्रेन र मोल्डाभिया) मा ‘नयाँ पुस्ता’ को नाममा मोबाइल र अन्य विद्युतीय प्रचार यन्त्रहरू, भ्वाइस अफ अमेरिका र गैरसरकारी संस्थाहरू (एनजीओ) मार्फत समाजवादी विचारको विरोधमा पुरानै पुँजीवादी र सङ्कीर्ण राष्ट्रवादमा वा जातीय विषयहरूलाई लिएर सोभियत सङ्घबाट अलग हुने जातिवादी र अन्धराष्ट्रवादी विचारका विद्रोहहरू फैलायो ।

त्यसबेलाका संशोधनवादी सोभियत नेतृत्वले सजिलैसित नाटो र अमेरिकी साम्राज्यवादको धम्कीको अगाडि आत्मसमर्पण गर्दै गयो ।

साम्राज्यवादीहरू झन्झन् उत्साहित हुँदै सोभियत सङ्घको दक्षिण पश्चिमका गणतन्त्रहरू जर्जिया, आर्मेनिया, अजरबैजान र तुर्कमेनियामा पनि सोभियत सङ्घबाट टुक्रिने र टुक्राउने जालसाजी गर्दै गए । सन् १९९० सम्ममा गोर्भाचोभको पुँजीवादी नेतृत्वले सोभियत सङ्घको दक्षिणको मुसलमान धर्म मान्ने गणतन्त्रहरू उजेकिस्तान, कजाकिस्तान, किर्गिस्तान र ताजकिस्तानसमेत टुक्र्याइयो । अन्तमा सोभियत सङ्घमा पुँजीवादको पुनः स्थापनाको घोषणा गर्‍यो र सोभियत कम्युनिस्ट पार्टी पनि विघटन गरेको घोषणा गर्‍यो । त्यहाँ बोल्सेविक कम्युनिस्टहरू ब्युँझँदा धेरै कमजोर भइसकेका थिए ।

नेपालमा बारम्बार सरकारको नेतृत्व गर्ने ‘कम्युनिस्ट भनिने एमाले’, ‘माओवादी’, ‘जनमोर्चा’ आदि वामपन्थी भनिने ‘कम्युनिस्ट’ दलहरू ख्रुश्चेभी र गोर्भाचोभका विचारका पिछलग्गु साबित भए, तिनीहरू हाकाहाकी ‘भाइ काङ्ग्रेस’ भए तिनीहरूले ‘निर्माण गरेको संविधान’ लाई भारतीय विस्तारवादले नाकाबन्दी गरेर वा पूर्वन्यायाधीशहरूलाई ‘प्रधानमन्त्री’ बनाउन बाध्य पार्दै प्रजातान्त्रिक संविधानलाई व्यवहारमा अमान्य घोषणा गरेर देखायो ।

‘नयाँ पुस्ता’ (जेन-जी) को नाममा संसद् भवन, सिंहदरबार र सर्वोच्च अदालतका भवनहरूमा गरेको आगलागीको अर्थ नेपालको ‘विधानपालिका’ ‘कार्यपालिका’ र ‘न्यायपालिका’लाई अस्वीकार गरेको ‘प्रतीक’ को रूपमा बुझ्नेहरूले लिएका छन् । ‘नयाँ पुस्ता’ वा ‘जेन-जी’ मा घुसपैठीलाई देखाएर देशभरमा सरकारी भवनहरूमा गरेको आगलागी नेपालभन्दा बाहिरी शक्ति देखाएको एक सङ्केतात्मक हाँक हो - “नेपालका शासकहरू तिमीहरूको औकात यही हो ।”

केही दिनअगाडि अमेरिकी राष्ट्रपति ट्रम्पका धनाढ्य साथीले हाकाहाकी भने, “नेपाल एक भ्रष्टाचारी देश हो’, यो देशमा आफ्नो कम्पनीले स्वीकृति लिन दर्खास्त हाल्दैन ।” सरकार मौन !

ती धनाढ्यको भनाइ आगलागीहरूभन्दा ‘नैतिक हाँक’ हो । के पूर्वप्रम ओली, शेरबहादुर देउवा, प्रचण्ड र सरकारका पूर्वमन्त्रीहरू र तिनीहरूले विदेशीहरूका त्यस्ता भ्रष्टाचारी आरोपलाई नैतिकरूपले जवाफ दिन सकेको खोइ ? १०/१२ वर्षसम्म ठेक्काको नाममा पुल निर्माणलाई अलपत्र बनाएर १०-१५ वर्षसम्म दसौँ जिल्लाको यातायातलाई अवरुद्ध गर्दै सरकारमा बसेर जनताको करले भत्ता लिइरहेका मन्त्रीहरूले खोइ विदेशीहरूले दिएका त्यस्ता नैतिक हाँकको उत्तर ?

शासक दलहरूलाई अर्बौं पैसा खर्च गरेर चुनाव जित्न विरोध प्रदर्शन गर्न त सिकिसकेकै छन् । तर, देश र जनताको नैतिक स्तरलाई कायम गरेको खोइ ? नयाँ विचार खोइ ? ‘नयाँ पुस्ता’ लाई (जेन जी) उत्तर दिएको खोइ ?

# आजसम्मका प्रम र मन्त्रीहरू देश र जनताप्रति जिम्मेवार भएनन् !

● **प्रज्ज्वल**

प्रधानमन्त्री र मन्त्री भएकाहरू सहिद परिवार, घाइते र आन्दोलनकारीहरूसँग भेटघाट गरी समवेदना प्रकट गर्ने परम्परा पुरानो हो । २०४६ सालको आन्दोलनपछि सरकारमा गएका नेकाका प्रम कृष्णप्रसाद भट्टराई, एमालेका मन्त्री झलनाथ खनाललगायतले यस्तै गरेका थिए । २०६३ सालपछि माओवादीका प्रम दाहालले पनि यसलाई निरन्तरता दिए । प्रधानमन्त्री भएकाहरू काठमाडौँको सहिद गेटमा पुगेर फूलमाला चढाउने पनि पुरानो परम्परा हो ।

आन्दोलन दबाउनेहरूमाथि कारबाहीको लागि २०४६ साल र २०६३ सालपछि पनि छानबिन आयोग वा समिति गठन भएका थिए । गत भदौ २३ र २४ गतेको आन्दोलनमा ७६ जना सहिद भएको सार्वजनिक भयो । यसमध्ये दर्जन बढीको पहिचानसमेत अझै नखुलेको सार्वजनिक भयो । एमालेका तत्कालीन प्रम केपी शर्मा ओलीको सम्मति र सिफारिसमा गत भदौ २७ गते प्रम भएका सुशीला कार्कीको सरकारले पनि यसअघिजस्तै छानबिन आयोग बनायो तर यो आयोग पनि प्रभावकारी नहुने अनुमान गरिँदै छ ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता नेका, एमाले, राप्रपालगायतको ३० ओटा सरकार गठन भए । यस अवधिमा ती पार्टीका हजारौँ मानिस मन्त्री भए । यी सरकारहरूले ३५ वर्षअघि कायम रहेको ठूला भ्रष्टाचारी, महिला बलात्कारपछि हत्या, वैदेशिक रोजगारीको निहुँमा चेलीबेटी बेचबिखनलगायत मानवअधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई मृत्युदण्डसमेतको सजाय हुने कानुनी व्यवस्था हटाए । यसको अर्थ सरकारले आफ्नो पालामा भ्रष्टाचार गराएर कुम्ल्याउने किन होइन ?

प्रधानमन्त्री सुशीला कार्की प्रम हुनुअघि भदौ २४ गते बिहान ८ बजेतिर भावी गृहमन्त्री ओमप्रकाश अर्यालसहितलाई साथमा लिएर वानेश्वरस्थित सिभिल अस्पतालमा घाइतेहरू भेट्न पुगेकी थिइन् । त्यहाँबाट निस्केर बानेश्वरमा कार्कीले पत्रकारहरूको जिज्ञासामा जवाफ दिँदै भनिन्, “नेकाका गृहमन्त्री रमेश लेखकको राजीनामाले पुग्दैन, उनलाई हत्याको जवाफदेही बनाएर कठघरामा उभ्याउनु आवश्यक छ ।”

भदौ २४ गते कार्की र अर्याल तथा सिभिल अस्पतालकै एक डाक्टर सिंह बानेश्वरस्थित संसद भवनको उत्तरपूर्वको एक घरमा बसेको सार्वजनिक भयो । दिनभर देशभरिको आगजनी सामाजिक सञ्जालसमेतमा हेरिरहेका तीनैजनालाई नेपाली सेनाले राति १ बजेतिर उद्धार गरेको पनि सार्वजनिक भयो । भदौ २६ गते राष्ट्रपति रामचन्द्र पौडेल र प्रधान सेनापति सिग्देल आफै सुपारीटारस्थित सैन्य ब्यारेकमा पुगेर तत्कालीन प्रम ओलीलाई नयाँ प्रम नियुक्ति गर्न सम्मति र सिफारिस गराए ।

एमालेका अध्यक्षसमेत रहेका ओलीले भदौ २४ गते अपराह्न २ बजे सेनामार्फत प्रधानमन्त्री पदबाट राजनीनामा दिएका थिए । राष्ट्रपतिले भदौ २६ गते नयाँ प्रम नियुक्तिसम्बन्धी छलफलमा माओवादीका पुष्पकमल दाहाल, पूर्वएमाले माधवकुमार नेपाल र नेकाका रमेश लेखकसहित ३ जनालाई राति ९-१० बजेतिर आफ्नो सरकारी निवासमा बोलाएका थिए । त्यतिबेला भावी प्रम कार्की र भावी गृहमन्त्री अर्याल राष्ट्रपति भवनको अर्को कोठामा थिए । राष्ट्रपति र प्रधानसेनापतिले दुवैतिरको छलफलअनुसार भदौ २७ गते सुशीला कार्कीलाई प्रम पदमा नियुक्ति गरे । सोही दिन प्रम कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गतेलाई निर्वाचन मिति घोषणा गरे । केही दिनपछि प्रम कार्कीले अर्याललाई गृहमन्त्रीमा नियुक्ति गरे ।

प्रम कार्कीले भदौ २४ गते बिहान बानेश्वरमा तत्कालीन गृहमन्त्री लेखकको राजीनामा भएर नपुग्ने हत्याको जिम्मेवार बनाई कठघरामा उभ्याउनुपर्ने दाबी गरे पनि चारदिन पछि उही लेखकसमेतको सम्मतिमा कार्की अन्तरिम सरकारको प्रम पदमा नियुक्ति भए । यसकारण, पनि यो सरकारले भदौ २३ र २४ गते दमन गर्नेहरूमाथि कारबाही गर्नेमा आशङ्का उत्पन्न भएको बताइन्छ ।

ओली सरकारका रक्षामन्त्री एमालेका मानवीर राईका अनुसार भदौ २४ गते बिहान ९ बजे प्रदर्शनकारीहरू नाराबाजीसहित मन्त्री निवास घेर्न आएको, एकघण्टापछि बिहान १० बजेतिर मन्त्री निवासबाट केही सामान नबोकाई सुरक्षाकर्मीले हेलिकप्टरमा बसालेर मन्त्री र तिनका परिवारसमेतलाई लगेको, त्यसपछि कार्की प्रम पदमा नियुक्ति नभएसम्म मन्त्रीहरूको मोवाइलसमेत खोसिएको बताए । भदौ २४ गते बिहानबाटै मन्त्रीहरूले प्रम ओलीसँग सम्पर्क गर्न पाएनन् । रक्षामन्त्री मानवीरको दाबी थियो । “प्रदर्शनकारीले ट्रयाकिङ गर्ने हुँदा सुरक्षा निकायबाट मोवाइल खोसिएको हुनुपर्दछ ।” रक्षामन्त्री राईलेसमेत भदौ २४ गतेयता १० दिनसम्म प्रधानमन्त्री र प्रधानसेनापतिसँग सम्पर्क गर्न पाएनन् । राईको स्पष्टीकरण थियो, “प्रधानमन्त्री र मन्त्री भएपछि जीउधन सुरक्षा निकायको हातमा हुने रहेछ । भदौ २४ गते स्थानीय प्रशासन (जिल्ला प्रशासन कार्यालय) र प्रहरीले सेना मागेको भए आगजनी नियन्त्रण हुने थियो तर मागेनन् । सेना खटिन राष्ट्रपतिको आदेशसमेत चाहिने हुन्छ ।”

एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री ओली अहिले प्रश्न गर्दै छन् - “फागुन २१ गते चुनाव गराउने सुशीला कार्की को हुन् ? प्रतिनिधिसभा पुन:स्थापना हुनुपर्दछ ।”

विघटित प्रतिनिधिसभामा एमाले दोस्रो दल थियो । दोस्रो दल एमाले प्रमुख विपक्षीको भूमिका निर्वाह गरी सरकारलाई जनविरोधी काम गर्न रोक्न लाग्नुपर्थ्यो । तर, एमालेले सुरुमा तेस्रो दल माओवादीका पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनायो । एक महिनामै प्रमुख विपक्षीको भूमिकामा पुगेको एमाले प्रभावकारी रूपमा सडक र संसद्मा उपस्थित भएन । उल्टो १४ महिनापछि नेकासँग मिलेर ओली डेढ वर्ष प्रम भए । ओलीको यो तेस्रो पटकको सरकारले पनि देश र जनताको हितमा कुनै काम गरेन । भदौ २३ गतेको प्रदर्शनमा गोली प्रहार भएपछि घुसपैठ भएकाहरूले भदौ २४ गते देशभरिका कयौँ सार्वजनिक सम्पत्तिमा समेत आगजनी गरे । यो एमालको पनि कमजोरी हो । त्यसो त सार्वजनिक सम्पत्तिमा आगजनी हुनुमा नेका, एमाले, माओवादी, रास्वपा, राप्रपाबाट सरकारमा गएका सबै जिम्मेवार छन् ।

भदौ २४ गते माओवादीले केही दललाई सिंहदरबारको बैठकमा बोलाएको थियो । उक्त दिन बिहान ११ बजे नै सिंहदरबार गेटमा आगो बाल्ने सुरु गरियो । माओवादीका दाहालले आफ्नी छोरी गंगालाई प्रधानसेनापतिसँग सम्पर्क गराए । दाहाललाई सिंहदरबारभित्रै सेनाको भवनमा सुरक्षित हुने बताइयो । दाहाल भदौ २४, २५ र २६ गते सिंहदरबारको सैन्य सुरक्षामा बसेका थिए । भदौ २४ गते दाहालले बोलाएको बैठकमा सहभागी माधव नेपाल पनि सोही दिन सुटुक्क सिंहदरबारको सैन्य सुरक्षामा पुगे । भदौ २६ गते राति ९ बजे सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने राष्ट्रपति निवासको बैठकमा भाग लिन दाहाल र माधव दुवै सैनिक सुरक्षाको गाडीमा पुगेका थिए ।

सुशीला कार्कीको सरकारले फागुन २१ गतेको चुनावमा विदेशमा रहेका र नेपालभित्रै निर्वाचनक्षेत्र बाहिर रहेका नेपालीलाई अनलाईन

*बाँकी पृष्ठ ११ मा*

# घाटाको बहानामा कलकारखाना निजीकरण गर्नु देशघात




**शुक्र**

भन्सार विभागले चालु आवको पहिलो चार महिना (साउनदेखि कार्तिक मसान्तसम्म) को आयात-निर्यातको तथ्याङ्क मङ्सिर ७ गते आइतबार सार्वजनिक गऱ्यो । तथ्याङ्कअनुसार यस वर्ष ६ खर्ब ९ अर्ब ४५ करोड रुपियाँको वस्तु आयात भयो भने ९३ अर्ब ४९ करोड रुपियाँको निर्यात भयो । यस वर्षको पहिलो चौमासिकमा मात्र ५ खर्ब १५ अर्ब ९५ करोड रुपियाँ व्यापार घाटा पुग्यो भने हालसम्मको व्यापार घाटा ७ खर्ब २ अर्ब ९४ करोड ७० लाख रुपियाँ पुग्यो ।

व्यापार घाटा बढ्नुको मुख्य कारण अधिक मात्रामा पेट्रोलियम पदार्थको आयात नै हो । ३१ अर्ब ८९ करोड १५ लाख रुपियाँको डिजेल, २२ अर्ब ३७ करोड रुपियाँको पेट्रोल, १८ अर्ब ८ करोड ३६ लाख रुपियाँको एलपी ग्यास गरी जम्मा ७२ अर्ब ३४ करोड ५१ लाख रुपियाँको पेट्रोलियम पदार्थ आयात भयो ।

नेपाल जलस्रोतमा विश्वका धनीहरूमध्येकै एक देश भए पनि आजसम्मका सरकारले देशको हितमा उपयोग नगर्दा व्यापार घाटा बढ्दै छ । शासक दलहरूले कोशी, गण्डकी, महाकाली, माथिल्लो कर्णाली, अरुणलगायतका नदीमा देशको हितविपरीत सम्झौता गरे । जलस्रोतमा धनी देश नेपालले भारतसँग महँगोमा बिजुली किनेर बाल्नुपर्ने बाध्यता छ ।

पहिलो चौमासिकमा ३७ अर्ब ९६ करोड रुपियाँको कच्चा सोयाबिन तेल, १७ अर्ब १५ करोड रुपियाँको रासायनिक मल, १० अर्ब १७ करोड रुपियाँको कच्चा आइरन र स्टीलका वस्तु आयात गरियो ।

विलासी वस्तुको आयात बढ्दा पनि व्यापार घाटा बढ्दो छ । ९ लाख ४३ हजार ८ सय २६ थान स्मार्टफोन आयात गर्दा १६ अर्ब १५ करोड १८ लाख रुपियाँ, ३ हजार २ सय ३० थान चारपाङ्ग्रे विद्युतीय सवारी साधन आयात गर्दा ४ अर्ब ६८ करोड ८९ लाख रुपियाँ, एक लाख ६१७ युनिट बाइक तथा स्कुटर आयात गर्दा १२ अर्ब ६४ करोड ८३ लाख रुपियाँ, १५ लाख ७७ हजार ग्राम सुन आयात गर्दा १५ अर्ब ७२ करोड रुपियाँ, चाँदी आयातमा १५ अर्ब ७२ करोड रुपियाँ देशले घाटा ब्यहोऱ्यो ।

नेपालले ४५ अर्ब १४ करोड रुपियाँको फलाम तथा फलामजन्य वस्तु, ४४ अर्ब ७० करोड रुपियाँको तेल तथा घिउजन्य वस्तु, ९ अर्ब ९३ करोड रुपियाँको धागो, ५ अर्ब ९१ करोड रुपियाँको चिया, कफी तथा मसला निर्यात गरेको छ । स्वदेशमै भएको कच्चा वस्तुबाट सामान उत्पादन गर्ने उद्योगहरू निजीकरण नगरिएको भए यस्तो व्यापार घाटा ब्यहोर्नुपर्ने थिएन ।

तीनतर्फ सिमाना जोडिएको भारतसँग नेपालको सबैभन्दा बढी व्यापार घाटा छ । पहिलो चौमासिकमा भारतबाट ३ खर्ब ३७ अर्ब रुपियाँको वस्तु आयात गर्दा ७६ अर्ब ५० करोड रुपियाँको वस्तु निर्यात गऱ्यो । अर्को छिमेकी देश चीनसँग १ खर्ब ३२ अर्ब रुपियाँको वस्तु आयात गर्दा २९ करोड रुपियाँको वस्तु मात्र निर्यात गऱ्यो । सरकारले भन्सार उठाउनकै लागि विदेशबाट आवश्यकताभन्दा बढी बाइक तथा स्कुटर, गाडी, पेट्रोलियम पदार्थ आयात गरिरहेको छ ।

देशमा कलकारखाना स्थापना गरी युवालाई स्वदेशमै रोजगारी दिनेतर्फ आजसम्मका सरकार अघि बढेनन् । वर्तमान सुशीला कार्की नेतृत्वको सरकारले पनि घाटाको बहानामा राज्य मातहतका कलकारखाना निजीकरण गर्ने घोषणा गऱ्यो । सुशासन कायम गर्न गठन भएको दाबी गर्ने सरकारले राज्य मातहतका कलकारखाना निजीकरण गर्नु देशघात हो ।

# "नेमकिपाले निर्वाचनलाई एक राजनैतिक सङ्घर्षको रूपमा उपयोग गर्छ"

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**सँग सर्लाहीको ढुकढुकी एफएमको 'आजको संवाद' कार्यक्रमका प्रस्तोता क्षितिज विश्वकर्माले गत कार्तिक २१ गते लिनुभएको अन्तर्वार्ता सामान्य सम्पादनसहित यहाँ प्रस्तुत गरिएको छ ।)*

**● देशको वर्तमान परिस्थितिलाई कसरी नियाल्नुभएको छ ?**

देशको राजनैतिक परिस्थिति अलि जटिल छ । सबै नेपाली यसबाट प्रभावित भएका छन् । भदौ २३ र २४ गते जेन-जी समूहले गरेको आन्दोलन वा प्रदर्शनमा ७५/७६ जनाको ज्यान गयो । भ्रष्टाचारको अन्त्य .र सुशासन कायम गर्ने जेन-जीको माग थियो । देशको व्यवस्था नै परिवर्तन वा संविधान संशोधन त्यस आन्दोलनको माग थिएन । भदौ २३ गते नै प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएका भए, देशले यति धेरै क्षति भोग्नुपर्ने थिएन । प्रम केपी ओलीले दम्भ देखाउनुभयो । गृहमन्त्रीको राजीनामा गराएर थामथुम पार्ने कोसिस गर्नुभयो । त्यसैको परिणाम भदौ २४ गते अकल्पनीय घटना घट्न पुगेको हो । दिउँसो २ बजेतिर मात्र प्रधानमन्त्रीको राजीनामा आयो । त्यतिबेलासम्म धेरै अप्रिय घटनाहरू घटिसकेका थिए । सेना, राष्ट्रपति वा प्रधानमन्त्री कसैबाट पनि सुरक्षा भएन । सरकारविहीनताको अवस्था सिर्जना भयो । धेरैको ज्यान गयो । देशको खरबौँ सम्पत्ति ध्वस्त भयो । सिंहदरबार, सर्वोच्च अदालत, अख्तियारदेखि लिएर देशका सयौँ पालिकाहरूमा तोडफोड र आगजनी भयो । जिल्ला प्रशासनका भवनहरू र ५०० वटाभन्दा बढी प्रहरी चौकीदेखि सरकारी कार्यालय जलाइयो । त्यो क्षतिको जिम्मेवारी लिने कोही देखिएका छैनन् । सरकारको नेतृत्वमा रहेकाले नै त्यस घटनाको जिम्मेवारी लिनुपर्छ ।

**● नेकपा एमाले अध्यक्ष केपी ओलीले अहिलेसम्म पनि त्यो गल्ती स्वीकारेका छैनन् । यसलाई के भन्नुहुन्छ तपाईं ?**

> नेमकिपा निर्वाचनलाई एक राजनैतिक सङ्घर्षको रूपमा लिन्छ । जनताको चेतनास्तर उठाउन हरेक निर्वाचनलाई पार्टीले उपयोग गर्दै आएको छ । देश बिग्रेकोमा नेताहरूमात्र होइनन्, जनता पनि दोषी छन् । जनताले सानोतिनो लोभमा खराब मानिसहरूलाई बारम्बार जिताइरहेका छन् । नेमकिपा वैज्ञानिक समाजवादमा विश्वास गर्ने पार्टी हो । पार्टीले पैसा खर्च गरेर चुनाव जित्ने कोसिस गर्दैन । तुलनात्मकरूपमा जनता विगतमा भन्दा राजनैतिकरूपले सचेत बन्दै छन् । नेमकिपाले जितेका जनप्रतिनिधिहरूले इमानदारीपूर्वक काम गर्दै छन् । नेमकिपा राजनीतिलाई जनताको सेवा गर्ने ठाउँको रूपमा लिन्छ ।

हो, त्यही दम्भ वा घमण्डले गर्दा यस्तो घटना घट्न पुगेको हो । समयमै उचित कदम चाल्नुभएको भए यति धेरै क्षति हुने थिएन । राजनीतिमा नैतिकता महत्त्वपूर्ण हुने गर्छ । नैतिकता नभएकाहरूले जे गर्दा पनि भयो । हाम्रै देशको इतिहास हेर्ने हो भने, २०३१ सालमा सिंहदरबार जलेको बेला तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले राजीनामा गर्नुभयो । त्यसैगरी, दशरथ रङ्गशाला काण्ड २०४१ मा केशरबहादुर विष्टले राजीनामा दिनुभयो । भागदौडमा भएको घटनामा खेलकुद मन्त्रीको के दोष थियो ? तर, पनि विष्टले नैतिकताको आधारमा राजीनामा दिनुभयो । यस्ता न्यूनतम नैतिकता पनि केपी ओलीमा देखिएन ।

**● नेपाली राजनीतिमा नेताहरूमा नैतिकता हुन्छ र ?**

शासक दलका नेताहरूमा नैतिकता नभएकै कारण देशले यति छोटो समयमै दुर्भाग्यपूर्ण अवस्था व्यहोर्नुपर्‍यो । राजनीतिमा नैतिक शक्ति ठुलो बल हो । भौतिक शक्ति भनेको त क्षणिक हुन्छ । शेरबहादुर देउवालाई कुटपिट र लछारपछार गर्दा पनि नेकाका लाखौँलाख कार्यकर्ता कहाँ गए भन्ने प्रश्न उठ्यो । सङ्कटको बेला साथ दिनुपर्नेमा कार्यकर्ताहरू सबै कताकता भागे । जो पायो त्यहीँलाई राजनीतिमा हुल्दाको परिणाम देशले भोग्नुपरेको छ । राजनीति भनेको विचार र सिद्धान्त हो, अनुशासित मानिसहरूको जमात हो । त्यो आधारमा आदर्श समाज निर्माण गर्ने अठोट लिएर अगाडि बढ्ने पल्टन हो । यहाँ त टीका लगाएर कम्युनिस्ट पार्टीको सदस्यता दिने, फूलको माला लगाइदिएर पार्टीको सदस्यता दिने गरिन्छ । एकै व्यक्ति आज काङ्ग्रेस, भोलि एमाले, पर्सि माओवादी र अर्को दिन राप्रपामा जान्छ । एकै व्यक्ति वर्षभरिमा चारवटा पार्टी चहार्छ । जब राजनीतिमा नैतिकता हुँदैन, सारा जनताले दुःख पाउँछन् । ठुला पार्टी भनेको सङ्ख्या र आकारमा मात्र होइन नैतिकता र विचारमा पनि व्यापकता हुनुपर्छ । त्यसले परिवर्तन ल्याउन जनतालाई शिक्षित गरेको हुनुपर्छ । तर, नेपालमा त्यस्तो भइरहेको छैन ।

**● अहिलेको अन्तरिम सरकारप्रति तपाईंहरूको धारणा के छ ?**

अहिलेको अन्तरिम सरकार विशेष परिस्थितिमा निर्माण भएको सरकार हो । संविधानअनुसार बनेको होइन । यो चुनावी सरकार हो । परिस्थितिलाई तत्काल सम्बोधन नगरेमा देशको ठुलो क्षति हुनसक्ने हुँदा शासक दलहरूको सहमतिमा यो सरकारको गठन भएको हो । वर्तमान संविधानअनुसार सुशीला कार्की प्रधानमन्त्री बन्न सक्ने ठाउँ छैन । कार्की प्रतिनिधिसभाका सदस्य पनि होइनन्, सर्वोच्च अदालतको पूर्वन्यायाधीश संविधानअनुसार प्रम बन्न योग्य पनि छैन । काङ्ग्रेस, एमाले, माओवादी र तयसबेलाको एकीकृत समाजवादीसमेतको संयुक्त सहमतिमा तत्कालीन सङ्कटलाई सम्बोधन गर्न बनेको सरकार हो भन्ने अहिले पुष्टि भइसकेको छ ।

**● अन्तरिम सरकार प्रतिनिधिसभाको चुनाव गराउनको लागि मात्र गठन गरिएको सरकार हो भन्नुभयो । तर, अन्तरिम सरकारले बृहत् किसिमको काम पनि गरिरहेको देखिन्छ । यसमा के भन्नुहुन्छ ?**

अन्तरिम सरकारले प्रतिनिधिसभाको चुनाव शान्तिपूर्ण, मर्यादित र धाँधलीरहित तरिकाले सम्पन्न गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ । देशलाई दीर्घकालीन असर पर्ने कुनै पनि कार्य गर्नु हुँदैन । राजदूतहरू फिर्ता बोलाउने, सार्वजनिक संस्थानहरूलाई कम्पनीमा लानेजस्ता नीतिगत निर्णय गर्नु ठीक होइन । देशको अर्थतन्त्रमा दीर्घकालीन असर पुग्ने विषयमा हात हाल्ने काम अन्तरिम सरकारबाट हुनु हुँदैनथ्यो । विश्व बैङ्क र एसियाली विकासजस्ता साम्राज्यवादका आर्थिक हतियारहरूलाई खुसी पारी ऋण लिनको लागि देशको सार्वजनिक संस्थानहरूलाई कम्पनीमा लाने नीति पारित गरेको स्पष्ट छ । प्रजातान्त्रिक पार्टीहरू भएका भए नेपाली काङ्ग्रेस, एमाले र माओवादीहरूले यसको विरोध गर्नुपर्ने थियो । रातो लुगा लगाउनेहरू सबै क्रान्तिकारी हुँदैनन् । गेरुवस्त्र लगाउनेहरू सबै कहाँ साधु हुन्छन् र ? उसको व्यवहार, विचार र आचरण राम्रो हुनुपर्छ । आफूलाई समाजवादीको दाबी गर्ने र निजीकरणलाई पनि जोड दिनेहरू पुँजीवादीहरू नै हुन् । सरकारको कार्यशैली ठीक ढङ्गले अगाडि बढिरहेको छैन ।

**● अब देश कतातिर धकेलिने देख्नुहुन्छ ?**

चुनावको मिति घोषणा भइसकेको छ । चुनाव भएन भने देश थप जटिलतातिर धकेलिने छ । देशमा अराजक घटनाहरू घट्न सक्छन् । विदेशी चलखेल अझ बढ्ने सम्भावना हुन्छ । जेन-जीको आन्दोलन दुई दिनको तयारीमा भएको हुँदै होइन । भदौ २४ गते ५–६ घण्टामै देशका सयौँ सरकारी कार्यालयहरू खरानीमा परिणत भए । देश नै जलिरहेको अवस्था थियो । संसारका धेरै देशमा यस्ता घटनाहरू घटेका थिए । अमेरिकीहरूले धेरै देशहरूमा यस्ता परिवर्तनहरूलाई रङ्गीन क्रान्तिको नाम दिए । सन् २००३ मा जर्जियामा 'कलेजी' क्रान्ति, २००४ मा युक्रेनमा 'सुन्तला' क्रान्ति, २००५ मा किर्गिस्तानमा 'टुलिफ' क्रान्ति र फिलिपिन्समा 'पहेँलो' क्रान्तिको नाम दिइएको थियो । संसारका ५० वटाभन्दा बढी देशहरूमा अमेरिकाले रङ्गीन क्रान्तिको नाम दिएर शासन सत्ता परिवर्तन गराइसक्यो । नेपालमा पनि जेन-जीको नाममा उथलपुथल भयो । यो जेन-जी नाम पनि अमेरिकीहरूले प्रयोग गर्ने नाम हो । एनजीओ तथा आईएनजीओ यति खतरनाक हुन्छ कि उसले चाह्यो भने देशमा उथलपुथल गर्न सक्छ भन्ने पछिल्लो उदाहरण नेपाल बनेको छ । अमेरिकी युथ काउन्सिल, अमेरिकी चेम्बर अफ कमर्स, बारबरा फाउन्डेन, समता फाउन्डेसनजस्ता संस्थाहरूले यस्ता कामहरू गरिरहेका छन् ।




**- सुनिल प्रजापति**, केन्द्रीय सदस्य, नेमकिपा

**● अहिलेको सरकार पनि एनजीओ तथा आईएनजीओ सदस्यहरुले भरिएको छ भनिन्छ नि ! के यो सत्य हो ?**

त्यो त सञ्चारमाध्यमहरूमा आइरहेकै छ नि ! प्रधानमन्त्री, कानुनमन्त्री, सञ्चारमन्त्रीलगायतको नाम बारबरा फाउन्डेसन, समता फाउन्डेसन आदि एनजीओहरूसँग जोडिएर आएका छन् । शासक दलका नेताहरूले देशलाई आफ्नै बलबुत्तामा विकास गर्ने सोच नै राखेनन् । हरेक कुरामा विदेशको भर पर्ने, विदेशको मुख ताक्ने प्रवृत्ति छ । नेपालमा कसलाई प्रधानमन्त्री र राष्ट्रपति बनाउने निर्णय नै दिल्लीबाट भइरहेको छ । नेपालको नदीनालाबाट भारतले आफ्नो कृषि उत्पादन बढाइरहेको छ । तर, नेपालले खाद्यान्न, तरकारी पनि भारतबाट किनेर ल्याउनुपरेको छ । एनजीओ र आईएनजीओहरूले जनतालाई परनिर्भर बनाउँदै लान्छन् । त्यो खतरनाक विषय हो ।

**● युवा श्रमशक्ति विदेश जानुको मुख्य कारण के होला ?**

आजका युवाहरूलाई स्वदेशमा काम गर्ने वातावरण छैन । उद्योगधन्दाहरूको निजीकरणले रोजगारीका अवसरहरू गुम्दै गए । युवाहरू नेपालमा खेती किसानी गर्न लाज मान्छन् । दक्ष र अदक्ष सबैखाले जनशक्ति बिदेसिँदै छन् । डलरको लोभमा यहाँका डाक्टर, इन्जिनियर, नर्स, प्राध्यापकहरूजस्ता शिक्षित जनशक्ति पनि विभिन्न देशहरूमा गरिरहेका छन् । युवाहरूमा आफ्नो देश आफैँ बनाउने भावना नभएसम्म देशको विकास हुँदैन । हाम्रा विश्वविद्यालय र कलेजहरू विदेशीहरूका लागि सस्तो ज्यामी उत्पादन गर्ने कारखाना बन्दै छन् । युवाहरू बिदेसिने क्रम बढेसँगै नेपालमा विभिन्न क्षेत्रमा जनशक्ति अभाव हुन थालेको छ । अहिले केही विषयका शिक्षक, प्राध्यापकहरूको अभाव हुन थालेको छ । देश आत्मनिर्भर भएमात्र स्वतन्त्र र स्वाभिमान बन्न सक्छ ।

**● जेन-जी आन्दोलनको असर भक्तपुरमा कस्तो रह्यो ?**

देशभरि असर परेको समयमा भक्तपुर अछुतो रहने कुरै भएन । भक्तपुरको जिल्ला प्रशासन कार्यालय र अन्य केही प्रशासनिक भवनहरूमा क्षति पुगेको छ ।

**● अबको चुनावमा नेमकिपाको भूमिका कस्तो रहला ?**

नेमकिपा निर्वाचनलाई एक राजनैतिक सङ्घर्षको रूपमा लिन्छ । जनताको चेतनास्तर उठाउन हरेक निर्वाचनलाई पार्टीले उपयोग गर्दै आएको छ । देश बिग्रेकोमा नेताहरूमात्र होइनन्, जनता पनि दोषी छन् । जनताले सानोतिनो लोभमा खराब मानिसहरूलाई बारम्बार जिताइरहेका छन् । नेमकिपा वैज्ञानिक समाजवादमा विश्वास गर्ने पार्टी हो । पार्टीले पैसा खर्च गरेर चुनाव जित्ने कोसिस गर्दैन । तुलनात्मकरूपमा जनता विगतमा भन्दा राजनैतिकरूपले सचेत बन्दै छन् । नेमकिपाले जितेका जनप्रतिनिधिहरूले इमानदारीपूर्वक काम गर्दै छन् । नेमकिपा राजनीतिलाई जनताको सेवा गर्ने ठाउँको रूपमा लिन्छ ।

देश बनाउने सबैको साझा जिम्मेवारी हो । जनताले धेरैपटक धोखा पाएपछि शासक दललाई खबरदारी गर्ने काम गर्दै छन् । चुनाव बिथोल्न पनि धेरै शक्तिहरू लागिपरेका छन् । चुनाव घोषणा भइसकेको हुँदा चुनाव शान्तिपूर्ण अवस्थामा सम्पन्न गर्नुपर्ने पक्षमा नेमकिपा उभिएको छ । तोकिएको समयमा चुनाव भयो भने देशलाई थप बिग्रनबाट जोगाउन सकिन्छ ।

**● अहिले स–साना कम्युनिस्ट पार्टी मिलेर नयाँ पार्टी गठन गरेको छ । यसमा के भन्न चाहनुहुन्छ ?**

विचार र सिद्धान्त नमिलेकाहरूबिच एकताको अर्थ हुँदैन । स्वार्थका लागि मिलेकाहरू स्वार्थकै निम्ति फेरि फुट्ने छन् । सिद्धान्तहीन एकताभन्दा फुट झन् राम्रो हुन्छ । एकीकृत समाजवादी, माओवादीलगायतका पार्टीहरूबिचको एकता लामो समय टिक्न गाह्रो हुन्छ । सरकारमा जाने, मन्त्री बन्ने स्वार्थमा यी पार्टीहरू एकता भएका हुन् । विचार र सिद्धान्तलाई भन्दा स्वार्थको लागि मिलेका हुन् यिनीहरू ।

जे गरेर पनि सरकारमा जाने ती पार्टीहरूको उद्देश्य थियो र छ । संसदीय मूल्य र मान्यताविपरीत काङ्ग्रेस र एमाले मिलेर पनि सरकार बनाए । युवा पुस्तामा दलहरूप्रति असन्तोष हुनुको त्यो पनि एक कारण हो । जेन-जी आन्दोलनलाई युवा पुस्ताले राजनीतिक दलप्रति असन्तोष पोखेको रूपमा लिन सकिन्छ । शासक दलका नेता र कार्यकर्ताहरूले राजनीतिलाई छोटो समयमा व्यापारीले भन्दा धेरै धन आर्जन गर्ने अवसरको रूपमा लिए । त्यो गलत थियो । राजनीतिकर्मीहरूमा समाजसेवा वा स्वयम्सेवी भावना हुनुपर्छ । अहिलेका दलका नेता कार्यकर्ताहरूमा त्यसैको खडेरी छ ।

**● भक्तपुर नगरपालिकाको भावी योजनाहरू के के छन् ?**

ख्वप विश्वविद्यालय स्थापनाको लागि जोड दिइरहेका छौँ । अरनिको सभाभवन निर्माणाधीन अवस्थामा छ । भक्तपुरको खोला सुधार गरी भक्तपुरलाई सुन्दर र आकर्षक नगर बनाउन लागिपरेका छौँ । जनताको विश्वास जितेर काम गरिरहेका छौँ । विभिन्न स्थानीय तहको अध्ययन भ्रमण र विचार आदानप्रदानमा पनि हामीले जोड दिँदै आएका छौँ । जनतालाई राजनैतिकरूपमा सचेत र सङ्गठित गर्ने काम पनि गर्दै आएका छौँ । हामी जनताको सेवामा समर्पित भएर काम गर्दै छौँ ।

# अध्यक्ष माओकृत 'सोभियत अर्थशास्त्रको आलोचना' : एक अध्ययन

✍ समा

*अध्यक्ष माओले रुसको तत्कालीन राजनीतिक अर्थशास्त्रको आलोचना गर्नु का. स्तालिनको विरोध थिएन । चीनको विशेषता सुहाउँदो आर्थिक सिद्धान्तको प्रादुर्भाव थियो । रुसको पृष्ठभूमिमा चीनको आगामी बन्दोवस्तको तयारी थियो । रुसको औद्योगिकीकरण, उत्पादन सम्बन्ध, किसानको स्थान, कृषिमा सामूहिकीकरणको विचारमा चीनले चिनियाँ विशेषतासहितको अगुवाइ गऱ्यो । वस्तु उत्पादनको हकमा चीनले उपभोग्य वस्तु र जनतालाई आवश्यक वस्तु उत्पादनको नीति लियो । अर्थतन्त्रमा किसानको प्रत्यक्ष योगदान या सक्रियताका निम्ति जनकम्युनको स्थापना अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनकै निम्ति उदाहरण बन्यो ।*

सन् १९१७ मा रुसी अक्टोबर समाजवादी क्रान्ति सफल भएको ३२ वर्षपछि चीनमा समाजवादी क्रान्ति सफल भयो । रुसको भूमिमा मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक र व्यावहारिक प्रयोगबाट चिनियाँ जनता अभिप्रेरित भए । अध्यक्ष माओले भन्नुभएको थियो - "रुसी अक्टोबर क्रान्तिको तोपको आवाजले युगौँ-युगदेखि सुतिरहेका करोडौँ करोड चिनियाँ जनतालाई ब्युँझाइदियो । रुसले नै चीनको माटोमा मार्क्सवाद हुर्काउने बाहिरी वातावरण दियो । रुसी क्रान्तिअघि चिनियाँ जनता लेनिन र स्तालिन मात्र होइन मार्क्स र एङ्गेल्स पनि चिन्दैनथे । क्रान्तिले चिनियाँ जनतालाई मार्क्सवाद-लेनिनवादको मार्ग प्रदान गऱ्यो ।" इतिहासको अध्ययनले बताउँछ कि मार्क्सवाद-लेनिनवादको चिनियाँ माटो सुहाउँदो व्यावहारिक प्रयोगबाटै माओ त्से तुङ विचारधाराको जन्म भएको हो । चीनको परिवेश सुहाउँदो माओको विचारले चिनियाँ मजदुर-किसानको विजय र मुक्ति सम्भव भयो ।


चिनियाँ क्रान्ति सफलतापश्चात् चीन अब कसरी अगाडि बढ्ने ? प्रश्न तड्कारो थियो । समाजवादी व्यवस्था भएको देश रुसबाट के सिक्ने ? सम्पूर्ण 'बेस' र 'सुपरस्ट्रक्चर' मा रुसी मोडेल अनुशरण गर्ने या चीनको मौलिक विचारअनुसार अगाडि बढ्ने ? चीनकै कति नेताहरूले रुसको अन्ध नक्कल गर्ने प्रस्ताव राखे भने केहीले रुसको परिवेश सुहाउँदो विचार चीनका निम्ति श्रयेष्कर नहुने बताए । विशेषत: क्रान्तिपछि अर्थतन्त्रको सवाल प्रमुख थियो । सामन्तवादी र पुँजीवादी अर्थव्यवस्थालाई उल्ट्याएर नयाँ समाजवादी अर्थव्यवस्था स्थापना गर्नु एक रातमा सम्भव हुने विषय होइन, वर्षौँ वर्ष लाग्ने विषय थियो । त्यसका निम्ति चीनले पहिलो पञ्चवर्षीय योजनामा रुसको मोडेल पछ्याएको देखिन्छ । पहिलो पाँच वर्षमा चीनको आर्थिक तथा सामाजिक परिवर्तन अत्यन्त न्यून देखिएपछि दोस्रो पञ्चवर्षीय योजना बनाउँदा अध्यक्ष माओले 'ठूलो पाइला अगाडि' (Great leap forward) अभियानको अगुवाइ गर्नुभयो । उहाँले सोभियत सङ्घ र चीनको पृष्ठभूमिमा चालिएका आर्थिक तथा सामाजिक कदमहरूलाई पुस्तक 'सोभियत अर्थशास्त्रको आलोचना' (A critique of Soviet Economics) मा केलाउनुभएको छ । जनगणतन्त्र चीनको आर्थिक तथा सामाजिक अभियानको रूपमा चिनिने पहिलो चरणको 'ठूलो पाइला अगाडि' सन् १९५८ देखि १९६२ सम्म चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चल्यो । त्यो अभियान कृषिप्रधान अर्थतन्त्रबाट कम्युनिस्ट समाज निर्माण तथा जनकम्युन स्थापनाका निम्ति थियो । अध्यक्ष माओले चीनको अर्थतन्त्रमा रूपान्तरण, सामाजिक तथा सांस्कृतिकरूपमा अब्बल व्यवस्था खडा गर्न चाल्नुभएको महत्त्वपूर्ण पाइलामध्ये त्यो पनि एक थियो । आज चीन आर्थिकरूपमा जुन उचाइमा छ त्यसको जग अध्यक्ष माओको तत्कालीन अर्थनीति नै हो भन्ने सत्य पुस्तकले अवगत गराउँछ । बलियो जगबिनाको अर्थतन्त्र जति उचाइमा गएपनि ढलेको उदाहरण थुप्रै छन् । माओले अर्थतन्त्रलाई चिनियाँ किसानको जीवनसँग जोड्नुभयो । अर्थतन्त्रलाई राजनीति, सामाजिक र सांस्कृतिक व्यवस्थाभन्दा निरपेक्ष छोड्नुभएन । चीनको आवश्यकता र दिगो उन्नयनका निम्ति लिनुभएका अडानहरूको बारे राम्रो जानकारी पुस्तकमा पाइन्छ ।

पुस्तक 'सोभियत अर्थशास्त्रको आलोचना' मार्क्सवादी-लेनिनवादी राजनीतिक अर्थशास्त्रको आधारशीलामा माओले लेख्नुभएको पुस्तक हो । यो पुस्तक सन् १९५८ देखि १९५९ सम्मको समयमा तयार पार्नुभयो । 'सोभियत सङ्घको समाजवादका आर्थिक समस्याहरू' र सोभियत सङ्घको विज्ञान एकेडेमीबाट तयार पारिएको 'राजनीतिक अर्थशास्त्र' को पाठ्यपुस्तकमाथिको तार्किक खण्डन माओले गर्नुभयो । यस पुस्तकमा का. स्तालिनका केही आर्थिक कार्यनीतिमा पुनर्विचार गर्नुपर्ने सन्दर्भहरू छन् । कृषिमा सामूहिकीकरण र राज्यको भूमिका विषयमा स्तालिनको विचारमाथि मन्थन छ । सामाजवादी औद्योगिकीकरण कृषिमा सामूहिकीकरणको आवश्यक पूर्वावस्था हो भन्ने स्तालिनको विचार चीनको भूमिमा सान्दर्भिक भएन । ठूल्ठूला उद्योगको विकासलाई असन्तुलित ढङ्गले प्राथमिकतामा राख्ने पछिल्लो सोभियत अर्थनीतिको आलोचना गर्नुभयो । त्यतिमात्र होइन जनताको प्रजातन्त्र र सोभियत प्रजातन्त्रबीचको भिन्नता प्रस्ट्याउनुभयो ।

अध्यक्ष माओले - 'ठूलो पाइला अघिल्तिर' अभियानबाट किसानहरूलाई अग्रमोर्चामा राख्नुभयो । कृषिप्रधान र गाउँ नै गाउँको देश चीनमा प्रमुख श्रमशक्ति किसान नै थिए । तिनको जीवनस्तर उकास्न सकिएन भने, किसान समस्या सल्टाउन सकिएन भने आर्थिक प्रगति र विकासको मार्ग नखुल्ने विचार माओको थियो । त्यसकारण, उहाँले सोभियत सङ्घभन्दा फरक स-साना उद्योगहरूलाई ग्रामीण भेगमा विकेन्द्रीकृत बनाउनुभयो र अन्नबालीलाई दुगुणा बढाउने तयारी थाल्नुभयो । त्यो दक्षिणपन्थी विचार र प्रतिक्रियावादीहरू निर्मूल पार्ने अभियान पनि थियो । अभियान चीनको समाजवादलाई दिगो बनाउन चिनियाँ विशेषतासहित अगाडि बढ्यो । योभन्दा अघि सोभियत रुस चीनका निम्ति पथप्रदर्शक मानिन्थ्यो । सोभियत रुसको अनुभवबाट सिकेर चीनले काम गरेको देखिन्छ । रुसको 'राजनीति अर्थशास्त्र' पाठ्यपुस्तकको तेस्रो संस्करण सन् १९५० मा चीनमा प्रचार भइसकेपछि माओले लुसान (Lushan) सम्मेलन (सन् १९५९) मार्फत रुसको सो पाठ्यपुस्तकलाई आलोचनात्मक दृष्टिले हेर्नुपर्ने विचार राख्नुभयो ।

चीनले सन् १९४९ बाटै क्रान्तिकारी सङ्घर्षका निम्ति क्रान्तिकारी रणनीति र कौशल उपयोग गऱ्यो । मार्क्सवाद-लेनिनवादबाट कहिल्यै विचलित भएन । त्यसकारण, क्रान्ति सफल भयो । सोभियत सङ्घमा समाजवादी विकास र बन्दोबस्तको अनुसरण गर्नुको कुनै विकल्प तत्काल थिएन । त्यसकारण, आफ्नो पहिलो पञ्चवर्षीय योजनामा सोभियत सङ्घको नक्कलले चीन सन्तुष्ट बनेन । चिनियाँ जनता खुसी हुन सकेनन् । त्यसकारण, सोभियत मोडेललाई तीन वटा शीर्षक - आदिम समाजवादी सञ्चय (कृषकको खर्चको आधारमा), सर्वहारावर्गको अधिनायकत्व र उत्पादनशील शक्तिको सिद्धान्त, चीनमा कम्युनिस्ट पार्टीको अवधारणाका आधारमा आलोचना गर्नुभयो ।

सन् १९५० सम्म नै चिनियाँ जनता 'आजको रुस भोलिको चीन हो' भन्ने नारा लगाउँथे । त्यसकारण, पहिलो पञ्चवर्षीय योजनामा ठूल्ठूला उद्योग, उच्च केन्द्रीकरण, योजना निर्माणमा कर्मचारी प्रवृत्ति या तरिका, साना उद्योगहरूलाई कम प्राथमिकता, उपभोग्य वस्तुको कम उत्पादनजस्ता योजना चीनका निम्ति सुहाउँदो भएन ।




कृषकलाई बचतको ठूलो स्रोतको रूपमा हेरियो र शक्तिशाली एवम् केन्द्रीकृत आर्थिक मन्त्रालयहरू पेइचिङमा खडा गरिए । सोभियत शैलीको यो पञ्चवर्षीय योजनाले भविष्यमा निम्तिन सक्ने समस्यामा माओ घोत्लिनुभयो । सहर र गाउँबीचको बढ्दो खाडल ठूलो समस्या बन्दै थियो । सन् १९५५ तिर माओले सहर र गाउँको विकासलाई अन्तरसम्बन्धित बनाउनुपर्ने विचार अघि सार्नुभयो । उद्योग र कृषि, समाजवादी औद्योगिकीकरण र समाजवादी कृषि रूपान्तरण उही होइन तर जोडिएको हुन्छ भन्ने विचार राख्नुभयो । त्यसकारण, सोभियत सङ्घले सहर केन्द्रित ठूल्ठूला उद्योगको स्थापनालाई मात्र जोड दिनु चीनको हकमा हितकर नभएको बताउनुभयो । त्यतिमात्र होइन ग्रामीण कृषिसँग जोडिएको जीवनशैलीसँग जोडिएका उद्योगहरूलाई प्राथमिकता दिनुभयो । रुसले कृषकलाई महत्त्वका साथ अगाडि नराखेको सन्दर्भ माओले उजागर गर्नुभयो । रुसको सञ्चय प्रक्रिया किसानको उत्साहलाई निमोठ्ने खालको थियो भन्दै माओ लेख्नुहुन्छ - "यदि तिमी कुखुराले थुप्रै अन्डा पारोस् भन्ने चाहन्छौ भने तिनलाई प्रशस्त खुवाउनुपर्छ । घोडा छिटो कुदोस् भन्ने पनि चाहन्छौ तर बाँधेर राख्छौ भने के हुन्छ ? किसानबाट बचतमात्र खोज्नुको परिणती त्यही नै हुन्छ । चीनजस्तो कृषिप्रधान देशका निम्ति त्यो उपयुक्त पनि थिएन । माओले कृषिमा औद्योगिकीकरणसँगै क्रान्तिकारी रूपान्तरणलाई जोड दिनुभयो । जबसम्म कृषकसँग, भूमिसँग जोडिएको समस्या समाधान हुन्न तबसम्म समग्र देशको कृषि क्षेत्रको उन्नयन हुन्छ भन्ने परिकल्पना यथार्थ बन्न सक्दैन । त्यसकारण, माओले किसान समस्या समाधानको मार्ग पहिल्याउनुभयो । त्योसँगै चीनले सामाजिक, राजनीतिक र आर्थिक एकतालाई किसान आन्दोलनको उपलब्धिसँग जोड्नुभयो । क्रान्तिकारी रूपान्तरणको येनान मोडेल धेरै चर्चामा आयो । आत्मनिर्भर, विकेन्द्रित, सम्भ्रान्त वर्ग र कर्मचारी प्रवृत्तिप्रति शत्रुता, सामूहिक उद्देश्यको सिद्धान्त र अनुशासन, अभौतिक प्रोत्साहन र सामाजिक आर्थिक गतिविधिमा जनसहभागिताका निम्ति येनान नमुना बन्यो । विकासको येनान मोडललाई देशैभर प्रचार गरियो । भूमि सुधार र किसानको चेतनास्तर उकास्ने कामलाई सहकारी या जनकम्युनको स्थापनासँग सम्बन्धित बनाउनुभयो । जनकम्युन र सहकारीको सिद्धान्तमार्फत चीनका किसानको जीवनस्तर माथि उकासियो । द्रुत गतिमा सामूहिकीकरण सम्भव भयो, कृषिमा आधुनिकीकरण अघि बढ्यो । व्यक्तिगत स्वामित्वको अन्त्यसँगै मानिसको उत्पादन सम्बन्ध बदलियो । पुँजीवादी अर्थव्यवस्थाको जरा उखेल्न माओले उत्पादन साधनमा सार्वजनिक स्वामित्वको विचार अघि सार्नुभयो ।

समाजवाद निर्माण र समाजवादी अर्थतन्त्र विकासमा कम्युनिस्ट पार्टीको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने शिक्षा पुस्तकबाट मिल्छ । रुसको बोल्सेविक पार्टीभित्रका संशोधनवादी निकिता ख्रुस्चेभहरूलाई अध्यक्ष माओले आलोचना गर्नुभयो । पार्टीभित्रको गलत विचारका कारण क्रान्तिको उपलब्धि नष्ट हुनुका साथै बहुमत जनताले दु:ख पाउँछन् । इतिहासका रचयिता जनता नै हुन् । त्यसकारण, कम्युनिस्ट पार्टीले जनतालाई केन्द्रमा राखेर, जनताको अवस्थालाई ध्यानमा राखेर कार्यनीति तय गर्नुपर्छ । चीनमा सामूहिकीकरणको अभियान चलिरहँदा अर्थात् आर्थिक सामाजिक रूपान्तरणको अभियान चलिरहँदा चिनियाँ कम्युनिस्ट पार्टीका कार्यकर्ता सबैभन्दा बढी सक्रिय थिए । क्रान्तिपछिका सङ्घर्षहरूमा पार्टी कार्यकर्ताले सिक्दै योगदान गरे । पार्टी नीतिलाई जनतासँग जोड्ने भूमिका कार्यकर्ताले निर्वाह गरे । यसर्थ, क्रान्तिमा मात्र होइन समाजवाद निर्माणमा पार्टी र कार्यकर्ताको भूमिका बेजोडको रहन्छ । कर्मचारीतन्त्र, कृपावाद र सामन्त प्रवृत्तिविरुद्ध लड्न पनि कार्यकर्ताको समर्पण भावना अनिवार्य रहन्छ । पुँजीवादको पतन र समाजवादको जन्मपछि समग्र व्यवस्था परिवर्तनको सङ्क्रमणकालीन अवधिमा नेतृत्वको सही निर्णय कति महत्त्वपूर्ण हुन्छ भन्ने दृष्टान्त पुस्तकले प्रस्तुत गर्छ ।

पुँजीवादी अर्थव्यवस्थाबाट समाजवादमा सङ्क्रमणको अवधिमा अवलम्बन गरिएको वस्तु प्रणाली, मुद्रा विनिमय, पुँजीपतिहरूको अधिकारलगायतका विषयमा देखिएको परिणामले केही भिन्नताहरू सृजना गऱ्यो । गाउँ र सहरबीचको भिन्नता, मजदुर र किसान बीचको भिन्नता, बौद्धिक श्रम र शारीरिक श्रमबीचको भिन्नता । यी भिन्नता समाप्त गर्नु समाजवादी बन्दोवस्तको उद्देश्य भए पनि पहिलो पञ्चवर्षीय योजनाअन्तर्गत चीनले उपलब्धि हासिल गर्न सकेन । माओले त्यसकारण सङ्क्रमणकालीन अवधिमा वर्गसङ्घर्षको आवश्यकताबारे प्रस्ट पार्नुभयो । भर्खर स्थापना भएको समाजवादी व्यवस्थामा हिजोका पुँजीपति र सम्भ्रान्त वर्ग रहन्छन्, तिनका मूल्यमान्यता, संस्कार र प्रवृत्ति रहिरहन्छ । समाजवादी बन्दोवस्तमा पुँजीवादी प्रवृत्ति हावी हुन थाल्नुले पुँजीवाद फर्कन सक्ने सम्भावनाको सङ्केत दिन्छ । त्यसकारण, ती राष्ट्रिय पुँजीपतिहरूलाई देशको आर्थिक सामाजिक विकासमा असङ्लग्न राख्नुभन्दा सहभागी बनाउनु फलदायी हुन्छ भनिएको छ । सङ्क्रमणकालीन समयमा सम्पूर्ण सामाजिक र उत्पादन सम्बन्ध बदल्ने आधार तयार हुनुपर्दछ – अर्थतन्त्र, राजनीति, विचारधारा र संस्कृति । सोभियत रुसको राजनीतिक अर्थशास्त्रको तीन भागको विषयमा चर्चा पुस्तकमा छ । पुँजीवादबाट समाजवादसम्मको सङ्क्रमणकालीन अवधि, सर्वहारा वर्गीय क्रान्तिको विश्वव्यापी र विशिष्टीकृत विशेषताबारे चर्चा छ । रुसी अक्टोबर क्रान्ति मेन्सेविकवाद, विश्व संशोधनवाद र अन्तर्राष्ट्रिय फासीवादविरुद्धको विजय पनि थियो । क्रान्तिको ठाउँमा शान्तिपूर्ण सङ्क्रमणको संशोधनवादी विचारले रुसमा खडा भएको समस्या, प्रजातान्त्रिक क्रान्तिदेखि समाजवादी क्रान्तिसम्मको यात्रामा रुसले व्यहोरेका समस्याहरूलाई मिहिन ढङ्गमा केलाइएको छ । उपद्रोह र सर्वहारा अधिनायकत्व, सर्वहारा राज्यको अवस्था, पुँजीवादी उद्योग र वाणिज्यको रूपान्तरण, मध्यमवर्गीय किसान, मजदुर-किसानको गठबन्धन, बौद्धिक वर्गको रूपान्तरण, औद्योगिकीकरण र कृषिमा सामूहिकीकरणबारे रुस र चीनको पृष्ठभूमिमा मौलिक व्याख्या छ ।

के पिछडिएको देशमा क्रान्तिको सम्भावना न्यून हुन्छ ? भन्ने प्रश्नमा माओ लेख्नुहुन्छ - "आजको परिवेश बदलिएको छ । पिछडिएको अर्थतन्त्र, गरिब जनतालाई बढी क्रान्तिको आवश्यकता हुन्छ । पुँजीवादी देशमा धनी पुँजीपतिहरूले क्रान्तिको सम्भावना रोक्ने गर्दछन् । त्यसकारण, गरिब जनता अझ छिटो सङ्गठित हुन्छन् । समाजवादी रूपान्तरणका निम्ति ठूलो स्तरको उद्योग अर्थात् औद्योगिकीकरण मात्र समाजवादी बन्दोवस्तको पूर्वअवस्था बन्न सक्दैन । साथै, नयाँ उत्पादन शक्तिको पूर्ण विकास पनि पिछडिएको उत्पादन सम्बन्ध रूपान्तरणको पूर्व अनिवार्य सर्त नहुन सक्दछ भन्ने दृष्टान्त अध्यक्ष माओले प्रस्तुत गर्नुभएको छ । सम्पूर्ण सुपरस्ट्रक्चर जस्तै राज्यको वर्गीय चरित्र, दर्शन, विज्ञान र अर्थतन्त्रको हकमा उत्पादन सम्बन्धहरूलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणले विश्लेषण गर्नुपर्ने औँल्याइएको छ । चीनको औद्योगिकीकरणमा देखापरेका समस्याहरूबारे पनि छलफल प्रस्तुत छ ।

अध्यक्ष माओले रुसको तत्कालीन राजनीतिक अर्थशास्त्रको आलोचना गर्नु का. स्तालिनको विरोध थिएन । चीनको विशेषता सुहाउँदो आर्थिक सिद्धान्तको प्रादुर्भाव थियो । रुसको पृष्ठभूमिमा चीनको आगामी बन्दोवस्तको तयारी थियो । रुसको औद्योगिकीकरण, उत्पादन सम्बन्ध, किसानको स्थान, कृषिमा सामूहिकीकरणको विचारमा चीनले चिनियाँ विशेषतासहितको अगुवाइ गऱ्यो । वस्तु उत्पादनको हकमा चीनले उपभोग्य वस्तु र जनतालाई आवश्यक वस्तु उत्पादनको नीति लियो । अर्थतन्त्रमा किसानको प्रत्यक्ष योगदान या सक्रियताका निम्ति जनकम्युनको स्थापना अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनकै निम्ति उदाहरण बन्यो । समाजवादी व्यवस्था स्थापना हुने बित्तिकै साम्यवादी व्यवस्थामा छलाङ मार्न खोज्नुले समाजवाद तुहिनसक्नेमा चीन संयमित थियो । त्यसकारण, माओले पाइला - पाइला गरी पुँजीवादी अवशेषहरू खत्तम गरी पूर्णत: समाजवादी व्यवस्थाको बलियो जग तयार पार्नुभयो । त्यसरी स-साना पक्षहरूलाई उपेक्षा गर्दै क्रान्तिपछि नै चीनले धनी देश बन्न ठूल्ठूलो उद्योग र उत्पादन विकासमा मात्र जोड दिएर महत्त्वाकाङ्क्षी नीति लिएको भए चीनको आर्थिक, राजनीतिक तथा सामाजिक जग बलियो हुँदैनथ्यो कि भन्न सकिन्छ ।

यसरी, यस पुस्तकले तत्कालीन सोभियत रुसको राजनीतिक अर्थशास्त्रको आलोचनासँगै चीनको राजनीतिक-आर्थिक इतिहास उजागर गर्छ । माओ त्सेतुङ विचारधाराका केही अध्यायहरू पस्कन्छ । मार्क्सवाद लेनिनवादको आधारशीलामा देशको माटो सुहाउँदो राजनीतिक आर्थिक तथा सामाजिक अभ्यासको आवश्यकताबारे अवगत गराउँछ । पुस्तकमा माओको विचार समयक्रमले व्यावहारिक र सही प्रमाणित गरेको अनुभव हुन्छ साथै पुस्तकको अध्ययनले चिनियाँ अर्थराजनीतिको धरातल बुझ्न सघाउँछ । समग्रमा पुस्तक पठनीय तथा सङ्ग्रहणीय छ ।

## सन्दर्भ : बङ्गलादेशको जुलाई विद्रोह

# साम्राज्यवादीहरूको छद्म युद्ध अध्ययन – ९

✍ रामरतन चौधरी

सन् २०२४ जुलाई १ देखि बङ्गलादेशको हसिना सरकारविरुद्ध भएका विद्यार्थी प्रदर्शनलाई संसारकै प्रथम सफल जेन जी आन्दोलन दाबी गरिन्छ । सरकारी जागिरमा कोटा प्रणालीको विरोधबाट सुरु भएको यो आन्दोलनले अन्ततः सेख हसिनाको सरकार फाल्ने काम गऱ्यो । विशेषगरी यो आन्दोलन जुलाई महिनामा उत्कर्षमा पुगेको हुँदा यसलाई 'जुलाई क्रान्ति' पनि भनियो । यो प्रदर्शन पनि अमेरिकाले चलाएको छद्म युद्ध कथित 'रङ्गीन क्रान्ति' (Colour Revolution) कै सिलसिला हो । संरा अमेरिका अन्य देशमा आफू अनुकूलको सरकार गठन गराउन कुन हदसम्म जान सक्छ भन्ने बुझ्न बङ्गलादेशको 'जुलाई विद्रोह' अध्ययन गर्नु सान्दर्भिक हुनेछ ।

रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले २०२३ डिसेम्बर २५ मा भनेकी थिइन्, "बङ्गलादेशको २०२४ जनवरी ७ मा हुने संसदीय निर्वाचनको नतिजा अमेरिकाको चाहनाअनुरूप नभए उसले बङ्गलादेशमा रंगीन क्रान्ति सुरु गर्नेछ ।" (Asia Times, 2024 August 27, "Chinese Campaign Blames US for Dhaka Regime Change")

### हसिनाको आरोप

अमेरिकी बाइडेन प्रशासनले बङ्गलादेशको शासन परिवर्तन गर्न चाहेको भेउ पाएकी हसिनाले २०२३ अप्रिलको संसद् बैठकमा भनेकी थिइन, "तिनीहरू (अमेरिकीहरू) बङ्गलादेशमा लोकतान्त्रिक अस्तित्व समाप्त पारेर अलोकतान्त्रिक सरकार ल्याउन प्रयासरत छन् । यो प्रजातन्त्रविपरीतको कार्य हुनेछ ।"

हसिनाले सामाजिक सञ्जालमा पनि लेखेकी थिइन् "जब अमेरिकाले सेन्ट मार्टिन टापु चाह्यो, मेरो बुवाले दिन मानेनन्, टापुको बदला उहाँले आफ्नो ज्यान गुमाउनुपऱ्यो । तर, मेरो भाग्य थियो कि मैले सत्तामा रहनको निम्ति आफ्नो देश बेच्ने सोच कहिल्यै बनाइनँ ।" (Hindustan Times, 2025 May 26)

अमेरिकाले आफूसँग पनि 'सेन्ट मार्टिन टापु' मागेको उल्लेख गर्दै हसिनाले सेन्ट मार्टिन टापु र बङ्गालको खाडी अमेरिकालाई नदिइ देशको सार्वभौमिकतासँग सम्झौता नगरेको कारण आफ्नो सत्ता गुमेको दाबी गरिन् ।

### सेन्ट मार्टिन टापु (Saint Martin Island)

सेन्ट मार्टिन टापु बङ्गलादेश र म्यानमारको सीमा नजिक बङ्गाल खाडीको उत्तरपूर्वी क्षेत्रमा अवस्थित छ । यो टापु बङ्गलादेशको लोकप्रिय पर्यटकीय केन्द्र तथा मत्स्य बन्दरगाह कक्स बजार (Cox's Bajar) टेकनाफ प्रायद्वीप (Teknaf Peninsula) को दक्षिणी छेउबाट ९ कि.मि. टाढा छ । यो टापु ३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यसको लम्बाइ ९ कि.मि. छ भने १.२ कि.मि. चौडाइ छ । म्यानमारबाट ५ माइल टाढा रहेको यो टापुमा लगभग ९ हजार मानिस बसोबास गर्छन् । यो टापु पर्यटकहरूको निम्ति प्रसिद्ध छ । पाँच हजार वर्ष पहिले यो टापु टेकनाफ प्रायद्वीपको भाग थियो । समयक्रममा यो टापु समुद्रमा डुब्यो । करिब ४५० वर्ष पहिले फेरि देखा पऱ्यो ।

सन् १९०० को दशकमा यो टापुलाई बेलायतले कब्जा गरेको थियो । सन् १९४७ मा भारत-पाकिस्तान विभाजनपछि यो टापु पाकिस्तानको क्षेत्रमा पऱ्यो भने सन् १९७१ मा पाकिस्तानबाट बङ्गलादेश छुट्टिएपछि बङ्गलादेशको हिस्सा बन्यो । १८ औं शताब्दीमा यसलाई अरबी व्यापारीहरूले 'जजीरा' (Ja Jira) नाम दिएका थिए । ब्रिटिश शासनको समयमा ब्रिटिशका डेपुटी कमिस्नर 'सेन्ट मार्टिन' को नामबाट यो टापुको नामाकरण भयो । यसलाई अङ्ग्रेजीमा कोकोनट आइल्याण्ड, हिन्दीमा नरकल जीजीरा र बङ्गलादेशमा कोरल (Coral) भनिन्छ । माछा, तेल र ग्यासजस्ता प्राकृतिक स्रोत र पर्यटकीय आकर्षणको कारण यो सुन्दर टापुलाई बङ्गलादेशको विशेष आर्थिक क्षेत्र पनि मानिन्छ ।

### अमेरिकी अधिकारीको खुलासा

अमेरिकाका पूर्वविदेश विभाग अधिकारी माइक बेन्ज (Mike Benz) ले २०२५ फेब्रअरी ८ मा क्यालिफोर्नियाका अमेरिकी रुढिवादी राजनीतिक टिप्पणीकार Tucker Swanson McNear Carlson ; "u The Tucker Carlson Show मा अमेरिकी राजनीतिक स्वार्थ सुरक्षित गर्नको निम्ति USAID सम्बद्ध गैरसरकारी संस्थाहरूले बङ्गलादेशलाई अस्थिर बनाउन र सरकार परिवर्तन गराउन अमेरिकी करदाताहरूको कोष परिचालन गरेको खुलासा गरे ।

माइक भन्छन्, "चीनको प्रभावलाई कम गरेर अमेरिकी राष्ट्रिय स्वार्थ सुरक्षित गर्न बङ्गलादेशमा अमेरिकी सैनिक अड्डा स्थापना गर्नु अत्यावश्यक छ । तर, बङ्गलादेशी तत्कालीन प्रधानमन्त्री हसिनाले अस्वीकार गरिन् । त्यसपछि हाम्रा विदेश नीतिका योजनाकारहरूले त्यहाँ शासन परिवर्तन गर्न आवश्यक रहेको निर्णय गरे ।"

बेन्जका अनुसार एकपटक यस्तो निर्णय भएपछि त्यो देशलाई अस्थिर बनाउने सबै विकल्प खुला गरिन्छ । यसको निम्ति विपक्षी शक्तिहरूलाई सहयोग गर्नेदेखि रङ्गीन क्रान्तिका उपायहरू पनि अपनाइन्छ । उनले NED लगायत अमेरिकी एजेन्सीहरूले बङ्गलादेशको राजनीतिलाई अस्थिर बनाउन भूमिका निर्वाह गरेको बताए । बङ्गलादेशको विपक्षी पार्टी बिएनपी (Bangladesh Nationalist Party) लाई सत्तामा पुऱ्याउन असफल भएपछि को एक राजनीतिक शाखा आइआरआई (The International Republican Institute) ले सन् २०१९-२० तिर अमेरिकी विदेश विभागमा रङ्गीन क्रान्तिको योजना पेश गरेको थियो । जसको निम्ति बङ्गलादेशमा १७० जना प्रजातन्त्र समर्थक कार्यकर्ता र ३०४ जना प्रमुख सूचनादाताहरूलाई तयार पारियो । आइआरआईले बङ्गलादेशमा शोषणमा परेका जातीय र सांस्कृतिक समुदायहरू, अल्पसङ्ख्यक समुदाय, PnlhaL6LLGBT -lesbian, gay, bisexual and transgender/ transsexual people) समुदाय र विद्यार्थी प्रदर्शनकारीहरूलाई पनि तयार पाऱ्यो ।

बेन्जले अमेरिकी करदाताहरूको पैसा बङ्गलादेशमा विरोधका गीतहरू गाउने ऱ्याप गायकहरूको निम्ति पनि लगानी गरिएको खुलासा गरे । त्यसको लक्ष्य शान्तिपूर्ण प्रदर्शनको भेषमा रहेका प्रदर्शनकारीहरूलाई उत्तेजित बनाएर दङ्गामा परिणत गराउनु थियो । बङ्गलादेशमा ऱ्यापरहरूमार्फत दुई वटा गीत तयार पारियो । जसमध्ये एउटा गीत सरकारविरुद्ध आक्रोश फैलाउन तयार पारियो भने अर्को गीत नेताहरूलाई अविश्वास गराउन तयार पारियो । यी गीतलाई सरकारविरुद्ध विरोधमा उत्रिएका विद्यार्थीहरूमा प्रचार गरिएको थियो । (ऱ्यापर शेजानको 'कोथा को' (Kotha Ko) र हन्नान हुसेन शिमुलको 'आवाज उठा' (Awaj Utha) गीत बङ्गलादेशी युवाहरूमाझ हिट भएको थियो भने लोकप्रिय गायक एथुन बाबु र मौसुमीको 'देश त तोमर बापर नकी' (Desh ta tomar baaper naki) पनि चर्चामा आएको थियो ।)

सुरुमा आइआरआईले बङ्गलादेशको विभिन्न क्षेत्रहरूको सुक्ष्म अध्ययन गरी अशान्ति फैलाउन सकिने क्षेत्र पहिचान गऱ्यो । सोहीअनुसार आइआरआईले कार्यान्वयन गर्ने प्रभावकारी तरिकाहरू पत्ता लगायो । कार्यान्वयनको क्रममा उनीहरूले बङ्गलादेशमा रहेका आतङ्ककारी, अर्धसैनिक बल, विभिन्न अपराधमा संलग्न अपराधी र वेश्याहरूलाई समेत रकम उपलब्ध गराएर प्रयोग गरेको खुलासा गरे । यसले अमेरिका आफ्नो स्वार्थ पूर्तिको निम्ति कुन हदसम्म जान सक्छ भन्ने प्रस्ट हुन्छ ।

### सेन्ट मार्टिनमा अमेरिकी स्वार्थ

हिन्द महासागरलाई दक्षिणपूर्वी एसियासँग जोड्ने एक महत्त्वपूर्ण समुद्री क्षेत्र बङ्गालको खाडी हो । विश्व बजारमा ऊर्जा आपूर्तिको निम्ति पनि यो क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यहाँ अवस्थित रणनीतिक रूपमा रहेको सेन्ट मार्टिन टापुमाथिको नियन्त्रणले समुद्री यातायातको निगरानी, सञ्चालनको निम्ति सुविधा प्रदान गर्दछ । यसकारण, अमेरिका यस आइल्याण्डमा आफ्नो सैन्य अड्डा राखेर यस क्षेत्रबाट इन्डिया, बङ्गलादेश, चीनलगायतका देशलाई नियन्त्रण गर्न चाहन्छ । चीनको बढ्दो प्रभावलाई रोक्न अमेरिकाले चीन वरपरका देशहरूमा सैन्य उपस्थिति बढाउन चाहन्छ । बीआरआईद्वारा सञ्चालित परियोजनाहरूद्वारा हुने हिन्द महासागर क्षेत्रका जनताको हितलाई नियन्त्रण गर्न पनि अमेरिकाले यो टापुमा आफ्नो सैन्य अखडा राख्न चाहेको हो । चिनियाँ टिप्पणीकारहरू पनि संरा अमेरिका रङ्गीन क्रान्तिमार्फत बीआरआईमा संलग्न देशहरूलाई अस्थिर बनाउन लागि परेको दाबी गर्छन् । बीआरआई विश्वका जनताको साझा लक्ष्यसँग जोडिएको परियोजना हो ।

विश्वको कुल व्यापारको लगभग ५० प्रतिशत र चीनको अधिकांश व्यापार मलाक्का जलडमरु बङ्गालको खाडीबाट हुन्छ । यो क्षेत्र एसिया र अफ्रिकाबिच व्यापार रुटको निम्ति पनि प्रसिद्ध छ । सामुद्रिक व्यापार मार्ग (Maritme Trade Route) को हिसाबले यो क्षेत्र अत्यन्त महत्त्वपूर्ण छ ।

केही विश्लेषक अमेरिकालगायत पश्चिमाहरू यो क्षेत्रमा बङ्गलादेश, म्यानमार र इन्डियाको केही भाग मिलाएर क्रिश्चिनीयाली राज्य (Christian State) बनाउन लागि परेको पनि आशङ्का व्यक्त गर्छन् ।

### सन्दर्भ सामग्री


- Stagecraft and Satecraft, 13 june 2023- Brahma Chellaney
- The Tucker Carlson Show', Tucker Swanson McNear Carlson- 2025 feb 8
- Hindustan Times, 2025 May 26
- Bhaskar english, 2025 june 12
- Asia Times, 2024 August 27, "Chinese Campaign Blames US for Dhaka Regime Change"


*२०८२ मङ्सिर ७ गते*

# बिन्द्रासैनीमा कार्यकर्ता भेला



दैलेख । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ८ मा मङ्सिर ५ गते बिन्द्रासैनीमा कार्यकर्ता भेला भयो ।

नेमकिपा चाबिनपा वडा नं. ८ को गैरे गाउँ टोल समितिका अध्यक्ष भानुभक्त नेपालीको अध्यक्षतामा भएको उक्त भेलामा नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले शासक पार्टीहरूको असक्षमताका कारण देशमा दिनप्रतिदिन अन्योल बढ्दै गएको उल्लेख गर्नुभयो ।

समाजवादी व्यवस्थामा मात्र तल्लो वर्गका जनताले सुखको सास फेर्न पाउने विचार व्यक्त गर्दै उहाँले सिद्धान्तहीन गठबन्धन गर्दै जसरी पनि सत्तामा पुग्ने र देशलाई परनिर्भर बनाउने शासक दलहरू फेरि विभिन्न रूपमा जनताका माझमा जानसक्नेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै जनताको क्रान्तिकारी भावनाले मात्र देशले सही बाटो लिन सक्छ भन्नुभयो ।

दीपक शाहीले वर्गसङ्घर्षको माध्यमबाट अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भेलामा धनकुमारी शाही, कृष्ण ढकाल, लवराज ढकाल, प्रेमबहादुर शाहीलगायतले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

भेलाले प्रेमबहादुर शाहीको अध्यक्षतामा ११ सदस्यीय चाबिनपा वडा नं. ८ को वडा सम्मेलन तयारी समिति गठन गरेको छ ।

# 'राजनीति' र 'नेताहरू' शब्दप्रति नै जनतामा वितृष्णा !

काठमाडौँ । निश्चय पनि आज नेपालमा 'राजनीति' र 'नेताहरू' शब्दप्रति नै साधारण जनताले वितृष्णा अनुभव गरेको देखिन्छ । तर, सबैलाई थाहा भएकै विषय हो कि राजनीति वा राज्य व्यवस्था नभई देश र समाज अहिले चल्दैन । के सत्य हो भने दलहरूका सभापति वा महासचिव वा नेतृत्वले 'वचन पालना नगरेको' 'निर्वाचन घोषणापत्र' अनुसार शासक दलहरूले कार्यान्वयन नगरेको, आफ्नै दलका पदाधिकारी, आसेपासे र नातागोताको मात्रै स्वार्थ हेरेको, व्यक्तिगत, नीतिगत र पार्टीगतरूपले भ्रष्टाचार तथा पक्षपात सबै शासक दलहरूबाट भएको हुँदा जनतामा शासक दल, प्रधानमन्त्री, मन्त्रीहरू र छोटोमा 'राजनीति' शब्दप्रति नै साधारण जनतामा वितृष्णा र घृणाको भावना बढ्यो । त्यसो त भारतमा पनि 'सेतो कुर्ता र सुरुवाल' लाएका काङ्ग्रेसी वा अन्य नेताहरू आएको देख्दा 'प्रणाम नेताजी' भन्छन्, अभिवादन फर्काउँदै तिनीहरू '... नेता' भनी गाली गर्छन् ।

त्यस्तै, 'राजनीतिक भविष्यलाई ध्यानमा राखेर' 'नेताहरू' 'दल बदल' गर्छन् भन्ने पदावली प्रयोग गर्छन् । ती अस्पष्ट वाक्य र वाक्यांशले भन्न खोजेको हो - ती नेताहरू पदको निम्ति भौतारिँदै छन् र माथिल्लो पद पाउनु भनेको मन्त्री, उपमन्त्री वा राज्यमन्त्री आदि पद चाहन्छन् । त्यस्ता विभिन्न दलका माथिल्ला कार्यकर्ताहरूमध्ये कति अर्थमन्त्री हुँदा आफ्नो मन्त्रालयकै कर्मचारी र अन्य मन्त्रीहरू नै नराख्ने काम-कारबाही गर्ने ठाउँमा विदेशी, व्यापारी वा कालाबजारीका दलालहरूलाई प्रदेश दिएका थिए । त्यस्ता पूर्वमन्त्रीहरूले नयाँ दलमा पनि त्यस्तै पद चाहने होलान् । कोही नेताहरू अन्य भ्रातृ सङ्गठन वा मित्र पार्टी फोर्न, पैसा, अन्य लोभ-लालच र रक्सीबाट बानी बिगार्दै कार्यकर्ता बनाउँछन् ।

त्यस्ता दही-चिउरे र पिपलपातेहरू सिद्धान्तच्युत र अरूबाट पालेका व्यक्तिहरूको रूपमा व्यवहार गरेका भए त्यस्ता दलहरूभित्र गलत तत्त्वहरू हतोत्साहित हुने थिए र दल तथा नेताहरूप्रति जनतामा देखिने वितृष्णा र घृणा कम हुँदै जाने थियो ।

### सामन्ती संस्कार र सरकारका मन्त्रीहरू

पुँजी व्यवस्थाको दुई विकल्प छ - एउटा, पुँजीवादको ठाउँमा समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष, दोस्रो हो राजतन्त्रलाई पुनः स्थापना गर्नु । पहिलो विकल्प - प्रगतिशील हो भने दोस्रो विकल्प, प्रतिगामी हो ।

तर, नयाँ पुस्ताको आन्दोलन (जेन-जी) पछि बनेका सरकारका मन्त्रीहरूमा पनि चिनिएका काङ्ग्रेसी र केही अनुहार काङ्ग्रेसी छाप नलागेकाहरू पनि छन् । तर, त्यसरी व्यक्तिहरूलाई खुट्याउनुभन्दा तिनीहरूको कामबाट चिन्नु र भन्नु बढी उपयुक्त होला !

नाता-गोता, जात भाइ र एउटै क्षेत्रलाई प्राथमिकता दिएर मन्त्रीमण्डल बनाउनु, न्यायाधीशहरूको मनोनीत वा नियुक्ति गर्नु आदि सामन्तवादी संस्कार नै हो । विचार, ज्ञान र चरित्रको आधारमा पदमा राख्नु प्रजातान्त्रिक हो; यदि सबै जातिलाई भाग मिलाउने हो भने नीतिबाट एकरूपता आउँदैन । भारतमा 'सार्वजनिक शिक्षामा' प्राथमिकता नदिई दलितहरूको निम्ति निश्चित शिक्षाको कोटा वा कर्मचारीको कोटाको बन्दोबस्त गर्दा आधा शताब्दी बितिसक्दा पनि न दलितहरू सबै साक्षर र प्रतिस्पर्धी बने न त सबै जातजाति र भाषाभाषीहरू नै सबै साक्षर र प्रतिस्पर्धी भए । दलितहरूमा पनि तुलनात्मकरूपमा आर्थिक 'स्तर' माथि भएकाहरूले मात्र अवसरहरू प्राप्त गर्न सके । नीतिगतरूपमै हाम्रो देशको पाइला ठाउँमा नपरेसम्म देश र जनताको हित हुने कुरा मृगतृष्णा साबित हुनेछ ।

नेकाका अर्थमन्त्रीहरू डाक्टर रामशरण महत र प्रकाशशरण महत दुई दाजु भाइ धेरै वर्ष अर्थमन्त्री भए । तर, देशको विदेशी ऋण २७ खर्ब पुग्यो । अहिलेका नयाँ सरकारका अर्थमन्त्रीले डोल्मा कम्पनीलाई ८८ करोडभन्दा बढी छुट दिएको प्रस्तावबारे व्यापक चर्चा छ । 'अघिल्लो साउनमै अस्वीकृत भएको थियो डोल्माको कर छुट प्रस्ताव' कम्पनीलाई *(नेपाल समाचारपत्र, २ मङ्सिर २०८२)* झन्डै १ अर्ब राजस्व छली गरेको बताइन्छ । 'चोरलाई चौतारो' भनेको यही हो !

# के हुँदै छ भेनेजुयलामा ?

● बेन नोर्टन




**प्रश्न : बेन, तपाईंले ल्याटिन अमेरिकाका कुनाकन्दरा चहार्नुभएको छ। भेनेजुयला पनि घुम्नुभएको छ। राष्ट्रपति मादुरोको विषयमा तपाईंको बुझाइ के हो ? के यो सरकारलाई भेनेजुयलाका जनताको समर्थन छ ? कि, उहाँले पनि सिरियाका बसर अल-असदकै नियति भोग्नुपर्ने हो ? तपाईंलाई त थाहै छ, ट्रम्प अहिले भेनेजुयलामा आक्रमण गर्ने तयारीमा छन्। के मादुरोको सरकार पनि असदकै जस्तो ढल्ने त होइन ?**

**मेरो उत्तर :** भेनेजुयला र सिरियाबिच केही समानता छन्। तर, त्योभन्दा बढी असमानता छन्।

भेनेजुयला राजनीतिक रूपमा विभाजित छ। तर, पूर्वराष्ट्रपति ह्युगो चाभेजले सुरु गर्नुभएको बोलिभारियाली क्रान्तिलाई वर्तमान राष्ट्रपति निकोलस मादुरोले निरन्तरता दिनुभएको छ। यसकारण, उहाँलाई भेनेजुयलाका गरिब र कामदार जनताको ठुलो समर्थन छ। अधिकांश धनाढ्य र कुलिनहरू अमेरिकापरस्त र सरकारविरोधी छन्। तीमध्ये धेरैले देश छोडिसकेका छन्। तर, केही अझै पनि भेनेजुयलामै छन्। उनीहरू धेरै त शाकाओजस्ता सम्भ्रान्त इलाकामा बस्छन्।

भेनेजुयलामा अधिकांश जनता राजनीतिक द्वन्द्व र हिंसाले गलेका छन्। उनीहरू स्थायित्व चाहन्छन्। देशभित्रै सक्रिय दक्षिणपन्थी विपक्षका समर्थक धेरै छैनन्। तैपनि, तिनले विरोध प्रदर्शन गर्न खोज्छन्। यस्ता प्रदर्शनमा केही सय मानिस उपस्थित हुँदै आएका छन्। सङ्ख्या सानो भए पनि तिनीहरू शक्तिशाली छन्। तिनको शक्ति निजी कम्पनी, मिडिया र पश्चिम प्रायोजित 'एनजीओ' हरूबाट आउँछ।

मादुरोलाई भेनेजुयलाका जनताले हटाउनेछैनन्। भेनेजुयला सरकार ढलेछ भने एउटै उपायले ढल्नेछ। अमेरिकी सेनाले भेनेजुयलामाथि सिधै आक्रमण गऱ्यो र/वा भेनेजुयलाभित्रै प्रत्यक्ष युद्ध भयो भने मात्र सरकार ढल्न सक्छ। यसको लागि अमेरिकाले इराक, लिबिया, युगोस्लाभिया, पनामा, ग्रेनाडा आदिमा जस्तै राजधानी सहर काराकसमाथि बमबारी गर्नुपर्छ। (ती युद्धमा अमेरिकाले भिन्दाभिन्दै युद्धकला प्रयोग गरेको थियो।)

ट्रम्पले अमेरिकी सेनालाई अन्तर्राष्ट्रिय जलक्षेत्रमा दर्जनौँ भेनेजुयलाबासीको हत्या गर्ने आदेश दिइसकेका छन्। यी आदेश आफैमा गैरकानुनी छन्। ट्रम्पले भेनेजुयलाविरुद्ध प्रत्यक्ष आक्रमण गर्न भनिसकेका छैनन्। भेनेजुयलाभित्र अस्थिरता मच्चाउने अपरेसनहरू सञ्चालन गर्न (अमेरिकी गुप्तचर निकाय) 'सिआइए' लाई अधिकार दिएको भने उनले पुष्टि गरेका छन्।

ट्रम्पले भेनेजुयलाभित्र बमबारी गर्ने योजना बनाइरहेको रिपोर्ट छ। बमबारी गरे अमेरिका चरम आक्रमणकारी कहलिने छ। यस्तो नहोला भन्न पनि सकिन्न। तर, उनले भेनेजुयलामा अमेरिकी सेना पठाइहाल्छन् भन्ने मलाई लाग्दैन। किनभने, भेनेजुयलामा प्रत्यक्ष आक्रमण गरे स्वदेशमा ट्रम्पको लोकप्रियता स्वात्तै घट्नेछ। खासगरी 'मागा' समर्थक उनका मतदाताले त्यसलाई पचाउनेछैनन्। ('मागा' वा 'अमेरिकी गौरव फर्काऔँ' ट्रम्पको चुनावी नारा थियो।)

मलाई भविष्यवाणी नै गर भन्नुहुन्छ भने अमेरिकाले भेनेजुयली भूमिका सैन्य आक्रमण गर्ने सम्भावना ६६ प्रतिशत छ भन्छु। त्यो पनि मिसाइल र/वा हवाई हमला हुन सक्छ। तर, अमेरिकी थलसेनाले आक्रमण गर्ने र त्यहाँका बन्दरगाह, विमानस्थल, प्रमुख राजमार्ग र/वा तेलखानी कब्जा गर्ने सम्भावना २५ प्रतिशत मात्र छ भन्छु।

अमेरिकामा भेनेजुयलाविरुद्ध ट्रम्पको युद्धबारे सर्वेक्षण भएका छन्। सर्वेक्षणले यो पाइला असाध्यै अलोकप्रिय हुने पुष्टि भइसकेको छ। ५५ प्रतिशत अमेरिकी जनताले भेनेजुयलाविरुद्ध आक्रमणको विरोध गर्नेछन्। जम्मा १५ प्रतिशतले मात्र त्यसमा समर्थन जनाउनेछन्। राष्ट्रपति मादुरोलाई हटाउन अमेरिकी फौज प्रयोग गर्ने कुरामा ४५ प्रतिशत अमेरिकी जनताले विरोध गरेका छन् भने १८ प्रतिशतले मात्र त्यसमा समर्थन जनाएका छन्। यद्यपि, जनताको विरोधले मात्र वासिङ्टनको युद्ध नीति नरोकिएको अमेरिकी इतिहास छ।

धेरै अध्ययन अनुसन्धानले यही तथ्य पुष्टि गरेका छन् - अमेरिकी सरकारको नीतिमा जनमतको उति प्रभाव हुन्न।

अमेरिकाको अवैध नाकाबन्दी र आर्थिक प्रबन्धका कारण आर्थिक हिसाबले भेनेजुयलाले चरम कठिनाइ भोग्दै आएको छ। अमेरिकी खटनमा रहेको अन्तर्राष्ट्रिय वित्ततन्त्रमा भेनेजुयलाको पहुँचलाई अमेरिकाले रोक्दै आएको छ। अमेरिकी प्रतिबन्धकै कारण भेनेजुयलाले स्वदेशी इन्धन निर्यात गर्न पाइरहेको छ। साथै, उसले आफ्नै देशको इन्धन पूर्वाधार व्यवस्थापन गर्न सकिरहेको छैन। यसले गर्दा सरकारको कूल राजश्व सङ्कलनमा ९९ प्रतिशत गिरावट आएको छ। यो तथ्याङ्क आर्थिक प्रतिबन्धबारे संयुक्त राष्ट्रसङ्घकी विज्ञ तथा विशेष प्रतिवेदक एलेना दौहनको हो।

सन् २०१९-२०२० मा अमेरिकाले भेनेजुयलामा सत्ताविद्रोह गराउन खोजेको थियो। त्यो बेला भेनेजुयली अर्थतन्त्रमा ठुलो धक्का पुगेको थियो र महँगी अचाक्ली बढेको थियो। आज त्योभन्दा अलि गतिलो स्थितिमा छ भेनेजुयला। महँगी ह्वात्तै घटेको छ। वास्तविक ज्याला बढेको छ। खानालगायत दैनिक उपभोग्य सामान किन्न सकिने भएका छन्। अर्थतन्त्रमा डलरको बोलवाला छ। यसले गर्दा भेनेजुयला सरकारको मौद्रिक सार्वभौमिकतामा क्षय भएको छ।

पछिल्लो अमेरिकी आक्रमणले अन्त्यमा भेनेजुयला सरकारको पक्षमा जनमत बढाइदिने सम्भावना छ। किनभने, त्यसबाट भेनेजुयलामा केवल दुई वास्तविक विकल्प छन् भन्ने प्रस्ट हुनेछ। एउटा मादुरो र दोस्रो अमेरिकापरस्त दक्षिणपन्थी सरकार। अमेरिकाले चरम दक्षिणपन्थी नेतृ मारिया कोरिना मचादोलाई विद्रोहको नाइके बनाउन पैसा पेल्दै आएको छ। अमेरिका उनलाई भेनेजुयलाको शासन सत्तामा बसाल्न चाहन्छ। मचादोले भेनेजुयलाको अपार इन्धन भण्डारलाई निजीकरण गर्न र देशको त्यो सम्पदा अमेरिकी कर्पोरेसनहरूलाई बेच्न चाहेको कुरा खुलेर बोल्दै आएकी छिन्।

भेनेजुयला र सिरियामा एउटा प्रस्ट समानता यही हो। यी दुवै देशविरुद्ध पश्चिमाहरूले आर्थिक युद्ध चलाइरहेका छन्।

सिरिया सरकार ढल्नुको एउटा कारण अमेरिका र युरोपले लगाएको 'सिजर' नाउँको आर्थिक प्रतिबन्ध थियो। त्यस प्रतिबन्धले सिरियाली अर्थतन्त्र धरासयी भएको थियो। सिरियाले प्रत्यक्ष मुद्रामा पहुँच पाएन। यसले गर्दा महँगी अचाक्ली बढ्यो। सिरियाली सेनाले आफ्ना अफिसर र सिपाहीलाई तलब नै दिन सकेन। त्यसैले लडाइँमा तिनको मन मर्दै गयो। खाना र इन्धनको अभाव भयो। सिरियालाई आफ्नै देशको इन्धन र गहुँ खेत प्रयोग गर्न दिइएन। तेलखानी र खेतका चक्लाहरू अमेरिकी फौजको कब्जामा थिए।

एउटा मुख्य भिन्नता सिरियाविरुद्ध चलेको पश्चिम प्रायोजित युद्ध थियो। त्यो युद्ध सन् २०११ मा सुरु भएको थियो।

दशक लामो युद्धका कारण एक राज्यका रूपमा सिरिया निकै कमजोर भयो। सिरियामा धेरै विदेशी शक्तिले आक्रमण गरे। अमेरिका, टर्की र इजरायलले सिरियाका विभिन्न भागमा कब्जा जमाए। देशको ठुलो भूभाग केन्द्र सरकारको नियन्त्रणबाहिर रह्यो। ती इलाका अमेरिका, इजरायल, साउदी अरब, कुवेत र कतारजस्ता देशले पैसा र हतियार दिएका विभिन्न अतिवादी समूह र भाडाका सिपाहीको नियन्त्रणमा थिए।

भेनेजुयलाको अवस्था त्यस्तो होइन। अमेरिकाको आडमा सन् २०१४ र २०१७ मा त्यहाँका दक्षिणपन्थी चरमपन्थीहरूले हिंसात्मक सत्ताविद्रोह गर्न खोजेका थिए। तर, त्यो हिंसा सिरिया युद्धको दाँजोमा केही पनि थिएन।

**प्रश्न : मादुरोको पहिलो र दोस्रो कार्यकाल दुवैमा अर्थतन्त्रको आकार नै बिग्रियो। अहिले कसरी सुध्रियो त ?**


**मेरो जवाफ :** अमेरिकाले सन् २०१५ देखि भेनेजुयलामा नाकाबन्दी लगाउन सुरु गरेको हो। त्यसबेला अमेरिकी राष्ट्रपति बाराक ओबामाले भेनेजुयलालाई 'राष्ट्रिय सुरक्षाका लागि खतरा' करार गरेका थिए। सन् २०१४-१६ मा विश्वमा इन्धनको भाउ पनि स्वात्तै घट्यो। यी दुई कारकले भेनेजुयलामा ठुलो आर्थिक सकस ल्याए।


पछि सन् २०१७ मा ट्रम्पको कार्यकालमा अमेरिकाको अवैध प्रतिबन्ध झन् चुलियो। सन् २०१९ मा ट्रम्पले भेनेजुयलामाथि आर्थिक नाकाबन्दी थोपऱ्यो। (यो नाकाबन्दी क्युबाविरुद्ध अमेरिकाले लगाउँदै आएको नाकाबन्दीको हाराहारीमा पुग्यो। अन्तर्राष्ट्रिय कानुनलाई रद्दीको टोकरीमा फाल्दै अमेरिकाले क्युबाविरुद्ध ६ दशकदेखि नाकाबन्दी लगाउँदै आएको छ।)


नाकाबन्दीको अर्थ भेनेजुयलाले आफ्नो इन्धन निर्यात गर्न पाएन। जबकि त्यो नै सरकारको मूल आयस्रोत थियो। एकतर्फी करकाप नीतिबारे राष्ट्रसङ्घीय विशेष प्रतिवेदक एलेना दौहनले लेखिन्, अमेरिकी प्रतिबन्धका कारण भेनेजुयला सरकारले आफ्नो ९९ प्रतिशत राजस्व गुमायो। ती विज्ञले जोड दिँदै लेखिन्, अमेरिकाको एकतर्फी प्रतिबन्ध अवैध छ; यसले भेनेजुयली जनताको मानवअधिकार हनन गरेको छ; र, त्यहाँको अर्थतन्त्र ध्वस्त पारेको छ।

अमेरिकी प्रतिबन्धले गर्दा भेनेजुयलामा डलरको अभाव भयो। भेनेजुयलामा चल्ने यो दोस्रो मुद्रा हो। डलरको अभावले गर्दा राष्ट्रिय मुद्रा बोलिभारलाई केन्द्रीय बैङ्कले स्थिर राख्न

***बाँकी पृष्ठ ७ मा***



# बेलायतको शरण कानुनमा परिवर्तनको असर

✍ अलेक्स कोजुल राइट

केही दिनअघि बेलायतकी गृहमन्त्री सबाना महमुदले बेलायतमा स्थायी रूपमा बसोवास गर्ने शरणार्थीको स्वचालित अधिकार समाप्त गर्ने प्रमुख सरकारी सुधारका प्रस्तावसामु देशको शरण प्रणालीले काम नगरेको र समुदायमा तीव्र दबाब दिइरहेको बताइन् । मन्त्री महमुदले कागजातविहीन बसाइँसराइले देशलाई विभाजन पारिरहेको गुनासो गरिन् । शरणार्थीसम्बन्धी समस्या जटिल बनिरहेका बेला सरकारले ठोस प्रस्ताव ल्याउँदै छ । यद्यपि, स्वचालित प्रणालीले पूर्वाग्रह मजबुत बनाउने र बालबालिकालाई वयस्कका रूपमा गलत रूपमा वर्गीकृत गर्न सक्छ ।

सोमबार सार्वजनिक गरिने प्रस्तावमा दुई मुख्य पक्ष हुनेछन् । पहिलो, त्यसले पाँच वर्षपछि शरणार्थीका लागि बसोबास स्थितिको स्वचालित मार्ग समाप्त गर्नेछ । र, दोस्रो काम गर्ने अधिकार भएका र आफ्नो पालनपोषण गर्न सक्नेहरू राज्यको सुविधाबाट वञ्चित हुनेछन् ।

गर्मीयाममा शरणार्थीलाई आवास प्रदान गर्ने होटेलबाहिर भएका भयानक विरोध प्रदर्शन र लन्डनमा आप्रवासनविरोधी मार्चपछि सरकारले फ्रान्सबाट समुद्रीमार्ग भएर आउने व्यक्तिलाई नियन्त्रण र शरणार्थीलाई उनीहरूको आफ्नै देशमा फर्काउने नयाँ योजना सार्वजनिक गरेको छ । यसले केही हदसम्म अनियन्त्रित आप्रवासनलाई नियन्त्रण गर्नेछ ।

सन् २०११ देखि खुद बसाइँसराइ प्रतिवर्ष दुई लाखदेखि तीनलाख मानिसको सङ्ख्यामा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस)ले देखाएको छ । यद्यपि, २०२० मा ब्रेक्जिट लागु भएपछि बेलायत प्रवेश गर्ने कागजातविहीन आप्रवासीको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । ओएनएसको तथ्याङ्कले सन् २०२३ को जुनसम्म खुद बसाइँसराइ नौ लाख ६ हजार पुगेको देखाएको छ । तर, त्यसबेलादेखि ती सङ्ख्या नाटकीय रूपमा घटेका पछिल्ला तथ्याङ्कले देखाएको छ । खुद बसाइँसराइ तथ्याङ्क २०२४ मा आधाभन्दा बढीले घटेर चार लाख ३१ हजार पुगेको छ । यो मुख्यतया, गत वर्ष उपलब्ध गराइएका स्वास्थ्य सेवा र विद्यार्थी भिसाको सङ्ख्यामा आएको कमीका कारण भएको हो ।

यसैबिच, बेलायती सञ्चारमाध्यममा फ्रान्सबाट साना डुङ्गामार्फत प्रवेश गर्ने मानिसमा ध्यान केन्द्रित गरे पनि यो समूहले वास्तवमा देशमा प्रवेश गर्ने कुल मानिसको सङ्ख्याको सानो हिस्सा मात्र ओगटेको छ । उदाहरणका लागि सन् २०२४ मा बेलायत आएका ३६ हजार आठ सय १६ जनाले साना डुङ्गाको सहायता लिएका गृह मन्त्रालयले पत्ता लगायो । गत वर्ष जम्मा एक लाख आठ हजार एक सय ३८ जनाले शरण दाबी गरे । तीमध्ये केवल एकतिहाइ साना डुंगामार्फत आएका थिए । तसर्थ, शरणका लागि धेरैजसो दाबी औपचारिक माध्यममार्फत आए ।

शरणार्थीको प्रवाहमा गिरावटका बाबजुद, सत्तारूढ लेबर पार्टीमा असन्तुष्टि व्याप्त छ । अगस्टमा 'युगोभ' ले गरेको सर्वेक्षणमा आप्रवासनविरोधी पार्टी रिफर्म युके सत्तारूढ लेबरभन्दा शरणार्थी मुद्दा सम्हाल्न बढी प्रभावकारी हुने देखिएको थियो । सर्वेक्षणका ३८ प्रतिशत सहभागीले यस्तो धारणा राखेका थिए । सोमबार सरकारले शरणार्थीका लागि स्थायी बसोवासबाट अस्थायी-सुरक्षा मोडेलमा परिवर्तनको घोषणा गर्ने अपेक्षा गरिएको छ ।

हालको नियमले शरणार्थीहरू 'अनिश्चितकालीन रहन अनुमति' का लागि आवेदन दिन सक्षम हुनुअघि पाँच वर्षसम्म बेलायतमा रहन सक्ने व्यवस्था गरेको छ, जसले नागरिकताको ढोका खोल्छ । तर, नयाँ योजनाअन्तर्गत शरण प्रक्रियामार्फत बेलायत प्रवेश गर्नेहरूले स्थायी बसोबास खोज्नुअघि बीसवर्षे प्रक्रिया सामना गर्न सक्छन् । यसबाहेक शरणार्थीको दर्जा पाएका व्यक्तिले आफू आएको देशको अवस्था परिवर्तन भएको छ कि छैन भनेर हेर्नका लागि प्रत्येक ३० महिनामा आफ्नो स्थिति नवीकरण गर्नुपर्नेछ र बेलायतमा बसोवास अझै आवश्यक छ कि छैन भने निर्क्योल गर्नुपर्नेछ ।

महमुदले सबै शरणार्थीलाई आवास र आधारभूत आर्थिक सहयोग प्रदान गर्ने सरकारको कानुनी कर्तव्य खारेज गर्ने योजना रहेको बताउँदै आएकी छिन् । सरकारले अपराध गर्ने, निष्कासन आदेशलाई बेवास्ता गर्ने वा गैरकानुनी रूपमा काम गर्ने व्यक्तिलाई कठोर कारबाही गर्ने अपेक्षा गरिएको छ । यदि उनीहरूको शरण दाबी १२ महिना वा सोभन्दा बढी समयदेखि बाँकी छ भने शरणार्थीले हाल काम गर्ने अनुमतिका लागि आवेदन दिन सक्छन् । शरणार्थी परिषद्को च्यारिटीका प्रमुख कार्यकारी एन्भर सोलोमनले आप्रवासीलाई रोक्नुको सट्टा नागरिकता प्राप्तिको बीसवर्षे प्रक्रियाले मानिसलाई धेरै वर्षसम्म अन्योलमा पार्ने बताउँछन् । 'हामीलाई एउटा प्रणाली चाहिन्छ जुन नियन्त्रित र निष्पक्ष हुनुपर्छ । सरकारले निष्पक्ष रूपमा समयमै निर्णय लिनुपर्छ र यदि कोही शरणार्थी भएको पाइयो भने तिनलाई अगाडि बढाउनुपर्छ,' उनले भने । महमुदको ३० महिनाको जाँच प्रस्तावले शरणार्थीलाई उनीहरूको सम्बन्धित देशमा फिर्ता पठाउन सकिन्छ भन्ने सङ्केत गर्छ । शरणार्थी आउने देशको स्थिति सुधार भएको अवस्थामा उनीहरूलाई फिर्ता गरिन्छ । डेनमार्कमा बहस गरिएको नीतिबाट यो दृष्टिकोण प्रेरित छ । सरकारको सम्भावित नीतिलाई लिएर आएका विभिन्न प्रतिक्रिया मननयोग्य छन् । अक्सफोर्ड विश्वविद्यालयको माइग्रेसन अब्जर्भेटरीले महमुदको सुधारले बेलायतको आप्रवासन प्रणालीलाई युरोपको सबैभन्दा कडा देशमध्ये एक बनाउने बताए पनि कन्जर्भेटिभ सांसद म्याट विकर्सले शरण प्रणालीमा सुधार गर्ने सरकारको नयाँ योजनामा धेरै चालबाजी रहेको बताउँछन् । सरकार विनाकागजात आउने मानिसको उमेर निर्धारण गर्न कृत्रिम बुद्धिमत्तामा आधारित मूल्याङ्कन लागु गर्न चाहन्छ ।

(राइट अलजजिराका लागि लन्डनस्थित बिजनेस मामिलासम्बन्धी पत्रकार हुन् ।)

*अलजजिराबाट*

# सेख हसिनालाई मृत्युदण्डको अर्थ

✍ सहजाद उद्दिन

बङ्गलादेशको घरेलु युद्ध अपराध अदालतले देशकी पूर्वप्रधानमन्त्री सेख हसिनालाई मानवताविरुद्धको अपराधका लागि उनको अनुपस्थितिमा मृत्युदण्डको सजाय सुनायो । अदालतले हसिनालाई २०२४ मा विद्यार्थी नेतृत्वको विद्रोहमाथि राज्यको घातक दमनका क्रममा उत्तेजना, हत्याको आदेश र अत्याचार रोक्न निष्क्रियता देखाएको भन्दै दोषी ठहर गऱ्यो । हसिनाले आफूमाथि लगाइएका सबै आरोप अस्वीकार गर्दै अदालतको निर्णयलाई 'पक्षपाती र राजनीतिक रूपमा प्रेरित' भनेकी छिन् । फैसलापछि जारी एक विज्ञप्तिमा उनले भनिन्, 'म ममाथि लागेका अभियोगको सामना गर्न अदालतमा उपस्थित हुन डराउँदिनँ, जहाँ प्रमाणको निष्पक्ष रूपमा परीक्षण गर्न सकिन्छ ।' हसिनाले बङ्गलादेशको कामचलाउ सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा गऱ्यो कि बङ्गलादेशी सरकारले 'विद्यार्थी प्रदर्शनकारीविरुद्ध सेना तैनाथ गरेको थियो, देख्नेबित्तिकै गोली हान्न आदेश दिएको र मोबाइल डेटा तथा इन्टरनेट सेवा बन्द गरेको थियो । 'संयुक्त राष्ट्र सङ्घको प्रतिवेदनले निष्कर्ष निकाल्यो कि बङ्गलादेशमा प्रदर्शनकारीविरुद्धको हिंसा 'सुरक्षा र गुप्तचर सेवाद्वारा समन्वित तरिकाले गरिएको थियो ।'

एचआरडब्लुले यस्तै ढाँचाको दस्तावेज प्रस्तुत गरेको छ । जनवरी २०२५ को एक ब्रिफिङमा 'गोलाबारुदको अत्यधिक र अन्धाधुन्ध प्रयोगका कारण एक हजारभन्दा बढी मानिस मारिएका र हजारौँ घाइते भएका' उसले बतायो । यी निष्कर्षलाई एम्नेस्टी इन्टरनेसनलले पनि प्रदर्शनकारीमाथि प्रत्यक्ष गोलाबारुदको प्रयोग र बन्दीमाथि दुर्व्यवहार गरिएको दोहोऱ्यायो । अदालतको फैसलाले सुरक्षा



आरोप लैजान चुनौती दिएकी छिन् । बङ्गलादेशी अदालतको फैसला राष्ट्र सङ्घ र अन्तर्राष्ट्रिय मानव अधिकार सङ्गठनले प्रदान गरेका कतिपय प्रमाणमा आधारित छ । फेब्रुअरी २०२५ मा प्रकाशित एक प्रतिवेदनमा तीन साताको अशान्तिमा एक हजार ४०० जना मारिएको संयुक्त राष्ट्र सङ्घ मानव अधिकार उच्चायुक्तको कार्यालयको अनुमान छ । त्यस्तै, थप ११ हजार सात सयजनालाई हिरासतमा राखिएको आयोगले जनाएको थियो ।

प्रतिवेदनले 'मारिएका र घाइते भएका अधिकांशको शरीरमा बङ्गलादेशको सुरक्षा बलले गोली हानेको' र सुरक्षा एजेन्सीले 'मानवताविरुद्धको अपराध हुन सक्ने अधिकार उल्लङ्घनमा व्यवस्थित रूपमा संलग्न भएको' निर्धारण गऱ्यो । संयुक्त राष्ट्र सङ्घको तथ्याङ्कले सुरक्षा दमनमा १८० बालबालिका मारिएको देखाउँछ । अशान्तिको समयमा ह्युमन राइट्स वाच (एचआरडब्लु)ले उल्लेख उपकरणका धेरै शाखाले एकसाथ काम गरेको र मानव अधिकार उल्लङ्घन बढ्दै जाँदा पनि वरिष्ठ अधिकारीले हस्तक्षेप नगरेको प्रमाण स्वीकार गरेको छ । अधिकारको पदमा रहेकाहरूले यस्ता दुर्व्यवहार रोक्ने अपेक्षा गरिएको थियो, तैपनि यसलाई रोक्न सक्ने क्षमताका बाबजुद हिंसा जारी रह्यो ।

अदालतको फैसलाले पीडित परिवारमा भएको क्षतिको सङ्केत गर्छ । राष्ट्र सङ्घका अनुसन्धानकर्ताले सङ्कलन गरेका बयानमा आमाबाबुले आफ्ना बालबालिकाका लागि अस्पताल र प्रहरी स्टेसन खोज्दै दिन बिताएको उल्लेख छ । अस्पतालका कर्मचारीलाई सुरक्षा बलले मृत्युको रेकर्ड परिवर्तन गर्न वा हटाउन दबाब दिएको राष्ट्र सङ्घले रिपोर्ट गरेको छ । एचआरडब्लुका उप-एसिया निर्देशक मीनाक्षी गाङ्गुलीले अशान्तिको समयमा भनेकी थिइन्, 'सेख हसिना सरकारको विरोध गर्ने जोकोहीविरुद्ध सुरक्षा बलको निर्बाध दुर्व्यवहारका कारण बङ्गलादेश लामो समयदेखि समस्यामा परेको छ ।' मुख्य विपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टीले एकपक्षीय र धाँधलीपूर्ण भनी आरोप लगाएको सन् २०२४ को चुनावमा हसिनाले प्रधानमन्त्रीका रूपमा लगातार चौथो कार्यकाल जितिन् । मतदानअघि यसका धेरै प्रमुख नेतालाई निर्वासनमा जान बाध्य पारिएपछि वा जेल हालिएपछि पार्टीले मतदान बहिष्कार गऱ्यो ।

हसिनाको नेतृत्वमा बङ्गलादेशका सुरक्षा बलले विवेकहीन भएर काम गरे । यसमा ऱ्यापिड एक्सन बटालियन अर्धसैनिक बल पनि हो, जसलाई डिसेम्बर २०२१ मा 'गम्भीर मानव अधिकार उल्लङ्घन' को आरोपमा अमेरिकी कोषले प्रतिबन्ध लगाएको थियो । नागरिक समाज समूहले २०२४ को अशान्तिअघि कार्यकर्तामाथि दबाबको अभिलेख राखेका थिए भने पत्रकारले उत्पीडनको सामना गरेका थिए ।

सोमबारको फैसला बङ्गलादेशमा कानुनी शासन र जनताको विश्वास पुनर्स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेको अन्तरिम सरकारका लागि एक महत्त्वपूर्ण क्षणमा आएको छ । सरकारसामु एउटा कठिन प्रश्न यो हुनेछ कि यसले हसिनाको सुपुर्दगी सुरक्षित गर्न सक्छ कि सक्दैन ? हिन्दुस्तान टाइम्सले रिपोर्ट गरेको छ कि बङ्गलादेशी सरकारले पहिले नै भारतलाई पत्र लेखिसकेको छ, जहाँ हसिना सत्ताबाट हटाइएदेखि निर्वासनमा बस्दै आएकी छिन् र उनलाई सुपुर्दगी गर्न आग्रह गरिरहेको छ ।

यदि हसिनाविरुद्ध लगाइएका आरोप राजनीतिक प्रकृतिका हुन् भन्ने मानियो भने भारतले बङ्गलादेशी सरकारको अनुरोधलाई अस्वीकार गर्न सक्छ । दिल्लीले सुपुर्दगी अनुरोधमा सावधानीपूर्वक प्रतिक्रिया दिएको छ, 'यो बङ्गलादेशका जनताको सर्वोत्तम हितप्रति प्रतिबद्ध छ' तैपनि हसिनालाई सुपर्दगी गर्न भारतमाथि दबाब बढ्ने सम्भावना छ । हिंसा र हसिनाको भूमिका मानवताविरुद्धको अपराध हुनसक्ने राष्ट्र सङ्घको निष्कर्षमा आधारित आरोपको गम्भीरताले भविष्यका निर्णयलाई प्रभाव पार्न सक्छ । बङ्गलादेशको अन्तरिम सरकारले सामना गरिरहेको अर्को चुनौती भनेको नयाँ अशान्तिको सम्भावना हो । अदालतको फैसलाअघि राजधानी ढाका र बन्दरगाह सहर चट्टोग्रामका केही भागमा हसिना समर्थक र सुरक्षा बलबिच झडप भएको रोयटर्सले रिपोर्ट गरेको थियो । बङ्गलादेशी प्रहरीले फैसलापछि ढाकामा पार्टी कार्यालयतर्फ मार्च गरिरहेका प्रदर्शनकारीलाई तितरबितर पारेको थियो ।

*(उद्दिन सेन्टर फर अकाउन्टिबिलिटी एन्ड ग्लोबल डेभलपमेन्ट, युनिभर्सिटी अफ एसेक्सका निर्देशक हुन् ।)*

**द कन्भर्सेसनबाट**

***के...***

सकेन । त्यसमाथि अमेरिकामा बस्ने मुद्रा साट्ने सट्टेबाजहरूले मुद्रामार्फत नै ठुलो हमला गरे । अमेरिकाको फ्लोरिडामा यस्तो काम गर्ने डलर टुडेजस्ता काजाबजारिया समूह छन् । यी हमलाको अवधिभरि केन्द्रीय बैङ्कले विनिमय दरलाई स्थिर बनाउने प्रयत्न गरिरह्यो । स्वदेशी मुद्रा बोलिभारलाई जोगाउन थोरै भएको विदेशी मुद्रा पनि खर्च भयो । यिनै यावत् कारणले मुद्रास्फिति चरमचुलीमा पुग्यो ।

ध्यान दिनुपर्ने अर्को महत्त्वपूर्ण पाटो भेनेजुयलाको प्रविधि र इन्धन पूर्वाधार हो । भेनेजुयलाको धेरै प्रविधि र पूर्वाधार गत शताब्दीमा पश्चिमा कम्पनीहरूले नै डिजाइन गरेका हुन् । चाभेजले इन्धन उद्योगलाई राष्ट्रियकरण गर्नुभयो । तर, त्यो उद्योगमा प्रयोग भइरहेको प्रविधिको बौद्धिक सम्पत्ति अमेरिकी र युरोपेली कम्पनीकै हातमा थियो । त्यसकारण, प्रविधिमा भेनेजुयला तिनैमाथि निर्भर हुनुपऱ्यो ।

तसर्थ, आर्थिक प्रतिबन्धले गर्दा इन्धन उद्योगमा प्रयोग भइरहेका उपकरणको मर्मत सम्भार ठप्प भयो । साथै, भेनेजुयलाले इन्धन पूर्वाधारलाई सुचारु राख्न र आधुनिक बनाउनका लागि चाहिने नयाँ मेसिनरी पनि खरिद गर्न सकेन । त्यही भएर भेनेजुयलाको पेट्रोलियम उत्पादनमा भारी गिरावट आयो ।

वास्तवमा अमेरिकी सरकारको 'ऊर्जा सूचना प्रशासन' (इआइए) ले भेनेजुयलाको कच्चा तेलको उत्पादन सन् २००३ यताकै न्यूनतम बिन्दुमा पुग्यो भनेर सन् २०१९ मा धाक लगाएको थियो । (सन् २०१९ को वर्ष त्यहाँ अमेरिकी आडमा हिंसात्मक सत्ताविद्रोह प्रयास भएको थियो ।) अमेरिकाले लगाएको आर्थिक प्रतिबन्धकै कारण भेनेजुयला त्यो अवस्थामा पुगेको समेत 'इआइए' ले स्वीकाऱ्यो ।

पछिल्ला केही वर्षमा अवस्थामा सुधार आएको छ । किनभने, उसले आफ्ना केही मेसिनरीलाई इरान, रुस र चीनको प्रविधिले विस्थापित गर्ने चाँजो मिलायो । इरान, रुस र चीनका प्राविधिकहरूले भेनेजुयलालाई उसको इन्धन पूर्वाधार मर्मत गर्न र समयानुकूल बनाउन मद्दत गरे ।

यसको अर्थ भेनेजुयलाले मूलतः चीनलाई अलि बढी कच्चा तेल निर्यात गर्न सक्यो । इन्धन निर्यात आज पनि सन् २०१५ (अमेरिकाले प्रतिबन्ध लगाएको वर्ष) को दाँजामो न्यून नै छ । तर, ऊ बिस्तारै माथि उठ्दै छ । आज उसले प्रतिदिन १० लाख ब्यारेलभन्दा अलि बढी इन्धन उत्पादन गर्छ । (ट्रम्पको पहिलो कार्यकालमा) अमेरिकाले गराएको पछिल्लो सत्ताविद्रोह यता यो सबैभन्दा उच्च उत्पादन दर हो । यसको अर्थ भेनेजुयलाले अहिले अलि बढी विदेशी मुद्रा कमाइरहेको छ । त्यसको बलमा उसले आफ्नो मुद्रालाई स्थिर पार्दै र महँगी घटाउँदै छ ।

पछिल्ला वर्षहरूमा आर्थिक अवस्थामा उल्लेख्य सुधार भएको छ । वास्तवमा, अहिले भेनेजुयलामा भन्दा बढी मुद्रास्फिति अर्जेन्टिनामा छ । जबकि अर्जेन्टिनामा अमेरिकापरस्त राष्ट्रपति जेभियर मिलेइको रजगज छ ।

**प्रश्न : अहिले भेनेजुयलालाई अन्य ल्याटिन अमेरिकी देशहरूले सघाइरहेका छन् कि ?**

**मेरो उत्तर :** क्युबा र निकारागुआले भेनेजुयलालाई सहयोग गरे । तर, उनीहरू निकै साना छन् र धेरै स्रोतसाधन छैन । ती दुई पनि अमेरिकाको अवैध नाकाबन्दीले प्रताडित छन् । उनीहरूले धेरै त राजनीतिक र कूटनीतिक सहयोग गर्छन् ।

ल्याटिन अमेरिकाका दक्षिणपन्थी सरकारहरू अत्यन्त अमेरिकापरस्त र भेनेजुयलाविरोधी छन् । धेरैजसो वामपन्थी सरकारहरू विदेश नीतिमा अलि बढी स्वतन्त्र छन् । तर, तिनीहरू भेनेजुयलासँग नजिक देखिएर बढी जोखिम मोल्न चाहँदैनन् । तिनीहरू अमेरिका सरकार र देशका दक्षिणपन्थीहरूको डरधम्कीसामु डराउँछन् । यसरी तिनीहरू परोक्ष नाकाबन्दीको खतराबाट जोगिन खोज्छन् ।

भेनेजुयलाको छिमेकी देश कोलम्बिया लामो समयदेखि अमेरिकाको साझेदार रहँदै आएको छ । कोलम्बियाको सत्तामा दशकौँदेखि दक्षिणपन्थी धनाढ्यहरूको रजाइँ छ । आज पहिलोपल्ट कोलम्बियामा वामपन्थी सरकार गठन भएको छ । त्यहाँका राष्ट्रपति गुस्ताभो पेत्रो वामपन्थी हुन् ।

पेत्रोले अमेरिका र भेनेजुयलामाथि अमेरिकी आक्रमणको विरोध गर्दै आएका छन् । जवाफमा ट्रम्पले राष्ट्रपति पेत्रो र उनको परिवारविरुद्ध प्रतिबन्ध थोपरे । यो कोलम्बियाको सार्वभौमसत्ताविरुद्ध ठाडो आक्रमण हो; कोलम्बियाको आन्तरिक मामिलामाथि अमेरिकी हस्तक्षेप हो । यो प्रतिबन्ध यस क्षेत्रका अन्य राष्ट्रप्रमुखहरूलाई धम्की हो; अमेरिकी युद्धबारे बोल्ने र त्यसलाई चुनौती दिने राजनेताहरूलाई चेतावनी हो ।

यसर्थ, पेत्रो अझै पनि खुलेर भेनेजुयलाको नजिक हुन डराइरहेका छन् । यसको अर्को कारण पनि छ । कोलम्बियाका दक्षिणपन्थी मिडियाहरू पेत्रोको बद्ख्वाइँ गर्दै छन् । सन् २०२६ को निर्वाचनलाई हेर्दा यस्तो प्रचारबाजी हानिकारक हुन सक्छ । साथै, उनी आफ्ना वामपन्थी साझेदारहरूलाई दुःखी तुल्याउन चाहँदैनन् ।

अमेरिकी आडमा दक्षिणपन्थी शक्तिहरूले ल्याटिन अमेरिकाका धेरै भागमा आफ्नो प्रभाव बढाइरहेका छन् । भेनेजुयलाविरुद्ध युद्ध अमेरिकी साम्राज्यको ठुलो रणनीतिको एउटा हिस्सा मात्र हो । वामपन्थी र साम्राज्यवादविरोधी प्रतिरोधलाई कमजोर पार्नु र अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूको स्वार्थसिद्ध गर्ने दक्षिणपन्थी कुलिन समूहलाई बलियो पार्नु नै अमेरिकी साम्राज्यवादको ठुलो रणनीति हो । यसरी अमेरिका ल्याटिन अमेरिकाभरि आफ्नो प्रभुत्व जमाउन चाहन्छ । ।

***(भूराजनीतिक अर्थशास्त्रका अध्येता बेन नोर्टनसँग भेनेजुयलाको वर्तमान अवस्थाबारे एक चिनियाँ पत्रकारले लिएको अन्तर्वार्ता लिएका हुन् । स्रोत : एमआर अनलाइन । सम्यक)***

# विचार र सिद्धान्तहीन दल, सच्चा राजनीतिक दल हुन सक्दैन



रामप्रसाद प्रजापति



### राजनीतिक दल

राजनीतिक दल भनेको देशको शासन व्यवस्था सञ्चालन गर्नु आवश्यक नीति नियम बनाउने र जनताको प्रतिनिधित्व गर्न नि:स्वार्थ रूपमा देश र जनताको लागि काम गर्न बनेको समान विचार भएका मानिसहरूको सङ्गठित दल वा समूह हो ।

समान विचार भन्नाले सम्बन्धित दलमा आबद्ध सदस्यहरूले देश र जनताको व्यापक हितका लागि कस्तो राजनीतिक बन्दोबस्त, राज्य संरचना तथा राजनीतिक सिद्धान्त, विचारधारा अङ्गीकार गर्ने भन्ने राजनीतिक विचार र सिद्धान्तप्रति प्रतिबद्ध हुनु अनिवार्य हुन्छ ।

यस अर्थमा राजनीतिक दल खोल्नु सामान्य कुरा होइन । राजनीतिक दल दर्ता र सञ्चालनका लागि समान विचार भएका मानिसहरूले कस्तो राजनीतिक दर्शन, सिद्धान्त, विचारधारा अङ्गीकार गर्ने भन्नेबारे व्यापक अध्ययन गरी राजनीतिक सिद्धान्त र विचारधाराबाट शिक्षित हुनु जरुरी छ ।

तत्पश्चात व्यापक जनतालाई सम्बन्धित राजनीतिक दलले अङ्गीकार गरेको सिद्धान्त र विचारबाट प्रशिक्षित गरी आवधिक निर्वाचनका क्रममा आफ्नो दललाई मत दिन तत्कालीन तथा दीर्घकालीन कार्यक्रमहरूसहितको निर्वाचन घोषणा पत्र तयार गरी जनता (मतदाता) माझ जानुपर्दछ ।

सर्वसाधारण मतदाताहरूले पनि निर्वाचनमा सहभागी विभिन्न राजनीतिक दलहरूका उम्मेदवारहरूको अनुहार र ख्यातिका आधारमा नभई, सम्बन्धित राजनीतिक दलले जारी गरेको निर्वाचन घोषणापत्र तथा त्यो दलले विगतमा घोषणपत्रको कार्यान्वयन गऱ्यो कि गरेन ? त्यो दलले निर्वाचनमा भनाइ एक थरी, व्यवहारमा अर्को थरी गरेको छ कि ? त्यो राजनीतिक दलले अङ्गीकार गरेको राजनीतिक सिद्धान्त र विचारले देशको र व्यापक जनताको हित सम्भव छ कि छैन ? या मुट्ठीभरका मानिसहरूको स्वार्थ अनुकूल राज्य (सरकार) सञ्चालन हुने गरेको छ ? जस्ता विषयमा व्यापक छलफल र सुसूचित भएर मत दिनुपर्ने हुन्छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५ को उपदफा १ (ख) मा राजनीतिक दल दर्ता गर्न आवश्यक कागजातहरूमा घोषणापत्र पनि अनिवार्य गरेको पाइन्छ ।

नेपालमा फितलो छ, दल दर्ता प्रक्रिया नेपालमा राजनीतिक दल दर्ता गर्ने प्रयोजनका लागि राजीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५ ले निर्वाचन आयोगमा राजनीतिक दल दर्ता गर्नका लागि सम्बन्धित दलको प्रमुख पदाधिकारीले केन्द्रीय समितिको निर्णयसहित निम्नबमोजिमका विवरण तथा कागजात संलग्न गरी आयोगमा निवेदन दिन सकिने व्यवस्था गरेको पाइन्छ ।

जसमा (क) दलको विधान, (ख) घोषणापत्र, (ग) दलको झण्डा र चुनाव चिह्नको नमुना, (घ) कम्तीमा ५०० जना नेपाली मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धतापत्र र निजहरूको नागरिकता वा मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपिसहितको हस्ताक्षर, (ङ) अर्को दलको सदस्य नभएको भनी गरेको उद्घोषण पत्र, (च) कम्तीमा एक्काइस सदस्य रहेको केन्द्रीय समितिको व्यवस्था र (छ) आयोगले आवश्यक ठानेका अन्य विवरण तथा कागजात संलग्न गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ ।

उल्लिखितबमोजिमको व्यवस्थाबमोजिम २१ जना नेपाली नागरिकले राजनीतिक दल खोल्ने साच बनाउनुभएको छ भने नेपाल कानुनबमोजिम नयाँ राजनीतिक दल दर्ता गर्न अर्थात् राजनीतिक दल खोल्न खासै गाऱ्हो विषय देखिएन ।

यहाँ स्मरणीय छ कि २५ जना नेपाली नागरिकहरू मिली सहकारी खोल्न सक्ने कानुनी व्यवस्थालाई संशोधन गरी अहिले ३० जना आवश्यक पर्ने र त्यो सहकारी संस्थाले निश्चित क्षेत्र (सानो एरिया) मा मात्रै कारोबार गर्न सकिने व्यवस्था गरेको छ ।

तर राजनीतिक दलसम्बन्धी नेपाल कानुनले २१ जना नेपाली नागरिकहरूले कुनै नयाँ राजनीतिक दल खोल्ने इच्छा गरेको खण्डमा अन्य ५०० जना सामान्य चिनजान भएका वा आफन्त, परिवारजनका मतदाताहरूको विवरण सङ्कलन गरी तिनीहरूको सदस्यता लिने प्रतिबद्धतापत्र तथा अन्य कुनै दलको सदस्य नभएको उद्घोषण पत्र तयार गरी निर्वाचन आयोगमा पेश गरेपछि राजनीतिक दल खोल्न सकिने देखियो ।

दलको विधान र घोषणापत्र कसैको सारे वा नक्कल गरे भै गो । झण्डा र निर्वाचन चिह्न त जो सुकैले जस्तोसुकै अर्थात् मनमा आएजस्तो बनाए भै हाल्यो । जस्तो उडाहरणका लागि नयाँ दलको प्रस्तावित नाम उज्यालो नेपाल पार्टी, निर्वाचन चिह्न चिम ।

अझ दफा ५ को उपदफा (४) ले आयोगमा परेको नयाँ दल दर्ताको निवेदन संविधान र ऐनबमोजिमको देखिएको खण्डमा ४५ दिनभित्र दल दर्ता गरी दर्ता प्रमाणपत्र दिनुपर्ने अन्यथा दर्ता हुन नसक्ने कारण खुलाई जानकारी दिनुपर्ने व्यवस्था गरेको पाइन्छ ।

### सहकारी दर्ताभन्दा सजिलो दल दर्ता

यस अर्थमा नेपालमा राजनीतिक दल दर्ता गर्न सहकारी संस्था दर्ता गर्नभन्दा सजिलो देखिएको अवस्था विद्यमान छ । यस्तो कानुन र अवस्था हुनुका पछाडि विविध कारण र पक्ष होलान् । नेपाली जनताले राजनीतिक सुझबुझ, राजनीतिक चेतनास्तरको उचाइ लिन नसक्नु एक महत्त्वपूर्ण कमजोरी रहेको देखिन्छ ।

जुन दलहरू तत्काल हुने आवधिक निर्वाचनमा राजनीतिक रूपमा सुसूचित हुन नपाएका अलिअलि चेतना भएपछि पूर्णता नपाएका, राजनीतिक दलहरूले आफ्नो कर्तव्य र दायित्व ठानेर राजनीतिक चेतनास्तर बढाउने कुनै कार्यक्रम, प्रशिक्षण र कक्षा सञ्चालन नगरेको कारण राजनीतिक कक्षामा बसेर राजनीतिक चेतनास्तर उठाउन नसकेका, गरिब निमुखा, श्रमिक, मजदुर र किसानजस्ता काम गरी खाने वर्गका सर्वसाधारण जनतालाई ससाना लोभ, लालच, झुक्यानमा पारी मत लिने र तुरुन्तै सत्तामा पुग्ने वा राज्यसत्तासँग विभिन्न कुरामा मोलमोलाइ गरी आफ्नो स्वार्थपूर्ति गर्ने, देशलाई भड्खालोमा पुऱ्याउने गरेको पाइन्छ ।

जस्तो उदाहरणको लागि राजनीतिक दलको रूपमा दर्ता भएको ६ महिनापनि नबित्दै रास्वपाले चौथो दलको रूपमा उडायो । निर्वाचनका क्रममा कुन राजनीतिक सिद्धान्त र विचारबाट उत्प्ररित दल हो ? कस्तो राजनीतिक बन्दोबस्तका लागि बनेको दलको केही नभनी देशमा व्याप्त भ्रष्टाचार र पुराना दलहरूको विरोध गर्दै निर्वाचनमा केही सिट जितेको दल निर्वाचनलगत्तै सरकारमा उपप्रधानमन्त्रीको पदसहित सत्तारोहण गऱ्यो । तर त्यो दलको विडम्बना र त्यस्ता राजनीतिक दलहरूले जनतालाई राजनीतिक रूपमा सुसूचित गर्नुको साटो सस्तो लोकप्रियताका आधारमा देशको अवस्थालाई झनै धमिल्याएको स्पष्ट छ ।

त्यसैले राजनीतिक सिद्धान्त र विचारविहीन दल, राजनीतिक दल हुन सक्दैन । त्यो एउटा मानिसहरूको समूह, झुण्डजस्तो मात्रै हुने निश्चित छ । जो समयको परिवर्तन सँगसँगै आउँछ, बिलाउँछ ।

### संविधानमा के छ ?

नेपालको संविधानको धारा २६९ ले राजनीतिक दलको गठन, दर्ता र सञ्चालनसम्बन्धी व्यवस्था गरेको पाइन्छ । जसमा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले राजनीतिक दल गठन गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको पाइन्छ ।

धारा २६९ को उपधारा (२) ले राजनीतिक दलको विधान, नियमावली, पदाधिकारी, कार्यकारिणी समिति, दलको नाम, उद्देश्य, चिह्न वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकता, विखण्डन गर्ने प्रकृतिको हुन नहुने व्यवस्था गरेको पाइन्छ ।

धारा २७० ले यसरी दर्ता भएको राजनीतिक दल र दलको कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी कानुन बनाउने वा कुनै निर्णय गर्न नहुने, गरेमा संविधान प्रतिकूल मानिने र स्वत: अमान्य हुने संवैधानिक व्यवस्था छ ।

यसरी नेपालको संविधानले राजनीतिक दललाई कुनै पनि हालतमा प्रतिबन्ध नलगाउने सुनिश्चितता गर्नुका साथै बहुदलीय प्रजातान्त्रिक व्यवस्था विपरीत कानुन बनाउने वा निर्णय गरिने छैन भन्ने कुरा पनि सुनिश्चित गरेको पाइन्छ ।

### च्याउझैँ नयाँ दलहरूको लर्को

भाद्र २३ र २४ को प्रदर्शनपछि गठित सुशीला कार्की नेतृत्व सरकारले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने घोषणा गर्दै दल दर्तालगायतको निर्वाचन कार्यक्रम प्रकाशित गरेपछि हालसम्म १० नयाँ राजनीतिक दल दर्ता भएको समाचार छ ।

त्यस्तै फागुन २१ गते हुने निर्वाचनमा भाग लिने प्रयोजनका लागि सहभागी हुन इच्छुक दलहरूले मङ्सिर १० गते भित्र निर्वाचन आयोगमा दल दर्ता गर्न पर्नेमा हालसम्म ४० वटा राजनीतिक दलहरूले निर्वाचनमा भाग लिन दल दर्ता गराएका छन् ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम निर्वाचनमा भाग लिन चाहने निर्वाचन आयोगमा दर्ता भएका दलले आयोगले तोकेको कार्यविधि पूरा गरी आयोगमा दल दर्ता हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेको पाइन्छ ।

यसरी निर्वाचन भाग लिन दर्ता भएका राजनीतिक दलको नामावली आयोगले नेपाल राजपत्रमा प्रकाशित गर्ने व्यवस्था छ ।

राजनीतिक दलको उद्देश्य सत्तामा जाने हो । तर, व्यापक जनता राजनीतिक रूपमा सचेत र सङ्गठित नभईकन, जनताको बहुमत प्राप्त नभएको अवस्थामा पनि जसरी पनि सत्तामा पुग्न गरिने राजनीति वास्तवमा राजनीति होइन । त्यस्ता दलहरू राजनीतिक दल पनि होइनन् । फोहरी राजनीति गर्न च्याउझैँ उम्रिएका त्यस्ता दलहरूबाट जनताको व्यापक हितको आशा गर्न सकिँदैन ।

### पुरानोको विकल्प नयाँ होइन

त्यसैले पुराना दलहरूको विकल्प नयाँ दल हुन सक्दैन । नयाँ राजनीतिक दलहरूले कस्तो राजनीतिक सिद्धान्त र विचार अङ्गीकार गरेको छ ? कस्तो निर्वाचन घोषणापत्र प्रकाशित गरेको छ ? निर्वाचन घोषणापत्रको परिपालना (कार्यान्वयन) व्यवहारमा गरेको छ कि छैन ? सुझबुझका साथ मतदान गर्न जरुरी छ ।

यसका लागि व्यापक कामगरी खाने जनता राजनीतिक रूपमा सुसूचित हुनुको विकल्प छैन । अन्यथा मुट्ठीभरका मानिसहरूले व्यापक जनतालाई जहिल्यै शासन गरी नै रहनेछ । परिवर्तनको अर्थ व्यापक परिवर्तन हो ।

व्यापक जनता सत्तामा पुग्ने, व्यापक जनताले देश र जनताको हितमा निर्णय गर्ने बन्दोबस्त समाजवादी व्यवस्थामा हो । पुँजीवादी व्यवस्थामा मुट्ठीभरका पुँजीपतिहरूले शासनसत्ता आफू अनुकूल प्रयोग गर्ने गरेको पाइन्छ ।

जस्तो नेपालमा ८५ प्रतिशत धनराशी १५ वटा परिवार (व्यापारिक समूह) को हातमा रहेको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कबाट देखिएको विज्ञहरूको भनाइ छ ।

यो अवस्थामा परिवर्तन ल्याउन व्यापक कामगरी खाने जनता एकजुट हुनुको विकल्प छैन । समाजवादी व्यवस्थाको पक्षमा मतदात गर्नुभन्दा अर्को उपाय छैन ।

*२०८२ मङ्सिर ७*

# समाजवादी व्यवस्थामा जनताका आधारभूत आवश्यकता सुनिश्चित हुने

भक्तपुर । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजवादी व्यवस्थामा जनताका आधारभूत आवश्यकताको सुनिश्चितता हुने बताउँदै भक्तपुर नगरपालिकाले समाजवादउन्मुख काममा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ३ नासमनामा मङ्सिर ७ गते आयोजित नगरपालिकाको सेवाप्रवाह र समसामयिक विषयमा जानकारी दिने सभामा बोल्दै उहाँले नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणको साथसाथै नागरिकहरूलाई सीपयुक्त बनाउन विभिन्न तालिमहरू सञ्चालन, गरिब तथा जेहेनदारलाई छात्रवृत्ति र शैक्षिक ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुरलाई शैक्षिक हबको रूपमा विकास गर्न नपा प्रयासरत रहेको बताउँदै उहाँले नगरपालिकाबाट सञ्चालित




आवास योजनाका कारण भक्तपुर सुन्दर, व्यवस्थित र आकर्षक नगरको रूपमा विकास भएको यथार्थबारे प्रस्ट पार्नुभयो ।

उपप्रमुख जोशीले नेपालले छिमेकी देश चीनको विकासबाट धेरै कुरा सिक्न सकिने बताउँदै बढ्दो सहरीकरण र अस्वस्थ जीवनशैलीका कारण नसर्ने रोगको जोखिम बढिरहेको हुँदा जनतालाई सचेत पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रमका सभापति एवं भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले नगरपालिकाका गतिविधिबारे जनतालाई जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउँदै वडाको काममा अवरोध गर्ने र जनतालाई दु:ख दिनेहरूबाट सतर्क हुनुपर्ने बताउनुभयो ।

उहाँले अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउनकै लागि नगरपालिकाले आवास योजना सञ्चालनमा ल्याएको बताउँदै नपाका जनप्रतिनिधिहरू नगरको विकासमा अहोरात्र खटिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले देको मिवा आवास योजनाबारे उठेका विवाद र जनताको समस्यालाई हल गरेर आयोजना अगाडि बढ्ने बताउँदै जनतालाई सुविधा दिने उद्देश्यले नै आयोजना सञ्चालनमा आएको हो भन्नुभयो ।

नेक्राकिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वले नेमकिपा स्थापनाको उद्देश्यमाथि प्रकाश पार्दै कामदारवर्गलाई राजनैतिक रूपमा प्रशिक्षित गरी सङ्गठित पार्ने अभियानमा पार्टीले काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले ख्वप अस्पताल जनताबाट निर्मित जनताको अस्पताल हो भन्दै अस्पतालले नवीनत्तम सेवासुविधाहरू उपलब्ध गराउँदै आएको प्रस्ट पार्नुभयो । अस्पतालले छिट्टै सिटी स्क्यानको सेवा सुरू गर्ने तयारी गरिरहेको बताउँदै उहाँले ख्वप अस्पतालको चारवटै भवनबाट पूर्ण रूपमा सेवा दिने तयारी भइरहेको बताउनुभयो ।

नेमकिपा ३ वडाका संयोजक रामसुन्दर खाताखोले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले नगर विकासको लागि गरिरहेको योगदान उल्लेखनीय रहेको बताउँदै नगर विकासमा नगरवासीहरूको साथ र सहयोग महत्त्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ३ का वडा सदस्य एवम् कार्यपालिका सदस्य सुनिता अवाल र वडा सदस्य कृष्णगोपाल चौगुठीले पनि वडाको सेवा प्रवाहबारे प्रस्ट पार्नुभएको थियो ।

# भक्तपुरलाई उत्कृष्ट नगर बनाउने प्रयास जारी




भक्तपुर। भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा नगरपालिकाको सेवाप्रवाह र समसामयिक विषयमा आयोजित जानकारी सभा भक्तपुरको सूर्यमढी टोलमा मङ्सिर ४ गते सम्पन्न भयो।

सभामा नगर प्रमुख सुनिल प्रजापतिले नगरको शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका गतिविधिहरूको जानकारी जनसभामार्फत दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको उल्लेख गर्दै नगरको सन्तुलित विकासमा जनताको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो।

भक्तपुर नपाले नपाका गतिविधिहरू पारदर्शी ढङ्गले सार्वजनिक गर्दै आएको स्पष्ट पार्दै उहाँले जनताको एक मनको एकताले भक्तपुरलाई आदर्श नगरको रूपमा विकास गर्न सहज भएको बताउनुभयो।

भक्तपुरलाई संसारकै उत्कृष्ट नगरको रूपमा विकास गर्ने प्रयत्न गरिरहेको औँल्याउँदै उहाँले विदेशी सहयोगबिना नै भक्तपुरले आत्मनिर्भर ढङ्गले यहाँको विकास गरिरहेको बताउनुभयो।

राजनीति पक्षपात, गुण्डागर्दी र ध्वंसात्मक गतिविधि गर्ने नभई जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र भएको बताउँदै उहाँले जनताको साथ र सहयोगले भक्तपुरलाई उदाहरणीय नगरको रूपमा स्थापित गर्न सफल भएको स्पष्ट पार्नुभयो।

देको मिवा इतापाके आयोजनालाई छिटोभन्दा छिटो सम्पन्न गर्ने ढङ्गले आयोजनाले काम गर्दै आएको बताउँदै उहाँले आयोजनाविरोधी गतिविधि गर्नेहरूबाट जनता सचेत हुनुपर्ने र जनप्रतिनिधिको अपमान गर्नु भनेको जनताको पनि अपमान गर्नु हो भन्नुभयो।

भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सम्बन्धन दिने विषयमा पनि राजनीतिक चलखेल भइरहेको स्पष्ट पार्दै उहाँले भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पताल स्थानीय तहबाट सञ्चालित उत्कृष्ट संस्थाहरू भएको बताउनुभयो।

अन्तरिम सरकारले चुनावलाई शान्तिपूर्ण र मर्यादित ढङ्गले सम्पन्न गर्न सके मात्र देश स्थिर रहने बताउँदै उहाँले देशलाई दीर्घकालीन असर पुग्ने काम अन्तरिम सरकारले गर्न नहुने स्पष्ट पार्नुभयो।

नेमकिपाले किसानहरूको मोहियानी हक सुनिश्चित गरेको स्मरण गर्दै उहाँले किसानको हक हितको निम्ति नपाले निरन्तर आवाज उठाउँदै आएको र किसानहरूलाई राजनैतिक रूपले सङ्गठित पार्ने काम गर्दै आएको बताउनुभयो।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नगरपालिकाले नगरको भौतिक विकाससँगै जनताको राजनैतिक र सांस्कृतिक स्तर उकास्ने काम गर्दै आएको बताउँदै नगरको सुरक्षालाई ध्यानमा राखी ठाउँ ठाउँमा सीसी क्यामेरा जडानमा जोड दिँदै आएको बताउनुभयो।

भक्तपुर नपाले सञ्चालन गरेको आवास योजनाले नगरलाई सुन्दर र व्यवस्थित बनाएको बताउँदै उहाँले देको मिवा इतापाके आवास योजना तुलनात्मक हिसाबले अन्य आयोजनाभन्दा व्यवस्थित रहेको बताउनुभयो।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि गङ्गाराम ज्याख्व, नेमकिपा ९ का पार्टी इन्चार्ज कृष्णभक्त लवजूले नेमकिपाले जनताको हितमा गरिरहेको कामबारे अवगत गराउनुभयो।

भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले नगरपालिकाले जनताको सल्लाह र सुझावअनुसार नगरका गतिविधि अगाडि बढाउँदै आएको स्पष्ट पार्दै लिबाली आवास क्षेत्रमा खानेपानी समस्या समाधानको लागि वडाले विशेष पहल गर्दै आएको बताउनुभयो।

त्यस्तै ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले कलेज र अस्पतालको सेवा प्रवाहबारे अवगत गराउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैँया सुजखू र स्थानीय रवीन्द्रप्रसाद कुसीले पनि बोल्नुभएको थियो।

### विकास निर्माण उपभोक्ता मोडेलमा

भक्तपुर। भनपा वडा नं. ६ वडा कार्यालयको आयोजनामा मङ्सिर ३ गते कार्यालयको सेवा प्रवाह तथा समसामयिक विषयमा जानकारी सभा भयो।

उक्त सभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सम्पदा संरक्षणले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन मद्दत पुऱ्याएको उल्लेख गर्दै 'उपभोक्ता मोडेल'मा विकास निर्माणका कार्यहरू भइरहेको स्पष्ट पार्नुभयो।

भक्तपुरका जनताको एकमनको एकताले आदर्श समाज निर्माणमा सहयोग पुगिरहेको विचार व्यक्त गर्दै उहाँले मूर्त-अमूर्त सम्पदा संरक्षण गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने काम भइरहेको बताउनुभयो।

जनताको साथबिना नपाको विकास सम्भव नहुने स्पष्ट पार्दै प्रमुख प्रजापतिले जनहितको लागि गरेको काममा भएको अवरोधले विकासको गतिलाई पछाडि धकेल्छ भन्नुभयो।

"जनताको समस्या समाधान जनप्रतिनिधिले गर्ने हो, भीडले होइन", उहाँले भन्नुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वले किसान सङ्घले किसानहरूको हक हितको निम्ति आवाज उठाउँदै आएको स्पष्ट पार्दै मोहियानी हक कायम गर्न, गुठी जग्गा रैतानी गर्न किसान सङ्घले सङ्घर्ष गर्दै आएको बताउनुभयो।

किसानहरूको जीवनस्तर उठाउन, सांस्कृतिकस्तर उठाउन नेमकिपाले महत्त्वपूर्ण भूमिका निभाएको उल्लेख गर्दै उहाँले व्यक्तिगत स्वार्थ पूरा गर्न परिवार र समाज नभन्नेहरूबाट सतर्क हुनुपर्छ भन्नुभयो।

कसैले कसैलाई उक्साउने, भड्काउने कार्य बन्द गर्नुपर्नेमा जोड दिँदै उहाँले सत्य डग्दैन झूटो टिक्दैन भन्नुभयो।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले आवास योजना विफल पार्ने काम कसैको हितमा नभएको औँल्याउँदै सङ्घर्ष समितिको नाउँमा जनप्रतिनिधि र कर्मचारीको बदनाम गर्न खोज्नु उचित होइन भन्नुभयो।

"जनताको माग सम्बोधन गर्न आयोजना तयार छ, समाज विखण्डन गर्नेहरूदेखि सचेत हुनुपर्छ", उहाँले भन्नुभयो।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडामा अरनिको सभाभवन निर्माणको काम, सुन्दरीगोपाल मन्दिर पुन:निर्माण र खानेपानी पाइप बिछ्याउने कार्य भइरहेको उल्लेख गर्दै आवास योजनासँग असम्बन्धित व्यक्तिहरूले देको मिवा आयोजनामा घुसपैठ भएर विरोध गरिरहेको बताउनुभयो।

सभामा महिला वडा सदस्य रोसनमैँया सुवालले कानुनी र व्यवहारिक ढङ्गले भनपाले जनताको समस्या हल गरिरहेको बताउनुभयो।



# नेमकिपाले क्रान्तिकारी संसद्वादको नीतिअनुरूप निर्वाचन उपयोग गर्ने

सुर्खेत। नेपाल मजदुर किसान पार्टी, सुर्खेत जिल्ला समितिको आयोजनामा मङ्सिर ५ गते वीरेन्द्रनगरमा कार्यकर्ता प्रशिक्षण सम्पन्न भयो।

कार्यक्रममा नेमकिमाका केन्द्रीय सदस्य एवम् कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईले भदौ २३ र २४ गतेको घटनाको जिम्मेवारी तत्कालीन सरकारमा रहेका पार्टीमात्र नभएर हालसम्म सरकारमा गएका सबै शासक पार्टीहरूले लिनुपर्ने भनाइ राख्नुभयो। उहाँले एमाले र नेकाको सरकार पूर्णत: असक्षममात्र होइन राज्यका महत्त्वपूर्ण संरचनाहरू कति कमजोर रहेछ भन्ने कुरा भदौ २३ र २४ गतेको घटनाले पुष्टि गरेको विचार राख्नुभयो। उहाँले नेमकिपाले क्रान्तिकारी संसद्वादको नीतिअन्तर्गत चुनावमा भाग लिँदै आएको भन्दै निर्वाचनलाई आन्दोलनको रूपमा लिने विचार राख्नुभयो।

पुँजीवादी व्यवस्थामा भ्रष्टाचारको अन्त्यको कुरा आकाशको फलजस्तै हुने भन्दै उहाँले तर युवा पुस्ताले भ्रष्टाचारको अन्त्यको निम्ति आवाज उठाउनु सकारात्मक हो भन्नुभयो। नेपालको सन्दर्भमा क्रान्तिकारी भूमिसुधारले मात्र क्रान्तिको रूप लिने भन्दै उहाँले उत्पादनका साधन सामाजिकीकरण, शिक्षा र स्वास्थ्यको नि:शुल्क बन्दोबस्त, विकासमा समान अवसरको बन्दोबस्त गर्नु नै क्रान्ति हो भन्नुभयो।

नेमकिपा, सुर्खेत जिल्ला समितिका अध्यक्ष हरिबहादुर बोहराको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पार्टीका सल्लाहकार समिति सदस्य नर्मा गुरुङ, पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्का, प्रदेश समिति सदस्य धनेन्द्र विक, पार्टी जिल्ला समितिका उपाध्यक्ष अकल राना, सचिव लालबहादुर थापालगायतले आफ्नो विचार राख्नुभएको थियो।

कार्यक्रममा सहभागीले पार्टीका सदस्य तथा जनवर्गीय सङ्गठनका सदस्यहरूबिच पार्टी नीति तथा कार्यक्रमबारे अन्तरक्रिया भएको थियो।

# कृषिमा समर्पित अनुशासित युवा आजको आवश्यकता

काभ्रे। नेपाल मजदुर किसान पार्टीप्रति आस्थावान किसानहरूको भेला पार्टीका केन्द्रीय सदस्य कृष्णबहादुर तामाङको उपस्थितिमा काभ्रेको तिमाल गाउँपालिकामा मङ्सिर ३ गते सम्पन्न भयो।

उक्त भेलामा केन्द्रीय सदस्य तामाङले नेपाल मजदुर किसान पार्टी स्थापनाको जग नै किसान आन्दोलनबाट भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "देशको अर्थतन्त्र आत्मनिर्भर बनाउन कृषि उत्पादनमा जोड दिनुका साथै युवाहरूलाई देशमा नै रोजगारीको बन्दोबस्त गर्नुपर्छ। देश विकासको आधार तयार गर्न आयातमुखी अर्थतन्त्रबाट निर्यातमुखी बनाउनुपर्छ। यसको लागि युवाहरू विकृति र विसङ्गतिबाट टाढा भई अनुशासित भएर उत्पादनशील क्षेत्र कृषिमा समर्पित हुन आवश्यक छ।"

नेमकिपा वाग्मती प्रदेश सदस्य जी.पी. लासिवाले कामदार जनताको स्वर्ग भनेको समाजवादी व्यवस्था भएकोले सम्पूर्ण जनताले नि:शुल्क र अनिवार्य शिक्षा, नि:शुल्क स्वास्थ्य उपचार, युवाहरूको रोजगारीको अवसरका साथै गाँस-बास-कपासको व्यवस्थाको लागि नेमकिपाले समाजवादी व्यवस्थाबारे जनतालाई सचेत पार्ने कार्य गर्दै आएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिलेसम्म सरकारमा गएका पुँजीवादी पार्टीहरूले निर्वाचनमा पैसा बाँड्ने, भोजभतेर खुवाउने र सामान बाँडी निर्वाचन जित्ने र त्यसको असुलउपर गर्न आफ्नो निर्वाचन क्षेत्रमा नगई काठमाडौँमा बसेर भ्रष्टाचार गर्दै आएकोले तिनीहरूको विरोधमा जनताले आक्रोस देखाएकोले आजको परिस्थिति सृजना भएको हो।"

उहाँले सिद्धान्त र कार्यकर्ताहरूको इमानदारिता र प्रतिबद्धता मुख्य कुरा भएको धारणा राख्दै जेन-जीको नाममा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायतका सम्पत्तिहरू जलाउनु र तोडफोड हुनुमा सरकारमा रहेका सबै दल र निकायहरू जिम्मेवार भएको बताउनुभयो।

कार्यक्रममा के.पी. कोजुले नेमकिपाले निर्वाचनलाई जनतालाई राजनैतिक रूपले सचेत पार्ने अवसरको रूपमा उपयोग गर्ने र निर्वाचित भएको ठाउँमा निर्वाचन घोषणापत्रअनुसार काम गरेको बताउनुभयो।

उहाँले पुँजीवादी सरकारले काम गरिखाने वर्ग मजदुर र किसानको हितमा काम नगर्ने भएकोले नै यहाँका किसानहरूले दु:ख पाइरहेको बताउनुभयो।

स्थानीय किसान चन्द्रबहादुर तामाङले भ्रष्टाचार र पक्षपातको विरोधमा आवाज उठाउन नेपाल मजदुर किसान पार्टी सधैं क्रियाशील हुँदै आएको बताउनुभयो।

# शिक्षक सङ्घद्वारा अक्टोबर क्रान्तिको स्मरण

भक्तपुर। अक्टोबर समाजवादी क्रान्ति दिवसको अवसरमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ गणेश माध्यमिक विद्यालय भार्वाचोले मङ्सिर ७ गते शिक्षक भेला सम्पन्न गऱ्यो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले सोभियत समाजवादी क्रान्तिले युरोपकै बिरामीका रूपमा चित्रण गरिएको देशलाई समाजवाद निर्माणको क्रममा पुँजीवादी देशहरूले दुई सय वर्ष लगाएर गरेको प्रगति तीस वर्षमै गरेको चर्चा गर्दै विश्व राजनीतिको इतिहास अक्टोबर समाजवादी क्रान्तिबिना अपूरो रहने बताउनुभयो।

सोभियत सङ्घमा समाजवादी व्यवस्था रहँदा विश्वभरिका मानिसहरूलाई डाक्टर, इन्जिनियर, प्राध्यापकलगायत विविध विषयका विज्ञ बनाएको घटनालाई सम्झँदै उहाँले सोभियत समाजले चीनलगायतका देशहरूमा समाजवादी व्यवस्था स्थापना गर्न बाटो देखाएको थियो भन्नुभयो।

उहाँले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, उद्योग, विज्ञान र प्रविधिमा गरेको विकासले समाजवादी व्यवस्था नै आजसम्मको उत्कृष्ट व्यवस्था भएको प्रमाणित भएको छ। सोभियत समाजवादको अस्थायी हारसँगै समाजवादको महत्त्व झन् बढेको छ।"

प्रदेश सदस्य गोसाईंले नेपालमा बुद्धिजीवी र शिक्षित व्यक्तिहरूलाई राजनीति गर्न नपाउने व्यवस्था बनाउँदै अहिलेसम्मका सरकारमा गएका दलहरूले नयाँ पुस्ता निर्माणमा ध्यान नदिएकोले देश झन्झन् जटिलतातिर गएकोले परिवर्तन चाहने व्यक्तिले निरन्तर रूपमा सचेतना फैलाउने कार्य गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले नेपालमा पटकपटक परिवर्तन भए तापनि जनताको पक्षमा आमूल परिवर्तन नभएको चर्चा गर्दै अक्टोवर क्रान्तिले उत्पादनका साधनहरू राष्ट्रियकरण गरेको, नि:शुल्क शिक्षा, स्वास्थ्यको व्यवस्था गरेको, योग्यताअनुसारको काम दिएको, कृषि-उद्योगमा सरकार नियन्त्रित अर्थव्यवस्था चलाएको बताउनुभयो।

कार्यक्रममा समितिका अध्यक्ष रत्नप्रसाद फैजू र शिक्षक उकेश सुवालले पनि बोल्नुभएको थियो।

## समाचार टिप्पणी

# ओलीको गफ : 'कम्युनिस्ट एकता' को दिगोपना ?

'अन्नपूर्ण पोस्ट' ले ५ मङ्सिर २०८२ को अङ्कमा लेख्यो - 'भारतले दियो नेपाललाई थप १० बेलीब्रिज'। अन्य दैनिकले पनि त्यस समाचारलाई महत्त्व दिएर लेख्यो, तर पाठकहरूले धेरै पटक प्रधानमन्त्री हुने केपी ओलीलाई सम्झेर भने, "नेपालमा अब बेलीब्रिजको जमाना गयो, आफ्नो पालामा ती सबै ठाउँमा सडक बन्नेछ।"

त्यसबेला पाठकहरू भन्दै थिए - यो त प्रम ओलीको 'गफ' हो।

'साढे २ अर्बको मातृशिशु भवन अलपत्र, सञ्चालनको छैन टुङ्गो' यो समाचार हो - धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको ४ सय शय्या क्षमताको मातृशिशु भवन अझै सञ्चालनमा आएको छैन। 'सरकारले दिइसक्यो ५० करोड' तर सञ्चालनमा छैन।

हिसाब यस्तो छ - २ अर्ब ४९ करोड लागत, ७६ करोड ९० लाख २७ हजार ३० रुपैयाँ सुरुको लागत अनुमान, ४०० शय्याको क्षमता, ५० करोड सञ्चालनका लागि बजेट निकासा, ठेकेदारलाई भुक्तानी १ अर्ब ७८ करोड, ठेकेदारलाई भुक्तानी बाँकी १० करोड ७ लाख'। प्रतिष्ठानको आन्तरिक मनमुटावको कारण अस्पताल सञ्चालनमा आउन सकेको छैन।

नेपालमा पूर्वप्रधानमन्त्री र नेताहरूको नाममा अनेक भवन, संस्था र पार्कहरूको नाममा सरकारले अर्बौं रुपैयाँ लगानी गरेको वा निर्माण र सञ्चालनको निम्ति कोष र खर्च प्रदान गरेको सर्वविदित छ। तर, सबै संस्थान र भौतिक संरचनाहरू अलपत्र छन् वा विवादको केन्द्र भई लथालिङ्ग छ। सबै नेताहरूको नाममा धरोहरहरूलाई अलपत्र पार्नुमा सञ्चालकहरूको नियतमा त खोट छैन ? भन्ने जनतामा ठुलो शङ्का छ।

एक समयमा जनताले आदर र सम्मान गरेका नेताहरूका स्मारक र भौतिक संरचनाहरू लथालिङ्ग पार्नु के 'ती सम्मानितहरूको तीन पुस्तालाई नर्कमा पार्ने आशय होइन ?'

'अब यस्ता सम्मानित व्यक्तिहरूको नाममा कुनै भौतिक संरचना बनाउन रोक्नुपर्ने हो कि' भन्ने चर्चा हरेक जिल्लामा बरोबर भएका छन् - संवेदनशील जनतामा !

**'कम्युनिस्ट एकतापछिको राजनीति'**

५ मङ्सिरकै 'अन्नपूर्ण पोस्ट' को यो अभिमतले थोरैलाई उत्साह जगाएको होला र धेरैले 'कम्युनिस्ट आन्दोलनलाई नै अर्को हिलोछ्याप्ने षड्यन्त्र' सम्झेका छन्। हुन त लेखकले '१० वटा राजनीतिक दलको एकता र एकीकरणलाई लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हिसाबले महत्त्वका साथ हेरिएको छ' भनी अनुमान गरेका छन्।

तर, परको कुरा छोडौँ, सीमा जोडिएका छिमेकीहरूले नै लेखिएको 'कम्युनिस्ट' र 'काङ्ग्रेस' वा 'स्वतन्त्र पार्टी' को नाममा होइन छिमेकका 'दलहरू' वा शासक 'दलहरू' को रूपमा हेर्छन्। टाढा देशका कम्युनिस्टहरूले पनि सामान्य दलहरूकै रूपमा हेर्छन्। 'मार्क्स' को नाममा होस् वा 'लेनिन' र अरू नेताको रूपमा होस्।

यसकारण, पहिले पनि 'कम्युनिस्ट' भनिने दलहरू मिलेका र फुटेका थिए, अहिले पनि त्यसैको पुनरावृत्ति नहुने होइन। किन ? 'कम्युनिस्ट' नाम भएसम्म कम्युनिस्टविरोधीहरूले 'सच्चा कम्युनिस्ट सरकार' नबनाउने उद्देश्यले यस्ता जाल बुनिरहनेछन्। यसमा बिनासङ्कोचले चिन्तन गरे हुन्छ। 'नक्कली' कम्युनिस्टहरू समाजमा भइरहेसम्म यसको अन्त कतै भएकै छैन र हुँदैन।

**'जेन-जी' बारे**

२३ जेन-जी समूहले भन्यो - 'माग पूरा नगरे प्रधानमन्त्री फिर्ता हुनुपर्छ' *('नेपाल समाचारपत्र', ५ मङ्सिर, २०८२)* यसको उत्तर विभिन्न पत्रपत्रिकाले गरेका टिप्पणीहरूबारे पाठकहरूको ध्यान जानु स्वाभाविक हो।

५ मङ्सिर कै 'कान्तिपुर' 'दृष्टिकोण' कोलुममा लेख्यो - जेन-जीको हातमा छ देशको भविष्य'। जेन-जीको अर्थ 'नयाँ पुस्ता' भएसम्म त्यो शीर्षक जहाँ पनि हरेक विषयमा लागु हुन्छ, किनभने पुरानो पुस्ता 'अमर' हुँदैन र त्यस 'नयाँ पुस्ता' कै हातमा संसार छ। तर, व्यक्ति भनेर सबै कुराको छिनोफानो हुँदैन।

तर, ४ मङ्सिरको 'अन्नपूर्ण पोस्ट' को 'अभिमत' मा 'जेन-जी आन्दोलनको अभिष्ट' शीर्षकमा 'एक जेन-जी नेत्री रक्षा बम अझै भन्दै छिन् - 'सरकार परिवर्तन हाम्रो एजेन्डा थिएन।' तर, काँधमा राखेर कसले बन्दुक पड्कायो, उनीहरूलाई थाहा दिइएन।

४ मङ्सिर 'कान्तिपुर' को 'दृष्टिकोण' कोलुममा 'जेन-जी विद्रोह र राज्य रूपान्तरणका चुनौती' मा २०४६ सालको आन्दोलन र जनयुद्ध र विद्रोहहरू भए पनि काङ्ग्रेस, एमाले र 'जनयुद्ध' भन्नेहरूले 'पार्टीभित्र तीनवटै पार्टी' ले 'सैद्धान्तिक, कार्यक्रमिक भिन्नता' देखाइएन र व्यवहारमा पञ्चायती राप्रपासँग भिन्नता जाहेर गरेन। 'राज्य रूपान्तरण' बारे भदौ २३ र २४ मा कान्छो पुस्ताले असैद्धान्तिक, अराजनैतिक, कार्यक्रमहीनता र अत्यधिक देश दोहनविरुद्ध विद्रोह गरेको थियो।' 'त्यो कुनै सैद्धान्तिक, वैचारिक वा ... कार्यक्रमिक अवधारणासँग प्रत्यक्ष सङ्गठित विद्रोह थिएन।' साथै त्यसको कुनै राजनैतिक उद्देश्य र अन्तर्राष्ट्रिय सम्बन्ध र ऐक्यबद्धता प्रस्ट थिएन।

# नेका र एमाले चुनावबारे किन स्पष्ट भएन ?

काठमाडौँ। एमालेका नेताहरू आफ्नो पार्टी निर्वाचनबाट भाग्ने होइन पनि भन्छन् र विघटित प्रतिनिधिसभाको पुनः स्थापना हुनुपर्ने जिकिर पनि गर्छन्। एमाले निर्वाचन वा संसद् पुनःस्थापनाबारे स्पष्ट हुन नसक्नु यसको राजनीतिक अस्पष्टता हो। नेकापछि सबभन्दा बढी सरकारको नेतृत्व गरेको पार्टी एमाले नै हो।

नेकाले प्रतिनिधिसभा पुनःस्थापना विषयमा खुलेर बोलेको छैन। सरकार र निर्वाचन आयोगले बोलाएको बैठकमा नेकाको मत निर्वाचन नै थियो। मङ्सिर १ गते नेका र एमालेका दुई सांसदले सभामुख देवराज घिमिरेसँग अनौपचारिक भेट गरी प्रतिनिधिसभा पुनःस्थापनाबारे छलफल गरे। नेका पनि धुलमुलमा परेको पुष्टि भयो। नेकाका ४६ र एमालेका ३२ सांसदले संसद् पुनःस्थापनाको लागि हस्ताक्षर गरेको सार्वजनिक गरी जनतामा भ्रम फैलाउने काम भइरहेको छ।

नेका सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणाको भदौ २४ गते घर आगजनीमा परेको बेला हजार रुपैयाँको नेपाली नोट चाङका चाङ जलेको सार्वजनिक भयो। यसलाई देउवाले अस्वीकार गरे पनि जाँचबुझ समितिको अध्ययनमा सत्य भएको सार्वजनिक भयो।

सामन्ती व्यवस्थामा जनताको रगत पसिनाबाट बनाइएका दरबार र भवनहरूलाई राजामहाराजाहरूले बनाएको भनी इतिहास लेखाए। कीर्तिपुरमा क्रिकेट मैदान जनताको करबाट निर्माण भएको हो। एमालेका केपी ओली प्रधानमन्त्री हुँदा निर्माण सुरु भएको भनी क्रिकेट मैदान ओलीले बनाएको दाबी गरिँदै छ।

बरोबर उपप्रधानमन्त्री र गृहमन्त्रीसमेत भएकाहरूले दलितमाथि भेदभाव गर्नेलाई आजीवन कारावासको सजाय दिनुपर्ने दाबी गरे। उनले आफू गृहमन्त्री हुँदा त्यस्तो कारबाही कसलाई भयो ? बताएनन्।

भारतको कर्नाटक राज्यमा महिलालाई महिनावारीको अवधिमा बिदा हुने व्यवस्था गरिएपछि ६० लाख महिलाको स्वास्थ्यमा मद्दत पुग्ने बताइयो। यो व्यवस्थाको लागि राज्य सरकारको बजेट कति थप हुने हो ?

# शासकहरू राजनीतिलाई अपराधीकरण वा अपराधलाई राजनीतीकरण गर्दै

भक्तपुर। सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि. कमलविनायक -१० को ११ औँ वार्षिक साधारणसभा मङ्सिर ६ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभाका सभासद् सुरेन्द्रराज गोसाईले शासक दलहरू आफू सरकारमा नबसी निर्वाचन भएमा निर्वाचनमा पराजय हुने मानसिकता भएको उल्लेख गर्दै अहिले शासकहरू नेपालमा राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतीकरण गर्दै अगाडि बढेको बताउनुभयो।

उहाँले उपभोक्ता सहकारी समाज अहिलेको माग हो, स्वास्थ्यवर्धक, उपभोक्ता हित, सुलभ रूपमा सामग्री उपलब्ध गर्ने र भरपर्दो सेवा प्रदान गर्न सके समाजकै हित हुन्छ भन्नुभयो।

उहाँले संस्थाले दिने सेवा चुस्तदुरुस्त हुनुपर्ने, छिटोछरितो, सस्तो र गुणस्तरीय हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

आफू मात्र सबल, सक्षम र प्रगति हुने होइन नयाँ पुस्तालाई सँगै लिएर जानुपर्छ उहाँले भन्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले सरकारले गर्नुपर्ने उपभोक्ता पसलबाट दिइने सेवासुविधा यस संस्थाले प्रदान गरेकोमा खुसी व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाले पनि विशेषगरी सरसफाइ, शिक्षा, स्वास्थ्यलाई विशेष प्राथमिकता दिई कार्यक्रम अगाडि बढाइरहेको बताउनुभयो।

भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले सहकारीको राम्रो पक्षसँगसँगै नराम्रो पक्ष पनि छायासरह आउने विचार व्यक्त गर्दै सहकारीका पदाधिकारीहरूमा नेतृत्वको सक्षमता, निःस्वार्थी भावना, सहकार्यको भावना हुनुपर्छ भन्नुभयो।

मुटुरोग विशेषज्ञ डा. कृष्णकुमार कुशवाहाकले स्थानीय उत्पादनलाई सर्वसुलभ सहकारी संस्थाले सर्वसुलभ रूपमा वितरण र उपलब्ध गराउँदै आएकोमा खुसी व्यक्त गर्दै समाजमा स्वास्थ्यलाई विशेष ध्यान दिँदै मिसावटयुक्त खाद्य सामग्री बिक्री वितरणलाई निरुत्साहित गर्ने र स्वास्थ्यवर्धक खाद्य सामग्री वितरण गर्नुपर्ने कुरामा जोड दिनुभभयो।

संस्थाका सल्लाहकार कृष्णभक्त लवजुले संस्था स्थापना गर्न सजिलो तर निरन्तरता र दिगो राख्न गाह्रो हुने कुरा उल्लेख गर्दै संस्था दिगो राख्न सञ्चालकहरूका साथै सबै सदस्यहरूले आफ्नो तर्फबाट योगदान गर्नुपर्ने कुरा बताउनुभयो।

अर्का सल्लाहकार कृष्णगोविन्द लाखाजुले सहकारी संस्थाहरू खोल्न सकिनेमध्ये उपभोक्ता सहकारी पनि एक हो; सर्वसुलभ उपभोक्ता सहकारी संस्था समाजमा व्याप्त कालोबजारी, मूल्यवृद्धिजस्ता कुरालाई निरुत्साहित गर्न सुरुवात गरेको हो भन्नुभयो।

संस्थाका सल्लाहकार राजेन्द्र दुमरुले समूह र सहकारीबिच भिन्नता रहेको उल्लेख गर्दै समूहले निश्चित सदस्यहरूको उद्देश्य पूर्ति गर्ने र नाफा खोज्ने र सहकारीले आम सदस्यको विकासमा जोड दिने बताउनुभयो।

कार्यक्रममा संस्थाका सचिव गणेशराम मुस्याख्वले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष नारायणमान वनमालाले आर्थिक वर्षको आयव्यय विवरण र आगामी वर्षको योजना प्रस्तुत गर्नुभएको थियो। लेखा सुपरिवेक्षण समितिका संयोजक मिजरत्न शाक्यले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा संस्थाका उपाध्यक्ष बद्रीप्रसाद माकले स्वागत गर्नुभएको थियो। कार्यक्रम संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद लाखाको सभापतित्वमा भएको थियो। कार्यक्रमबाट सभामा प्रस्तुत विभिन्न प्रतिवेदनहरू सर्वसम्मतबाट पास गरिएको थियो।

कार्यक्रममा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, यस संस्थाबाट विभिन्न खाद्यवस्तु खरिदकर्तालाई संरक्षण पुँजी फिर्ता कोषको आधारमा १० जना सदस्यहरूलाई सम्मान स्वरुप ०.५ प्रतिशत नगद रकम फिर्ता, संस्थाका उत्कृष्ट कर्मचारी रोजिना ह्योङ्गजूलाई नगदसहित सम्मान गरिएको थियो।

कविता

## सातोपुत्लो

*यज्ञ बुद्धथापा*

उडिरहेको परेवालाई
लग्छ बाजले झम्टेर
मानुँ कसरी यस प्रक्रिया
स्वाभाविक हो भनेर।

परेवा शान्तिप्रिय न हो
हो बिगारेको के थियो र ?
गिद्ध दृष्टि मांसहारी बाज
रमाउँछ परेवाको चोक्टा लुछेर।

रमाउँछ शोषकवर्ग
कामदारको रगत पसिना चुसेर
उस्तैगरी, रमाउँछ सामन्त र पुँजीपति
कामदारवर्गको श्रम लुटेर।

अवस्था सदा एकनास हुन्न
हावाहुरी आउँदा कसिङ्गर जान्छ उडेर
मात्र जाग जुट कामदारवर्ग हो
शोषकवर्गको सातोपुत्लो जान्छ उडेर।

## उठ जाग हे भोका नाङ्गा हो

- राजेश्वर देवकोटा

*उठ जाग हे भोका नाङ्गा*
*गरिब दुःखीहरू हो।*
*सुन्दर संसारको रचना गरी*
*मुक्त पार हे मुक्तिकर्मी हो।*
*अब रहने छैन परम्परा*
*साङ्लोलाई तोड जाग सबै श्रमिकहरू हो।*
*नयाँ जगमा पृथ्वी उठ्नेछ*
*सारा संसार नै मुक्त पाउनेछ हे धर्मकर्मी हो।*
*अब त अन्तिम युद्ध लड्नु छ*
*समाजवादको स्थापना गर्नु छ।*
*देशलाई भ्रष्टाचारमुक्त समाज बनाउनु छ*
*अनिर्णयको बन्दीबाट फुकाउनु छ।*
*उठ जाग हे भोका नाङ्गा*
*गरिब दुःखी हो।*
*सुन्दर संसारको रचना गर्ने*
*हे मुक्तिकर्मी हो।*
*अब त आफ्नै ठाउँमा डटौँ र लडौँ पनि*
*अपहेलित हुने छैनौ न्यायालयबाट पनि।*
*ठुला शासक र लुटाहालाई कुल्चँदै*
*आ-आफ्ना कुसंस्कारलाई सुल्झाउँदै।*
*मोटाएका भोका भालु र ब्वाँसालाई पछार्दै*
*भ्रष्टाचारीहरूलाई एकएक गरी लछार्दै।*
*जागौँ आउ सबै श्रमिक वर्गहरू हो*
*देशको प्रगति चाहने सबै साहित्यकर्मी हो।*
*उठ जाग हे भोका नाङ्गा गरिब दुःखी वर्गहरू हो।*
*सुन्दर संसारको रचना गरी*
*मुक्त पारौँ हे मुक्तिकर्मी हो।*

# स्वच्छ निर्वाचनमा जोड : आचारसंहिता उल्लङ्घन गर्नेको उम्मेदवारी खारेज हुनुपर्ने

काठमाडौँ। प्रधानमन्त्री सुशीला कार्कीले मङ्सिर ३ गते निर्वाचन आयोगमा दर्ता भएका दलका नेता तथा प्रतिनिधिहरूको बैठक बोलाउनुभयो।

बैठकमा नेमकिपाका सचिव प्रेम सुवालले जनताको समस्या समयमै सम्बोधन नभएको कारण जेन-जी आन्दोलन भएको बताउँदै निर्वाचन स्वच्छ, शान्तिपूर्ण र निष्पक्ष हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले निर्वाचनमा पैसा बाँड्ने, झूटा आश्वासन बाँड्ने, लोभलालच देखाउने उम्मेदवारहरूको उम्मेदवारी नै खारेज हुने अध्यादेश जारी गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "राजनीति देश, जनता र समाजको निम्ति गर्ने हो। तर, शासकहरूले भ्रष्टाचार, पक्षपात गरे। सिद्धान्तहीन गठबन्धन, पदको दुरुपयोग, पैसा खर्च गरेर सत्तासीन पार्टीहरूले निर्वाचनमा चलखेलजस्ता अनैतिक कार्य गर्दा सर्वसाधारण जनतामा राजनीतिप्रति नै घृणा उत्पन्न भयो।"

मङ्सिर २ गतेसम्ममा निर्वाचन आयोगमा १ सय २५ दलले दल दर्ता गरेका छन् भने फागुन २१ गते हुने निर्वाचन, सुशासन र सरकारको गतिविधिबारे केन्द्रित सो बैठकमा १ सय १० दलका नेता तथा प्रतिनिधिहरूको उपस्थिति थियो।

# आन्दोलनका सहिदहरूको सपना पूरा गर्न नसकेका सरकारहरू !

काठमाडौँ । नीति अनुसन्धान प्रतिष्ठानको आयोजनामा विदेशमा रहेका नेपाली नागरिकलाई र स्वदेशमा निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकलाई मतदानको अवसर दिनेबारे मङ्सिर ७ गते छलफल भयो ।

प्रतिष्ठानका अध्यक्ष प्रा. डा. लेखनाथ शर्माले सर्वोच्च अदालतबाट देशबाहिर रहेका नेपालीलाई मतदानको अवसरको लागि आदेशहरू भएको उल्लेख गर्दै आगामी फागुन २१ गते हुने निर्वाचनमा विदेशमा रहेका नेपालीलाई भौतिक उपस्थितिमा मतदान गराउनु तत्काललाई सम्भव नहुने बताउनुभयो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धान अधिकृत दीपककुमार खड्काले निर्वाचन क्षेत्रबाहिर र देशबाहिर रहेका नेपाली नागरिकलाई अनलाइन मतदान गराउने विषयमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेस गर्न प्रधानमन्त्री कार्यालयबाट गएको कार्तिक १ गते पत्र प्राप्त भएको उल्लेख गर्दै संविधानको धारा ८४ (१) (ख) मा सम्पूर्ण देश एक निर्वाचन क्षेत्र बनाई समानुपातिक मतदान हुने र धारा ८४ (५) मा एक निर्वाचन क्षेत्रबाट एक जना प्रत्यक्ष निर्वाचित हुने व्यवस्था भएको बताउनुभयो ।

उहाँले विदेशस्थित नेपाली दूतावास तथा कूटनीतिक निकाय ४४ देशमा भएको र त्यसमा सेवा गर्ने कर्मचारी औसत ४ जनाले कुल १८६ जना भएको उल्लेख गर्नुभयो ।

अनुसन्धान अधिकृत खड्काले अनलाइन मतदान गराउन मङ्सिर महिनाभित्र अस्थायी मतदाता सूची सङ्कलन हुनुपर्ने, १० लाख मतदातालाई अनलाइनमार्फत मतदान गराउन थप ८७ करोड खर्च हुने, अनलाइन मतदानको लागि निर्वाचन आयोगमा महाशाखासहित विज्ञहरू नियुक्ति र सर्वदलीय सहमति हुनुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सर्वोच्चको आदेशमा खोलानालामा फोहोर ढल र फोहरमैला जोड्न नहुने उल्लेख भए पनि सरकारहरूबाट त्यसको कार्यान्वयन नभएको र सार्वजनिक र सरकारी सम्पत्ति पुरातात्विक भवन हिमाल, जङ्गल, पर्तीजग्गासमेत व्यक्तिको नाममा हुने गरी सर्वोच्चबाट भएको आदेश पनि कार्यान्वयनमा नआएको उल्लेख गर्नुभयो ।

विदेशमा रहेका नेपाली नागरिकले कुन कुन देशको नागरिकता लिएका छन्, त्यसबारे नेपाल सरकारसँग अभिलेख नभएको, तीनओटा देशको नागरिकता भएका व्यक्तिलाई समेत शासक दलहरूले मन्त्री नियुक्ति गरेको अवस्थामा विदेशमा रहेका नेपाली नागरिकलाई अनलाइन मतदान गराउन अलग कानुनी व्यवस्था गर्न नपर्ने गरी नेपालीलाई देशभित्र रोजगारीको व्यवस्था गर्नुपर्ने सुझाव सचिव सुवालले दिनुभयो ।

हरेक नागरिकले देशको निम्ति लड्नुपर्ने र व्यक्तिगत स्वार्थको लागि मात्र नागरिकता नदिइने उल्लेख गर्दै सचिव सुवालले देशको सन्तुलित विकास गरिएको भए निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकलाई मतदानको अलग कानुनी व्यवस्था गर्न नपर्ने सुझाव दिनुभयो ।

२००७ साल र २०४६ साललगायतको आन्दोलनमा भ्रष्टाचार र कुशासनको विरोध गरेका युवाहरू शहादत हुनुभएको तर सरकारमा गएकाहरूबाट ती सहिदहरूको सपना पूरा नभएको उल्लेख गर्दै सचिव सुवालले सहिदको सपना पूरा गर्न शिक्षा र स्वास्थ्य नि:शुल्क, स्वदेशमा रोजगारी, भ्रष्टाचारीहरूलाई मृत्युदण्डसमेत हुने कानुनी व्यवस्था जरुरी भएको सुझाव दिनुभयो ।

सचिव सुवालले थप थियो, "चुनावमा पैसा र सामान बाँड्ने, भोज खुवाउनेहरूको उम्मेदवारी खारेज हुने, सरकारमा गएर घोषणापत्रअनुसार काम नगर्नेहरूलाई चुनावमा उठ्न नदिने व्यवस्थासहित अध्यादेश जारी हुनु जरुरी छ ।"

छलफलमा राप्रपाका गीताभक्त जोशी विद्युतीय मतदानबारे कुन कुन देशमा के कस्तो व्यवस्था छ विस्तृत अध्ययन गर्नुपर्ने बताउनुभयो ।

माओवादीका शक्ति बस्नेतले विद्युतीय मतदान गराउन सरकारको तयारी के कस्तो छ सार्वजनिक हुनुपर्ने उल्लेख गर्नुभयो । नेकाका प्रतिनिधिले बङ्गलादेशको आन्दोलनमा के कस्तो विदेशी हस्तक्षेप भयो भन्ने नबुझी त्यहाँको चुनाव प्रक्रियाबारे चर्चा गर्न नहुने बताउनुभयो ।

सागर ढकालले युवाहरूको आन्दोलनपछि हुने चुनावमा बहाना राख्न नहुने उल्लेख गर्नुभयो ।

परराष्ट्र मन्त्रालयका सहसचिव पुष्पराज भट्टराईले विदेशस्थित निकायमा कर्मचारीको सङ्ख्या कम, दूतावासबाहिर सम्बन्धित देशको कानुन लागु हुने, विदेशी नागरिकता र स्थायी आवासीय अनुमति पाएका नेपालीको अभिलेख नभएको हुँदा मतदान गराउन सजिलो नहुने बताउनुभयो ।

गृहमन्त्रालयका प्रतिनिधिले आवश्यक कानुनको मस्यौदा भइरहेको, विदेशबाट मतदानको लागि सरकार-सरकारबिच समझदारी हुनुपर्ने उल्लेख गर्नुभयो ।

गोश्वारा हुलाक विभागका महानिर्देशकले ५०० ग्रामको खामबन्दी विदेश पठाउन रु. २५०० खर्च लाग्ने र सम्बन्धित देशमा पुग्ने मिति किटान गर्न नसक्ने बताउनुभयो ।

प्रतिष्ठानका अध्यक्ष शर्माले प्राप्त सुझावलाई समेटेर मङ्सिर ८ गते सरकारलाई प्रतिवेदन पठाउने बताउनुभयो ।

---

***आजसम्मका...***

मतदान गराउन अध्यादेश जारी गर्ने दाबी गर्दै छ । यो निर्णय गर्न संविधान नै संशोधन गर्नुपर्ने हुन्छ । यस्तो काम अन्तरिम सरकारले हतारमा गर्नु उपयुक्त हुने छैन । यसले अन्तत: चुनाव नै नहुने सम्भावना बढ्छ ।

एमालेले संसद् पुन:स्थापना हुनुपर्ने दाबी गरे पनि मङ्सिर १० गतेभित्र निर्वाचन आयोगमा दल दर्ता गरेर निर्वाचनमै आउने सङ्केत दिँदै छ । एमालेका अध्यक्ष ओलीले राष्ट्रपति पौडेललाई प्रतिनिधिसभा सदस्य नभएकालाई समेत प्रम नियुक्ति गर्न सम्मति र सिफारिस गरेको हुँदा यतिखेर संसद् पुन:स्थापनाको रटान लगाउनु आफ्नो कमजोरी ढाकछोप गर्नुमात्र हुनेछ ।

प्रम सुशीला कार्कीले संसदीय सुनवाइबिना संवैधानिक परिषदको सामान्य बहुमतबाट नियुक्ति दिनेगरी अध्यादेश जारी गर्न खोजेपछि राष्ट्रपति पौडेलले सो अध्यादेशलाई रोकेका छन् । यसले राष्ट्रपति पौडेल र प्रम कार्कीबिच दूरी बढ्ने पनि आशङ्का गरिँदै छ ।

---

***जनतालाई...***

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले आफ्नो ठाउँको समस्याको समाधान आफै गर्न सक्ने शिक्षा दिन यहाँकै शिक्षकले प्रयास गर्नुपर्ने बताउनुभयो ।

स्थानीय केटाकेटीहरूमा आफ्नो ठाउँप्रति माया जगाउने र देशभक्तिको भावना सिकाउने समाजवादी शिक्षा दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले हाम्रा हरेक गतिविधि जनताको हितमा हुनुपर्नेमा जोड दिनुभयो । देश र जनताको हितविपरीत काम गर्ने कसैलाई पनि जनताले नछोड्ने उहाँले सजग गराउनुभयो ।

केन्द्रीय सदस्य सरोजराज गोसाईको अध्यक्षतामा केन्द्रीय सदस्य बखतबहादुर थापा र वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्कासहितको तीन सदस्यीय अध्यक्ष मण्डलले सम्मेलनको बन्दसत्र सञ्चालन गरेको थियो ।

बन्दसत्रमा तेस्रो नगर सम्मेलन तयारी समितिका संयोजक नीरकबहादुर शाहीले प्रस्तुत गर्नुभएको प्रतिवेदन सुझावसहित पारित गरिएको थियो ।

सम्मेलनले दीपकबहादुर शाहीको अध्यक्षतामा १९ सदस्यीय नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समिति निर्वाचित गरेको छ ।

नवगठित समितिलाई प्रकाश गुरुङ, विनोद विक, जगत ओली, नीरकबहादुर शाही, धनेन्द्र विक, लालबहादुर थापलगायतले शुभकामना दिनुभएको थियो । यसअघि नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनीको तेस्रो नगर सम्मेलन चानपा-६, जम्बुकाँधमा मङ्सिर ६ गते सुरु भएको थियो । नगरपालिकाको केन्द्र जम्बुकाँध बजारमा आयोजित एक समारोहबिच नेमकिपाका केन्द्रीय सचिवालय सदस्य नन्दबहादुर शाहीले सम्मेलनको उद्घाटन गर्नुभएको हो ।

सांस्कृतिक झाँकी तथा नारासहितको जुलुस प्रदर्शनपछि आयोजित सभामा सम्बोधन गर्दै केन्द्रीय सदस्य नन्दबहादुर शाहीले जनतालाई धोका दिनेहरूले एकदिन जनतासँग माफी माग्नु पर्ने बताउनुभयो । उहाँले कर्णालीका धेरै गाउँ मन्त्रीले भरिएका छन् तर मन्त्रीले भरिँदैमा विकास हुने होइन भन्दै हामी लोभ-लालच, जात र क्षेत्रको पक्षमा लाग्नु गलत छ भन्नुभयो ।



केन्द्रीय सदस्य शाहीले भन्नुभयो, "देश जलिरहँदा शासक दल र तिनका कार्यकर्ता मूकदर्शक भएर बस्नु सत्तालिप्सा, अराजक र सिद्धान्तहीन राजनीतिको उपज हो । शासक दलका कार्यालय र नेताका घरहरू जल्दा कार्यकर्ताहरू कहाँ कुन दुलोमा लुकेका थिए ?"

नेमकिपा केन्द्रीय सदस्य एवम् कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईले नेपालको सन्दर्भमा भारतीय विस्तारवाद तथा एकाधिकार पुँजी नै मख्य शत्रु भन्ने कुरा पुष्टि भएको धारणा राख्नुभयो । उहाँले नेपाललाई अस्थिर बनाएर धमिलो पानीमा माछा मार्ने विस्तारवादी तथा साम्राज्यवादी शक्तिकै कारण नेपाल अगाडि बढ्न नसकेको भन्दै नेमकिपाले विजय पाएका पालिकाहरुमा इमानदारीसाथ काम गरिरहेको विचार राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले अवसरवादी चरित्रले देश विकास हुन नसकेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले देश जोगाउन देशभक्तिको भावना आवश्यक भएको बताउनुभयो । पुँजीवादले आफ्नो चिहान खन्ने र पुँजीवादका दलालहरू खाल्डोमा पर्ने थापाले बताउनुभयो ।

वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरुङले नयाँ व्यक्तिले नेतृत्व गर्नु ठुलो कुरा होइन, उसले अँगाल्ने विचार देश र कामदार जनताको पक्षमा छ कि छैन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले राजनीति भनेको देश र जनताको नि:स्वार्थरूपमा सेवा गर्नु हो भन्नुभयो । नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य विनोद विकले सर्वहारा जनता र देशको हितमा प्रगतिशील गीत प्रस्तुत गर्नुभयो ।

नेमकिपा दैलेखका संयोजक जगत ओलीले पुँजीवादी शासक दलका कारण जनताले दु:ख पाएको बताउनुभयो ।

उद्घाटन समारोहमा धनकुमारी शाही, जयबहादुर बडुवाल, कृष्ण ढकाल, लवराज ढकाल, केशव खड्का (गणेश) ले पनि बोल्नुभएको थियो । समारोहपश्चात् देउडा गायक जयबहादुर थापा र गायिका सपना रावलले देउडा गीत र नाच प्रस्तुत गर्नुभएको थियो ।

---

# डुङ्गेश्वरमा कार्यकर्ता भेटघाट

दैलेख । नेमकिपा दैलेखको आयोजनामा माथिल्लो डुङ्गेश्वरमा कार्यकर्ता भेटघाट सम्पन्न भयो ।

भेटघाटमा नेमकिपा केन्द्रीय सचिवालय सदस्य नन्दबहादुर शाहीले नेमकिपाले शासक पार्टीले जस्तो तोडफोड, आगलागीजस्ता अराजक कार्य गर्न कहिले पनि नसिकाएको बताउनुभयो । मानिसको व्यवहारमा सङ्गतले धेरै फरक पार्ने हुँदा सङ्गतमा कार्यकर्ताले ध्यान दिन उहाँले आग्रह गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् कर्णाली प्रदेश संयोजक सरोज गोसाईले २०४६ सालको आन्दोलनले जनताका केही हक अधिकार प्राप्त गरेको बताउनुभयो । पालिकाको नेतृत्व असल र इमानदार मानिसले गरे जस्तोसुकै काम पनि गर्न सकिने उहाँले बताउनुभयो । देशका युवाहरूलाई रोजगारी व्यवस्था गर्न तीन तहको सरकारले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । नेमकिपा दैलेखका संयोजक जगत ओलीको अध्यक्षतामा भएको भेटघाट कार्यक्रममा सदस्यहरू बिन्दुलाल रेग्मी र हिरामणी न्यौपानेले पनि बोल्नुभएको थियो ।

---

***जुम्लामा...***

काफ्लेले स्थापनाकालदेखि नेमकिपा देश र जनताको पक्षमा सङ्घर्षरत रहेको विचार व्यक्त गर्नुभयो । नेमकिपाले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गरिरहेको उल्लेख गर्दै कुनै पनि स्वाधीन र सार्वभौम देशमा हुने विदेशी हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पार्नुभयो ।

देश र जनताप्रति समर्पित भएर नेमकिपाले सिद्धान्त र विचारको आधारमा राजनीति गरिरहेको स्पष्ट पार्दै अबको निर्वाचनमा नि:स्वार्थी र इमानदारीपूर्वक राजनीति गर्ने दल र दलका उम्मेदवारलाई निर्वाचित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कार्यक्रममा नेमकिपा जिल्ला समितिका अध्यक्ष पूर्णलाल खत्री, जिल्ला सचिव नरबहादुर बुढा, कोषाध्यक्ष पूर्णबहादुर राउत, जिल्ला सदस्य मानबहादुर बोहरा, हर्षबहादुर बोहरा, नेक्राकिसङ्घका कालीबहादुर बुढाले जनताको समस्या र पार्टी गतिविधिबारे प्रकाश पार्नुभयो ।

सो अवसरमा जनताको तर्फबाट मानबहादुर बस्नेत, कृष्णबहादुर राउत, असोजे सार्कीलगायतले सिद्धान्त र विचारको राजनीति नगर्ने, सिद्धान्त एक र क्रियाकलाप अर्को गर्ने दलदेखि सावधान हुनुपर्ने, नोट बाँड्ने र नोट लिएर भोट दिने कार्यको पनि विरोध गर्नुभयो ।

---

***विस्तृत...***

भएकोमा अब विदेशको निम्ति भए पनि रगत बगाउँछौँ' भन्दै रुस युक्रेनको युद्धमा बन्दुक भिर्दै 'लेनिनको देशमा लड्न पाएकोमा गर्व' गरिरहेका छन् ।

२०६४ सालमा माओवादी एक्लै चुनाव लडेर पनि प्रत्यक्षतर्फ ५० प्रतिशत अर्थात् १२० सिट जितेको थियो । त्यतिबेला माओवादी राजनैतिक मुद्दाहरू टुङ्ग्याउनतिर लागेको भए सहजै समाधान हुने थियो । चुनावमा धेरै सिट जितेकोमा माओवादीहरूमा घमण्ड र उन्माद चढ्यो । उनीहरूले दशकौँसम्म माओवादीको शासन चल्ने सोचे र शत्रुहरूलाई चानचुन ठान्ने गल्ती गरे । त्यत्रो शक्तिशाली सरकार नौ महिनामै ढल्यो । यसअवधिमा सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग बने पनि त्यसले न्याय दिन सकेनन् । ती आयोगहरू पार्टी कार्यकर्ताहरूलाई जागिर खुवाउने भर्ती केन्द्रमात्र सावित भए । यसैबिच सर्वोच्च अदालतले क्रुर हत्या, बलात्कारजस्ता जघन्य अपराधहरूलाई आममाफी दिन नमिल्ने फैसला गऱ्यो । त्यसले अर्को जटिलता थप्यो ।

माओवादी पीडितहरू माओवादी नेतृत्वलाई नै कारबाहीको घेरामा ल्याउन अदालत पुगे । माओवादी भने ओरालो लाग्ने क्रमले तिव्रता पायो । २०५२ सालदेखि ०६२ सालसम्म एकजुट भएर देशव्यापी आन्दोलन चलाएका माओवादी शान्ति प्रक्रियामा आएदेखि छिन्नभिन्न भए । प्रचण्ड, वैद्य, बाबुराम भट्टराई, नेत्रविक्रम चन्द (विप्लव), धर्मेन्द्र बास्टोला (बहुमत), जनार्दन शर्मा नेतृत्वको समूहसमेत गर्दा आधा दर्जन जति टुक्रामा विभाजित भइसकेका छन् । विभाजनले माओवादी झन्-झन् कमजोर हुँदै गयो ।

माओवादी नेतृत्व तहका नेताहरू नै पद र पैसाका लागि सिद्धान्त र विचार त्यागेर पार्टी परिवर्तन गर्ने गरेको दृश्य पनि देखियो । रामबहादुर थापा (बादल), टोपबहादुर रायमाझीलगायत एमाले प्रवेश गरे । भुटानी शरणार्थी काण्डमा रायमाझी अहिले जेलमा छन् । माओवादीकै कृष्णाबहादुर महरा सुनकाण्डमा जेलमै छन् । यस्ता अपराधमा परेका थुप्रै नेता कार्यकर्ताहरू जेलमा या फरार अभियुक्तको सूचिमा छन् । शासन सत्ता परिवर्तनका लागि हिँडेका माओवादीहरू शान्ति प्रक्रिया पछि आफै परिवर्तन भई पुँजीवादको दलदलमा डुब्दै गए । यसले माओवादीप्रति जनविश्वास झन्-झन् घट्दै गयो ।

माओवादी अध्यक्ष प्रचण्डले चुनाव जित्न पटक पटक निर्वाचन क्षेत्र परिवर्तन गर्दै हिँड्नु पर्ने अवस्था आयो । गत चुनावमा बाबुराम भट्टराईले गोरखा निर्वाचन क्षेत्र नछोडेको भए प्रचण्डलाई जित्ने ठाउँ भेटाउन मुस्किल थियो । माओवादी एक्लै चुनाव जित्ने सम्भावना नभएपछि कहिले एमालेसँग त कहिले नेकासँग सिद्धान्तहीन चुनावी गठबन्धन गर्दै हिँड्नु परेको छ । प्रचण्ड स्वयम्ले 'मैले रुख चिह्नमा भोट हालेको हुँ' भनी सार्वजनिक रूपमा भन्नु पर्ने दिन पनि आयो ।

बितेका दुई दशकको अवधिमा माओवादीको ओरालो लाग्ने क्रमले निरन्तरता मात्र पाएको होइन, माओवादी पार्टीकै अवसान भयो । माओवादी विभिन्न पार्टीहरूसँगको एकता भन्दै नेपाली कम्युनिस्ट पार्टी नाममा विलय भयो । यस पार्टीभित्र विगतमा माओवादीको चर्को आलोचना र विरोध गर्नेहरू पनि छन् । यस्तो अवस्थामा माओवादी द्वन्द्वकालीन समस्या समाधान थप जटिल बन्ने निश्चित भएको छ ।

अब माओवादीविरुद्ध अदालतमा दर्ता भएका मुद्दाहरू भताभत ब्युँताउने र नयाँ नयाँ मुद्दाहरू दर्ता गरेको खण्डमा आश्चर्य मान्नुपर्ने छैन । किनभने, माओवादी कमजोर भएपछि मुद्दा लगाउन तयार भएर बसेकाहरूको यहाँ कमी छैन । एउटा राजनैतिक दलले विचार र सिद्धान्त त्यागेपछिको परिणाम कस्तो हुन्छ, माओवादी एक राम्रो उदाहरण बनेको छ ।

विद्यालय, कलेजमा पढिरहेका युवाहरूलाई पढाइ छोड्न लगाएर माओवादीले समाजवादको सपना देखाउँदै बन्दुक बोकाएका थिए । सामन्त र पुँजीवादको विरुद्ध बन्दुक बोकाउने माओवादी नेतृत्व अहिले स्वयम् पुँजीवादमा चुर्लुम्म डुबे । देशमा समाजवाद स्थापना गर्ने सपना बोकेर ज्यानको बाजी लगाएर हिँडेका युवा युवतीहरूसँग न शिक्षा छ, न सीप छ । धेरैको जीवन बर्बाद भएको छ । माओवादी नेतृत्वलाई तिनीहरू आफ्नो जीवन बिगारेकोमा आक्रोसित हुँदै सराप्दै छन् । देश, जनता र पार्टी कार्यकर्तालाई नेतृत्वले धोका दिए पछिको अवस्था बुझ्न माओवादीलाई हेरे पुग्छ । न्यायको आशामा बसेका द्वन्द्व पीडितहरूले थप पीडा भोग्नुपर्ने अवस्था आउने सम्भावना देखिँदै छ ।




*युवाहरू...*

भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा, सरसफाइ र विकासमा जोड दिइरहेको स्पष्ट पार्दै उहाँले आर्थिक अभाव भएकोले पनि उच्च शिक्षा हासिल गर्न सकून् भन्ने उद्देश्यले भनपाले शैक्षिक ऋणको व्यवस्था गर्दै आएको उल्लेख गर्नुभयो ।

तिब्बतको शाननान नगरपालिकामा समाजवादी मान्यताअनुसार काम भइरहेको चर्चा गर्दै उहाँले भनपाले ज्ञान, विज्ञान र प्रविधिलाई समेटेर विकास निर्माणका कार्य गरिरहेको बताउनुभयो ।

नेपाल यातायात राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष विजयबहादुर स्वांरले सरकारले सेवा उद्योगलाई प्राथमिकता राखेर समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

देशको मुख्य आयस्रोतको रूपमा रहेको सवारी साधन बन्द गर्न नहुनेमा जोड दिँदै उहाँले सवारी दुर्घटना हुँदा राज्यको नीतिअनुसार प्रक्रिया अघि बढाउन स्थानीय प्रशासनको ध्यान जानुपर्ने बताउनुभयो । नकारात्मक होइन रचनात्मक सोचको विकास गर्नुपर्ने धारणा राख्दै उहाँले सार्वजनिक यातायातको लागि बसपार्कको कमी भएको बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी उमेश ढकालले आइपरेको समस्यालाई सबै मिलेर सहकार्य गर्दै विवेक पुऱ्याएर समाधान गर्नुपर्ने बताउनुभयो ।

कानुनको दायराभित्र रहेर पदको जिम्मेवारी सम्हाल्नुपर्नेमा जोड दिँदै उहाँले सभ्य समाज निर्माण गर्न र शान्ति सुरक्षाको व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालय लागिपर्ने बताउनुभयो ।

नेपाल इँटा उद्योग महासङ्घका अध्यक्ष केपी अवालले आफ्नो हक हितको निम्ति संस्था आवश्यक भएको औँल्याउँदै राजनीति स्थिर नभएसम्म व्यवसायीहरू मर्कामा पर्ने र सुशासन कायम नहुने धारणा राख्नुभयो ।

देशमा पूर्वाधारको कमीले व्यवसायीहरूले अनेक चुनौती सामना गरिरहेको उल्लेख गर्दै उहाँले आफ्नो कर्म क्षेत्रमा लाग्दा हिम्मत हार्न नहुने बताउनुभयो ।

भक्तपुर ट्रक व्यवसायी सङ्घका संस्थापक अध्यक्ष विश्वराम कवांले हरेकले पदीय जिम्मेवारी इमानदारीपूर्वक पालना गर्नु जरुरी छ भन्दै आन्दोलन गर्ने प्रजातान्त्रिक अधिकार भए पनि तोडफोड र आगजनी गर्नु ठीक नभएको धारणा राख्नुभयो ।

देशमा देखिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगै विदेशी चलखेल बढिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले सार्वजनिक वा व्यक्तिको सम्पत्ति तोडफोड र आगजनी गर्दा गृह प्रशासन मौन रहन नहुने बताउनुभयो ।

नेपाल राष्ट्रिय ट्रक तथा ट्रिपर महासङ्घका संयोजक नवीन प्रजापतिले देशको विकास र राष्ट्रिय जीवनसित सम्बन्धित सवारी साधनलाई राज्यले उपेक्षा गर्न नहुने बताउनुभयो ।

देशको राजस्व वृद्धिमा महत्त्वपूर्ण योगदान गर्दै आएको सवारी साधन र यातायात व्यवसायीहरूको मर्का सरकारले बुझ्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले दुर्घटना न्यूनीकरणको लागि उचित पहल गर्नेतर्फ राज्यले ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर ट्रक व्यवसायी सङ्घका अध्यक्ष लक्ष्मीप्रसाद गोराको सभापतित्वमा भएको सो कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रोशनी धौबन्जार, इँटा बिक्री डिपो सङ्घ काठमाडौँ उपत्यकाका चन्द्रकृष्ण ग्वाछ्वा, आयोजक सङ्घका उपाध्यक्ष नातिभाइ ह्योम्बा र सङ्घका सचिव जितेन्द्र खायमलीले पनि बोल्नुभएको थियो ।

---

*सरकारहरू...*

सार्वजनिक संस्थान निजीकरण गर्ने सार्वजनिक भयो । सरकारमा गएका दलहरूको विदेश मामिला विदेशी पुँजी ल्याउने र देशलाई नवउपनिवेश बनाउने भयो", उहाँले थप्नुभयो ।

पार्टी अध्यक्ष बिजुक्छेँको नेतृत्वमा २०१९-२० सालयता नेमकिपाले भ्रष्टाचारविरोधी आन्दोलन अघि बढाएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "२००७ सालको आन्दोलनमा गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमालगायत सहिद हुनुभयो । २०४६ सालको जनआन्दोलनमा राजकुमार सुवाल, कृष्णराम दुवाल, हरिकृष्ण भुजुलगायत युवाहरू सहिद हुनुभयो । परिवर्तनको नेतृत्व सिद्धान्त र विचारले गर्ने हो । नेपालमा २०४६ सालको सामन्तवादविरोधी आन्दोलनपछि पुँजीवादी सरकारहरू बने । उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी विचारले पुँजीवादी सरकारलाई उल्टाउनु प्रगतिशील हो । नेपालमा नेका र एमाले तथा माओवादीले समाजवादको नारा दिई पुँजीवादी सरकार बनाएर धोका दिए । नेपालीलाई देशभित्र रोजगारी दिनुपर्दछ, वैदेशिक रोजगारी पठाउनु उचित होइन ।"

सार्वजनिक सम्पत्तिमा आगजनीभन्दा पनि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण हुने र ठुला भ्रष्टाचारी एवम् महिला बलात्कारपछि हत्यालगायत मानव अधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई मृत्युदण्डसमेतको सजाय हुने अध्यादेश सरकारबाट जारी हुनु जरुरी भएको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "निर्वाचनमा पैसा, सामान बाँड्ने र भोज खुवाउनेहरूको उम्मेदवारी खारेज हुने अध्यादेश जारी हुनुपर्दछ । सरकारमा गएर घोषणापत्रअनुसार काम नगरेका प्रतिनिधिहरूलाई फिर्ता बोलाउने र चुनावमा समेत उठ्न नदिने व्यवस्था पनि अध्यादेशमा हुनु आवश्यक छ । फ्रान्समा जनताविरुद्ध अत्याचार गरेका नेपोलियन परिवारलाई चुनावमा उठ्न नदिने व्यवस्था गरिएको थियो ।"

न्यायाधीश, संवैधानिक आयोगका पदाधिकारी र उच्च अधिकारीहरू सम्बन्धित क्षेत्रबाट निर्वाचन गर्ने कानुनी व्यवस्थाले सुशासन कायम गर्न मद्दत पुऱ्याउनेछ । सन् १९१२ मा रुसमा बोल्सेभिकहरूले यो व्यवस्थाको लागि आवाज उठाएका थिए, उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "तत्कालीन प्रधानमन्त्री केपी ओलीले गएको भदौ २६ गते हेटौँडाको सुपारीटारस्थित सैनिक व्यारेकमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानसेनापतिसँगको छलफलमा नयाँ प्रधानमन्त्री नियुक्तिको सम्मति र सिफारिस गरेको हुँदा अहिले संसद् पुन:स्थापनाको विषय उठाएको सान्दर्भिक देखिएन । नेकाभित्र पनि संसद् पुन:स्थापनाको विषय उठेको सार्वजनिक भयो । तत्काललाई ताजा जनादेशको लागि निर्वाचन नै उपयुक्त निकास हो ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संविधान र कानुनको परिधिभित्र रहेर जनतासामु गरेको प्रतिबद्धताअनुसार भनपाले काम गरिरहेको बताउनुभयो ।

आर्थिकरूपमा कमजोर भएका विद्यार्थीलाई शैक्षिक ऋण दिएर उच्च शिक्षा हासिल गर्ने अवसर भनपाले प्रदान गरिरहेको उल्लेख गर्दै रोजगारीको निम्ति युवाहरूलाई विभिन्न रोजगारमूलक तालिम सञ्चालन गरिरहेको बताउनुभयो ।

किसानहरूको हितको निम्ति प्रतिकिलो रु. १० को हिसाबले प्राङ्गारिक मल वितरण गरिरहेको उल्लेख गर्दै उहाँले स्थानीय जनताको श्रमदान, आर्थिक सहयोग र स्थानीय स्रोत साधनको अधिक प्रयोग गरी यहाँका असङ्ख्य सम्पदाहरूको पुन:निर्माण, जीर्णोद्धार र मर्मत सम्भार गरिरहेको बताउनुभयो ।

नयाँ नयाँ कलेज स्थापना गरी ख्वप विश्वविद्यालय सञ्चालन गर्न लागिपरेको उल्लेख गर्दै उहाँले जनताको स्वास्थ्योपचार गर्न ३६५ दिन नै ख्वप अस्पताल सञ्चालन भइरहेको जानकारी दिनुभयो । उहाँले ख्वप अस्पतालमा अक्सिजन र रगत नि:शुल्क प्रदान गरिरहेको स्पष्ट पार्नुभयो ।

वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले हालको सरकारको कार्यशैलीप्रति व्यङ्ग्य गर्दै जीवन दर्शन दिने तथा जनताको भोक मेटाउने असल कार्यकर्ताको आवश्यकता बोध गराउँदै दुईटा कविता वाचन गर्नुभयो ।

सर्जन डा. सरोज धितालले असल शासकले जनताको असन्तोष थुपारेर होइन समयमै सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याउँदै माग सम्बोधन नहुँदा विस्फोट हुने र विस्फोटले देशकै सम्पत्ति क्षति हुने बताउनुभयो ।

व्यक्तिगत स्वार्थ छोडेर जनताको सेवा गर्ने देशभक्त नेताको आवश्यकता भएको स्पष्ट पार्दै उहाँले सरकारले सिङ्गो देशको निम्ति काम गर्नुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशाकुमार चिकंबजारको सभापतित्वमा भएको उक्त कार्यक्रममा कवयित्री सुलोचना मानन्धरले 'मेरो कविता' शीर्षकको कविता वाचन गर्नुभएको थियो भने गायिका सरस्वती मानन्धरले गीत गाउनुभयो ।

४५ औँ नेपालभाषा साहित्य त:मुंज्याका आयोजक समितिका अध्यक्ष रवीन्द्र खर्बुजाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

नेपाल संवत् ११४६ को अवसरमा आयोजित भिन्तुना ऱ्यालीमा सहभागी टोली, मूल्याङ्कन समितिका सदस्य तथा नृत्य, नाटक र ख्याल विधामा प्रस्तुत उत्कृष्ट टोलीलाई पदक तथा मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा वागीश्वरी मावि, प्रभात इङ्गलिस स्कूल, हिमालयन ग्लोरी इङ्गलिस स्कूल, आदर्श आजाद मावि, बासु मावि, गणेश मावि भार्वाचो, बाल विकास इङ्गलिस स्कूलका विद्यार्थी टोलीले नृत्य र लोकेश्वर साकोसको बाजा टोलीले बाँसुरीका धुन प्रस्तुत गरेका थिए ।

---

**एकक्षण** — प्रधान

# बहिनीलाई दाजुको चिठी

काठमाडौँ उपत्यका
८ मङ्सिर २०८२

प्रिय तृप्ति,

तिम्रो बिरामीको पत्र आयो, अब त ठीक भयौ होली भन्ठान्छु । अस्तिको तिम्रो पत्रमा एक रुसी युवाले नेपालबारे टिप्पणी गरेको बारे लेख्यौ, म त्यो पढेर विस्मित् भएँ । उनको भनाइलाई तिमीले कवितात्मक रूपमा लेख्यौ -

*नेपाल, सानो भएर के भयो ?*
*ठुलाठुला देशमा नभएको सबै*
*यहाँ मैले पाएँ,*
*हरेक महिनामा नयाँ नयाँ फूलहरू*
*गमला, पार्क र फूलबारीहरूमा !*
*संसारमा कहाँ छ यो देश जस्तो*
*गर्मीमा पङ्खा पर्दैन कोठामा*
*जाडोमा पर्दैन हिटरहरू*
*युरोप र रुसमा जस्तो !*
*जाडोमा रुस र युरोपमा*
*चारैतिर सेतो मात्र देखिन्छ*
*जतातत्तै छैन, हरियाली देख्न*
*नेपाल उत्तरमा उज्यालो*
*हिमाल टल्केको*
*पहाडहरूमा रातो रङ्ग छरेको*
*गुराँस वा अरू फूलको मगमग !*

हो, तृप्ति सोभियत सङ्घबाट रासायनिक इन्जिनियर पढेका साँखुका एक सपुतको पुस्तकमा लेख्छन् -

सोभियत सङ्घको एक गणतन्त्रका राष्ट्रपति तराईको लहराउँदै गरेको खेत देखेर मोटरलाई रोकेर उत्तर र दक्षिणतिर हेरे, दुवैतिर लहलह बाली !

*नदीनाला जताजता*
*कलकल गरेको सुन्दर*
*अपूर्व दृश्यहरू उनको आँखामा !*
*द्वैभाषी गर्दै गरेका इन्जिनियरलाई*
*भने उनले - राज, यस्तो तीन बाली लाग्ने*
*देशमा, नदीनालाहरूले सिञ्चित देशमा*
*गरिबी कहाँबाट आयो ?*

तर रुसी युवासँग यसबारे रुसको भूमि र बालीनालीहरू कस्तो भनी सोध्दा उनी भन्थे -

*रुस ठुलो देश हो, तर*
*छ महिनासम्म जहाँ पनि*
*हिउँ मात्रै हुन्छ चारैतिर*
*हरियाली र फूलहरू रङ्गीचङ्गी*
*नेपालमा जस्तो छैन त्यहाँ*
*बल्ल बल्ल एक बाली मात्र*
*हुन्छ मेहनत धेरै चाहिन्छ !*

नेपालको दृश्य चारैतिर अवलोकन गरी एक रुसी गणतन्त्रका राष्ट्रपतिले आँखाभरि आँसु राख्दै सोध्छन् - राज, नेपालको तीन बाली कहाँ जान्छ ? विदेशी सहायता नेपाललाई किन चाहिन्छ ? त्यो कहाँ जान्छ ?

प्रिय तृप्ति, म भए भन्ने थिएँ -

*जसरी पानी बग्छ - उत्तरबाट दक्षिण*
*त्यसरी नै हाम्रो धन, मेहनत र रगत*
*दक्षिणी नै बग्छ - थाहै नपाई*
*सुगौली सन्धिपछि आजसम्म !*

तर तृप्ति, नयाँ विदेशी मानिसले सोध्न सक्छ, "के नेपालमा राजनीतिक दलहरू छैनन् ? के तिनीहरू राजनीतिक शिक्षा दिँदैनन् ?" आज भए जनताले जवाफ दिन्थे तृप्ति - "हाम्रा शासक दलका नेताहरू आफै विदेशी शोषकहरूका अह्रौटे परौटे हुन् !"

अँ, अस्ति कुरा गर्दै थिए केही बुद्धिजीवीहरू राजधानीकै एक कुनामा 'रुस हेर्दा नेपाल सयौँ वर्षपछि छ - निर्माणमा ! अमेरिका र रुसको तुलनामा एउटा सलाई बट्टा हो रे ! सुन्दरता छैन केही !

तृप्ति, मेरो कलमलाई आज बिदा देऔँ, अरू कुरा अर्को पत्रमा !

*माया गर्ने दाजु*

......................

बिजुलीको सुरक्षित प्रयोग गरौं ।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३